www.khojtalashonline.com

# खोजतलास

राष्ट्रिय साप्ताहिक

वर्ष २६ अंक २६ ◆ २८ बैशाख २०८०, बिहीबार (11 May, 2023 Thursday) ◆ नेपाल सम्बत ११४३ मूल्य रू २०/-

## छ करोड पत्नीले लिएको अडियो सार्वजनिकपछि बालकृष्ण खाँड पक्राउ





काठमाडौं । नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाली कांग्रेसका नेता तथा पूर्व गृहमन्त्री बालकृष्ण खाणसहित उनका स्वकीय सचिव नरेन्द्र केसी पक्राउ परेका छन् ।

खाणलाई बुधबार बिहान घटनाको अनुसन्धान गरिरहेको महानगरीय प्रहरीको विशेष टोलीले उनकै निवासबाट पक्राउ गरेको हो । अनुसन्धान टोलीले खाण र उनका सहयोगी स्वकीय सचिव केसीलाई पक्राउ गरेको हो । केसी गृहमन्त्रीका सहयोगीका रुपमा सक्रिय रहेका थिए ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा समातिएका अभियुक्तहरूले खाणपत्नी मञ्जुलाई ६ करोड रुपैयाँ बुझाएको अडियो बाहिरिएको थियो । यद्यपी त्यो अडियोको

बाँकी सातौं पृष्ठमा

# प्रचण्ड सरकार ढाल्न यस्तो चलखेल

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढाल्न ठूलै शक्ति लागेको छ । उनी स्वयंले यसको छनक पाएर त्यस्तो खतरा औंल्याइसकेका छन् । प्रचण्डको अहिलेसम्म भारत भ्रमण टुंगो छैन । आज हुन्छ भोलि हुन्छ भन्दाभन्दै समय घर्किइसकेको छ । उनको सरकार नै धरमराइसकेको विश्लेषण भइरहेको छ । त्यसैले पनि प्रचण्डले हाइप्रोफाइल भ्रष्टाचारीको फाइल खोलेर आफ्नो कार्यकाललाई स्वर्णिम बनाउन खोजेका छन् । यसले सत्ता ढाल्न खोज्ने जो कसैको सातो गएको छ ।

त्यसो त प्रचण्डलाई सांसदहरुको समर्थन निरन्तर घट्दो छ । १० पौषमा उनी बहुमत सांसदको समर्थन पाएसँगै प्रधानमन्त्री नियुक्त भएका थिए । पहिलो पटक विश्वासको मत लिंदा २ जना सांसद बाहेक सबैको समर्थन लिन सके । प्रचण्डले फेरि सत्ता समिकरण बदले । नेकपा एमालेसँगको गठबन्धन तोडे । त्यसपछि सरकारसँग रहेको बढी सांसदहरुको समर्थन पनि घट्न पुग्यो । नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी प्रतिपक्षमा पुग्यो । प्रचण्डले फेरि विश्वासको मत लिए । उनलाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमोर्चा नेपालको मात्र नभई राष्ट्रिय स्वतन्त्र पार्टीको पनि समर्थन प्राप्त भयो ।

प्रचण्डले १० पौषमा प्रधानमन्त्री भएपछि विस्तारै सांसदहरुको समर्थन बढाउन सकेका थिए । यतिसम्मकी सरकार बाहिरबाट पनि भारी समर्थन प्राप्त भयो ।

२६ पौषमा प्रचण्डले २७५ सदस्यीय संसदमा २६८ सांसदको समर्थन पाएका थिए । २ जना मात्र विपक्षीमा थिए । ६ चैत्रमा विश्वासको मत लिंदा १७२ सांसदबाट विश्वासको मत पाए । ८९ सांसद विपक्षमा उभिए । २२ वैशाखबाट भने सरकार बाहिरबाट समर्थन गरेको रास्वपाले समर्थन फिर्ता लिएको छ । अब प्रचण्ड सरकारलाई ९ दलको १५८ र २ स्वतन्त्र गरी १६० सांसदको समर्थन प्राप्त छ । विपक्षमा चार दलका

बाँकी सातौं पृष्ठमा



## प्रचण्डले हाइप्रोफाइल भ्रष्टाचारीलाई जेल कोच्ने

काठमाडौं । प्रधानमन्त्री प्रचण्ड भ्रष्टाचारीविरुद्ध आक्रामक बनेका छन् । उनले धमाधम भ्रष्टाचारीको फाइल खोल्न लगाएका छन् । हाइप्रोफाइल भ्रष्टाचारीलाई खोजीखोजी जेल कोच्ने गरी सक्रियता बढाएका छन् ।

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठूलो रकम उठाउने गिरोहसम्बन्धी अनुसन्धान जटिल

बाँकी सातौं पृष्ठमा

## आईजीपीको नाममा प्रहरीका सरूवा बढुवामा हावी हुँदै सुधाकर



काठमाडौं । ज्येष्ठताका आधारमा नेपाल प्रहरीको महानिरीक्षक नियुक्त भएका बसन्तबहादुर कुँवरलाई संगठनभित्र राम्रो छवि भएका अधिकृतका रुपमा लिने गरिन्छ । तर, पदमा पुगिसकेपछि आफ्ना वरिपरि कस्ता मानिस झुम्मिरहेका छन्, तिनले के के गलत फाइदा उठाइरहेका छन् भन्ने हेक्का उनले राख्न सक्दारहेनछन् भन्ने कुरा हालै जिल्ला प्रहरी कार्यालय गुल्मीको भवन उद्घाटनदेखि जन्म जिल्ला अर्घाखाँचीलगायतको भ्रमणमा उनीसँग कुम जोडेर हिंड्ने एकाध पात्रको चुरीफुरीले देखाएको छ ।

आईजीपी गुल्मी जाँदा सोही कार्यक्रममा गएका सुरक्षा न्युज नेटवर्कका पत्रकार मदनबाबु भण्डारी फर्किदाँ भने घर जानै नपाइ काठमाडौं विमानस्थलबाटै पक्राउ परे । सरकारी कागजात कीर्ते गरेको उजुरीको आधारमा भण्डारीलाई पक्राउ गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । त्यस्तै पत्रकारको भेषका बिचौलिया राजेश बुढाथोकी पनि गुल्मी गएका थिए । राजेश सुधाकरका रुपमा चिनाउने उनी यसअघिका आईजीपी धिरजप्रताप सिंहको कार्यकालमा चर्चामा आएका थिए ।

राजेशको जन्मदिनमा तत्कालीन आईजीपी सिंह नै उच्च प्रहरी अधिकारीहरुको बथान बोकेर नेपाल पुलिस क्लव भृकुटीमण्डपमा केक काट्न गएको बिषय आलोचित भएको थियो । तिनै सुधाकर हालका आईजीपी बसन्त कुँवरको नाममा प्रहरीका सरुवा बढुवामा हावी हुने गरेका छन् । कुँवर आईजीपी नियुक्त भएपछि दही खुवाएका तस्वीर समेत सुधाकरले सामाजिक संजाल फेसबुकमा राखेका थिए । सुधाकरको आइजीपी निवासमा सहजै पहुँच रहेको उनले दही खुवाएको घटनाबाटै देखिएको छ । आईजीपी कुँवरसँग कुममा कुम

बाँकी सातौं पृष्ठमा

# कांग्रेसमा फुटको कालो बादल मडारिंदै



काठमाडौं । नातावाद, कृपावादले नेपाली काँग्रेस थलिएको छ । नेतृत्व जे गर्दा पनि जनताले सहन्छन् भन्ने भ्रममा पर्दा कार्यकर्ता नै धमाधम काँग्रेस छाड्न थालेका छन् । यसले नेपालमा लामो इतिहास बोकेको पार्टी नेपाली कांग्रेसमाथि नयाँ संकट देखिएको छ । नयाँ दल तथा स्वतन्त्रहरुको पक्षमा लहर आउँदा काँग्रेसमा पहिरो जान थालेको छ । यस्तो अवस्था बीच महामन्त्री गगन थापाले पार्टी नेतृत्वलाई दिएको चेतावनीले तरंग ल्याएको छ ।

नेपाली काँग्रेसले चितवन र तनहुँ जस्तो आधार इलाका मानिएको क्षेत्रमा नराम्रो धक्का खायो उपनिर्वाचनमा । उसका स्थानीय कार्यकर्ताहरुले विद्रोह गर्दै धमाधम पार्टी छाड्न पुगे । नातावाद, कृपावाद, धन र बाहुबलीको राजनीति हावी हुँदा काँग्रेसमा विद्रोहको लहर नै आउने खतरा देखिइसकेको छ । यसलाई रोक्न सभापति शेरबहादुर देउवाले ठोस कदम चाल्न डाकेको बैठकमा गगन थापाले आक्रोश पोखे । उनले सामाजिक सञ्जालमा अति भइसकेको भन्दै कडा कदम चाल्ने चेतावनी समेत दिए । थापाको पछिल्लो अभिव्यक्तिले राजनीति थप तरंगित बनेको छ । आइतबार बेलुकी सामाजिक सञ्जालमा पार्टी

बाँकी सातौं पृष्ठमा

## मन्त्रीमा देउवा र कोइरालाको एकलौटी



काठमाडौं । नेपाली कांग्रेसका दुई शीर्ष नेताले सरकारमा मन्त्री पठाउँदा आ-आफ्नो समूहमा एकलौटी गरेका छन् । सभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइरालाले सरकारमा मन्त्री पठाउँदा आ-

बाँकी सातौं पृष्ठमा

## चीनद्वारा नेपाली पर्यटन व्यवसायीको पेटमा लात

काठमाडौं । कोरोनापछि नेपाली पर्यटन व्यवसायीका लागि आशा गरिएको क्षेत्रमा धक्का पुग्ने देखिएको छ । विशेषगरी नेपालको बाटोबाट तिब्बतको कैलाश मानसरोबरको यात्रामा पर्यटन व्यवसायी मनग्गे कमाई हुने आशामा थिए । तर, चीनले कैलाश मानसरोवर यात्रालाई कठिन बनाइदिए पछि समस्या देखिएको हो ।

भीसालगायत विभिन्न शुल्क वृद्धिका साथै प्रवेश कडाई गरेपछि नेपाली र विदेशीका लागि यात्रा कठिन बनाएको हो । विशेषगरी भारतीय तीर्थ यात्रीलाई लक्षित गरी नयाँ नियमहरु ल्याएको छ । कडा नियम बनाएर चीनले भारतका तीर्थ यात्रीलाई रोक्न खोजेको विश्लेषण हुन थालेको छ । ट्राभल एजेन्सीहरुले यात्रीका लागि नियम सहज बनाउन पहल थालेका छन् । ट्रेकिङ एजेन्सी एशोशिएसन अफ नेपाल र एशोशिएसन अफ कैलाश टुर अपरेटर्स नेपालले चिनियाँ राजदूत चेन सोङलाई ध्यानाकर्षण पत्र समेत पठाएका छन् ।

यतिसम्मकी चीनले भारतीय तीर्थयात्रीका लागि यात्रा शुल्क अन्य देशका पर्यटकको भन्दा बढी राखेको विषय ध्यानाकर्षण पत्रमाउल्लेख छ । भारतका पर्यटक तिब्बत जाने अनुमतिका लागि नयाँ दिल्लीमै भीसा


बाँकी सातौं पृष्ठमा

## राष्ट्रपतिलाई फकाउन आचार्यलाई मन्त्री

काठमाडौं । राजनीति निरन्तरतासँगै भाग्यको पनि खेल हो । त्यस्तै भएको छ सुरेन्द्र आचार्यको जीवनमा । लुम्बिनी प्रदेशमा अघिल्लो प्रदेश संसदको कार्यकालमा राज्यमन्त्रीसम्म बनेका सुरेन्द्र आचार्यले छलाङ मारेका छन् । उनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनाइएका छन् । उनलाई वफादारीको पुरस्कार मिलेको छ मन्त्री पद । काँग्रेसले ८ मन्त्रालय मात्र पाउने भनिएकोमा आचार्यलाई पनि थपिनुमा ठूलै रहस्य छ । नागरिकता विधेयक पारित गर्ने प्रचण्डको रणनीतिअन्तर्गत

बाँकी सातौं पृष्ठमा

## दर्ता नै नभएको भीआईपी स्पा एण्ड हेल्थ क्लवमा खुलेयाम यौन धन्दा



काठमाडौं । दर्ता नै नगरी अबैध बाटो अप्नाई बालबालिकालाई प्रयोग गर्दै बौद्धस्थित बहुनधारामा भीआईपी स्पा एण्ड हेल्थ क्लव संचालन हुँदै आएको समाचार खोजतलासले पत्ता लगाएको छ ।

दर्ता नै नभएको सो स्पामा कलिला १७ वर्ष मुनिका किशोरीहरुलाई प्रयोग गरी सामाजिक सञ्जाल टिकटक लाइभमा देखाई ग्राहकलाई लोभ्याई भीआईपी स्पामा यौन धन्दा संञ्चालन भइरहेको तथ्य खुल्न आएको हो । यसरी खुल्लम खुल्ला दर्ता नै नगरी कलिला बालबालिकादेखि लिएर किशोरीहरुलाई प्रयोग गर्दै यौनजन्य गतिविधि गराउँदै आएको सो स्पालाई किन कारबाहीको दायरामा ल्याउने निकायले चासो देखाएको छैन ? कतै स्पाका संचालकले कारबाही गर्ने निकायका अधिकारीहरुलाई स्पाको मज्जा दिलाउनुका साथै हप्ते बुझाएरै उनीहरुले कानमा तेल हालेर बसेका त होइनन् भन्ने प्रश्न उठेको छ ।

बाँकी सातौं पृष्ठमा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

CTEVT बाट मान्यता प्राप्त यस शंकरापुर एकेडेमीमा, SEE परीक्षा दिएर बस्नुभएका सम्पूर्ण विद्यार्थीहरुलाई ३ बर्षे HA, LAB, Nursing, Pharmacy, Radiography लगायतका विभिन्न विषयका प्रवेश परीक्षाको तयारी कक्षाहरु संचालन हुने भएकोले समयमै सम्पर्क राखि आफ्नो स्थान सुरक्षित गर्नुहुन अनुरोध गरिन्छ ।

हाम्रो विषेशताहरू:

- Scholarship प्रदान गरिने Send Up Toppers, दलित, जनजाति र पिछडिएकाको लागि ।
- अनुभवी तथा दक्ष शिक्षकहरु
- सुविधा सम्पन्न यथेष्ट कक्षाकोठाहरु
- CTEVT लगायत विभिन्न मान्यता प्राप्त Board का Model–Tests हरु
- हप्ताको एक दिन Test कक्षा संचालन
- दैनिक ३ घण्टा कक्षा संचालन
- हरेक हप्ता विद्यार्थीको पढाईको Evaluation & Feedback

यस शंकरापुर एकेडेमीमा CTEVT द्वारा मान्यता प्राप्त ३ वर्षे डिप्लोमा कोर्षहरु : HA / Lab / Nursing / Pharmacy / Radiography उपलब्ध छन् ।

Note: साथै विद्यार्थीहरुलाई यस ३ वर्षे डिप्लोमा कोर्ष पश्चात स्नातक तहमा कुन डिप्लोमा कोर्ष पछि कुन कोर्ष पढ्न पाईने जानकारी यस प्रकार गरिएको छ ।

Our Programs

- Diploma in Pharmacy (D. Pharm)
- Diploma in General Medicine (HA)
- Certificate in Medical Lab Technician (CMLT)
- Diploma in Nursing (PCL Nursing)
- Diploma in Radiography

4 Years Bachelors Course

- B. Pharm
- MBBS
- BMLT
- BN
- BMIT

SHANKARAPUR ACADEMY Estd. 2064

शंकरापुर एकेडेमी प्रा. लि.

सातदोबाटो, ललितपुर

फोन नं: ०१-५५५५५५३,५५५५५५०,९८४३२३३३६७

"गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता"

का.जि.का.द.नं. ५३/०५४/०५५

खोजतलास
राष्ट्रिय साप्ताहिक

# आईजीपी अर्याल आएपछि कसरी फेरियो सशस्त्र प्रहरी ?

काठमाडौं । कहिले सेना त कहिले प्रहरी जस्तो बन्न खोजेको आरोप खेप्दै आएको सशस्त्र प्रहरी बल बल्ल आफ्नो पहिचान स्थापित गर्ने बाटोमा अघि बढेको छ । नेतृत्व परिवर्तनसँगै पछिल्लो एक वर्षमा सशस्त्र प्रहरी बलले देशको एउटा अब्बल सुरक्षा संगठनको रुपमा आफूलाई अघि बढाएको छ ।

आईजीपी राजु अर्यालले सशस्त्र प्रहरीको नेतृत्व सम्हालेको ठिक एक वर्ष पुगेको छ । नेतृत्वले चाहेमा कति धेरै सुधार र परिवर्तन सम्भव छ भन्ने कुरा उनले देखाएका छन् । सङ्गठनभित्र आन्तरिक वृत्ति विकासदेखि संस्थागत सुधार र संरचनागत कार्यहरूमा एक वर्षमा सशस्त्र प्रहरीले ऐतिहासिक फड्को मारेको छ ।

राजनीतिक हस्तक्षेपले सुरक्षा संगठन कमजोर बनेको आरोप लाग्दै आएको छ । तर, संगठनको नेतृत्व सक्षम हुने हो भने राजनीतिक हस्तक्षेपबाट सङ्गठनलाई जोगाउन सकिन्छ भन्ने सशस्त्र प्रहरीले पछिल्लो एक वर्षमा पुष्टि गरेको छ । सशस्त्र प्रहरीको सरुवामा राजनीतिक हस्तक्षेप ९० प्रतिशतले कम भएको छ भने बढुवामा पनि केही त्यसैगरी सुधार गर्न लागिएको छ ।

सरुवालाई सिस्टमसमा ल्याएपछि अनावश्यक चलखेल लगभग बन्द भएको छ । गत साउनदेखि सशस्त्र प्रहरी बलमा कमान्डका लागि पूर्वानुमान सूची प्रकाशन गर्न थालिएको छ । जसअनुसार एक वर्षमा को-को कमान्डरका रुपमा खटिन्छन् भनेर सार्वजनिक हुन्छ । त्यस्तो सूची ज्येष्ठता र कमान्डको पालोका आधारमा तय हुन्छ ।

कमान्डरमा सरुवा गर्ने बेलामा त्यही सूचीभित्रका मात्र पर्ने भएकाले राजनीतिक हस्तक्षेपले काम गर्दैन । जसकारण सरुवाका लागि नेताको दैलो धाउनुपर्ने प्रवृत्ति लगभग अन्त्य भएको छ ।

यो सामान्य कामजस्तो देखिएपनि संगठनको सुदृढीकरणमा निकै महत्वपूर्ण हुने सशस्त्र प्रहरी अधिकारीहरू बताउँछन् । यसले एकातर्फ 'चेन अफ कमान्ड' बलियो भएको छ । दोस्रो, सङ्गठनका राम्रा अधिकृतहरूले अवसर पाउन थालेकाले कर्मचारीको मनोबल बढेको छ । तेस्रो, सरुवामा हुने चलखेल रोकिने भएकाले देशको सुरक्षा पनि बलियो हुनेछ ।

'विगतमा सीमा क्षेत्रमा जानेहरू अग्रिम घुस बुझाएर जान्थे,' एक अधिकारी भन्छन्, 'अहिले आफ्नो पालोमा जान्छन्, त्यसकारण बुझाउनु नपरेपछि कमाउनु पनि परेन, सीमा क्षेत्रमा तस्करी नियन्त्रण प्रभावकारी हुन थालिसकेको छ ।' तर, कमान्डर सुध्रिएपनि तल्लो तहमा अपेक्षित सुधार आउन नसकेकाले ठूलो परिवर्तन तत्काल नदेखिएको ती अधिकारी बताउँछन् ।

साथै पछिल्लो समय बोर्डर आउटर पोष्ट(बिओपी)को इन्चार्ज प्रमुख ६-६ महिनामा परिवर्तन गर्न थालिएको छ । लामो समय भन्दा छोटो समयमा फेरबदल हुँदा सुरक्षा प्रभावकारी हुने आधारमा यसरी ६ महिना बनाइएको सशस्त्र प्रहरीका प्रवक्ता एसएसपी राजेन्द्र खड्का बताउँछन् ।



त्यस्तै, सीमा क्षेत्रमा सशस्त्र प्रहरीले सीमा सुरक्षा गुल्म बनाएर डिएसपीलाई खटाउन थालेको छ । ४५ वटा बिओपीलाई गुल्ममा स्तरोन्नति गरी डीएसपी खटाइएको छ । यसअघि बिओपी इन्चार्ज हुने इन्स्पेक्टर तथा सइले सिधैं एसपीलाई ब्रिफिङ गरिनुपर्दथ्यो । एक एसपीले १८ वटासम्म बिओपी हेर्नुपर्दा समस्या भएको थियो । अब सीमा गुल्मको प्रमुख हुने डिएसपीले आसापासका बिओपीको पनि निरीक्षण गर्ने भएकाले सीमा सुरक्षा प्रभावकारी हुन थालेको छ ।

'बर्ड' अवधारणामा संगठन

अर्धसैन्य संरचनाको यो सङ्गठनलाई नयाँ नेतृत्वले बर्ड (बोर्डर, इन्टरनल सेक्युरिटी, राइट कन्ट्रोल एण्ड रेभिन्यु तथा डिजास्टर म्यानेजमेन्ट)को अवधारणामा अघि बढाएको छ ।

सङ्गठनका मुख्य प्राथमिकताहरू प्रस्ट रूपमा तय गरी 'बर्ड' अवधारणा कार्यान्वयन गरिएको सशस्त्र प्रहरी बलले जनाएको छर । जसको पहिलो प्राथमिकतामा सीमा सुरक्षालाई राखिएको छर । दोस्रोमा आन्तरिक सुरक्षा, तेस्रोमा भिड नियन्त्रण र राजश्व संकलन र चौथोमा विपद् व्यवस्थापन छन्र । विपद् व्यवस्थापनमा पनि सशस्त्रले दक्ष गोताखोर उत्पादन गरी सबै प्रदेशमा परिचालन गरेको छर ।

सीमा सुरक्षा र विपद् व्यवस्थापनको मुख्य जिम्मेवारी तय गरी सशस्त्र प्रहरी बलले अधिकृत तहका कर्मचारीलाई यससम्बन्धी तालिम पनि अनिवार्य गरेको छर । त्रिभुवन विश्वविद्यालयबाट स्वीकृति लिएर सशस्त्र प्रहरी प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा यससम्बन्धी पीजीडी पढाइ तथा तालिम सुरु हुन लागेको होर ।

सीमा सुरक्षामा सङ्गठनमा केन्द्रित गर्न सशस्त्र प्रहरीले पोस्ट ग्रेजुएट डिप्लोमा तहको सुरक्षा तथा विपद् व्यवस्थापन पढाइ सुरु गर्न लागेको छर । सीमा सुरक्षा र विपद् व्यवस्थापन केन्द्रित आठ महिना लामो कोर्स इन्स्पेक्टरबाट डीएसपी बढुवाका लागि अनिवार्य गर्न लागिएको छर ।

हाल इन्स्पेक्टरका लागि अनिवार्य गरिएको तीन महिने कम्पनी कमान्डर तथा स्टाफ तालिमलाई यसमै मर्ज गरी नयाँ कोर्स तय गरिएको होर । ऐनले दिएको कार्यादेशअनुसार सीमा सुरक्षा, आन्तरिक सुरक्षा तथा विपत् व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्न यो कोर्स सुरु गर्न लागिएको सशस्त्र प्रहरीले जनाएको छर ।

सीमा सुरक्षालाई संस्थागत रुपमा प्रभावकारी बनाउने सशस्त्र प्रहरीमा सीमा स्रोत तथा अध्ययन केन्द्रको स्थापना गरिएको छर । सीमा विभागअन्तर्गत यस्तो केन्द्र स्थापना भएको होर । सीमासम्बन्धी सूचनाको हब निर्माण गर्ने उद्देश्यले यस्तो सेन्टर स्थापना गरिएको सशस्त्र प्रहरी प्रवक्ता खड्काले बताएर । यस्तो सेन्टरमा बस्ने कर्मचारीलाई हालै विशिष्टीकृत तालिम दिइएको छर । यस्तो केन्द्रमा सीमासम्बन्धी हरेक सूचना राखिनेछन् ।

कुनै पनि सीमानाकाको चुनौती तथा त्यहाँ विगतमा भएका घटनाको समेत एकीकृत विवरण राखी यस्तो केन्द्र स्थापना भएको होर । संगठनलाई सीमा सुरक्षाको डेडिकेटेड फोर्सका रुपमा अघि बढाउने योनजाअनुसार यी कामहरु गरिएको सशस्त्र प्रहरीले जनाएको छ । सीमा सुरक्षामा जनशक्तिका साथै प्रविधिको समेत उच्चतम प्रयोग बढाउन लागिएको प्रवक्ता खड्काले जानकारी दिए ।

आइजिपी अर्यालको अर्को सफलता भनेको घुमुवा बिकृतीको नियन्त्रण हो । हाल विशेष अवस्थामा बाहेक सादा पोशाकमा प्रहरी खटाउन रोक लगाइएको छ ।

बिएमआईको कार्यान्वायन, अनलाइनबाटै बिदा, हिमाली क्षेत्रमा कार्यरत कर्मचारीलाई त्यहीअनुसारको पोशाकको व्यवस्था, राजश्व संकलनमा बृद्धि, प्रति आतंकवाद सेलको स्थापना, कर्मचारीलाई टेलि मेडिसिन सेवा, सशस्त्र प्रहरी अस्पतालको सुदृढीकरण, मालीमा एफपियु मिसनको अन्तिम तयारी, शान्ति मिसनको छनौटमा पूर्ण पारदर्शीता आइजिपीका एक वर्षे उपलब्धि हुन् ।

एकैदिन २१ बिओपी स्थापना

सशस्त्र प्रहरी बलले भारतसँगको सीमामा एकैदिन २१ वटा बोर्डर आउटर पोस्ट (बिओपी) थपेको छ । पछिल्लो समय देशमा राजश्व घटेपछि चोरी पैठारी नियन्त्रणका लागि सशस्त्र प्रहरीले बिओपी स्थापना गरेको हो ।

बैशाख १८ गते सोमबार आयोजित पत्रकार सम्मेलनमा सशस्त्र प्रवक्ता एसएसपी राजेन्द्र खड्काका अनुसार सीमामा सशस्त्र प्रहरीको बिओपीको संख्या दुई सय ४९ पुगेको बताएका छन् ।

विगत एक वर्षदेखि सशस्त्र प्रहरीमा बिओपी विस्तार हुन सकेको थिएन । जनशक्ति थप नभएकाले बिओपी विस्तार रोकिएको थियो । सीमामा पाँच सय वटा बिओपी स्थापना गर्ने सरकारको लक्ष्य छ । अहिले देशको फरक अवस्था रहेकाले पहाडी जिल्लामा कार्यरत जनशक्तिलाई तानेर सीमामा खटाउन थालिएको हो ।

दार्चुलाको सुनसेरा तथा बर्दिया, दाङ, बारा, सुनसरी र झापामा नयाँ बिओपी थपिएको हो । सुरक्षाका दृष्टिकोणले बढी संवेदनशील क्षेत्रमा बिओपी थप गरिएको सशस्त्र प्रहरीले जनाएको छ । साथै, दार्चुलाको तिंकर नाकामा पनि केही दिनमै बिओपस् स्थापना गर्न लागिएको छ ।

सरकारले चालू आर्थिक वर्ष एक सय २० वटा बिओपी स्थापना गर्ने नीति तथा कार्यक्रममा राखे पनि त्यसका लागि बजेट नदिएपछि विस्तार रोकिएको थियोर । बिओपी थपका लागि सशस्त्र प्रहरीले चार हजार दुई सय दरबन्दी थपको प्रस्ताव गरेको थियोर । बजेट अभाव देखाउँदै सरकारले दरबन्दी थप नगरेपछि सशस्त्र प्रहरीले पहाडी जिल्लाका जनशक्तिलाई तराईमा खटाउन थालेको छर । देशलाई समस्या परेका बेला जनशक्ति थप नभए पनि भएकैबाट मिलाएर बिओपी विस्तारमा सशस्त्र प्रहरी लागेको हो ।

करिब ३६ हजार जनशक्ति रहेको सशस्त्र प्रहरी ७७ जिल्लामै छरिएको छ । सीमा सुरक्षादेखि विशिष्ट व्यक्तिको सुरक्षासम्मको जिम्मेवारी हुँदा दरबन्दी अपुग भएको छर ।

दरबन्दी थप नगरे पनि सरकारले सीमामा बिओपीको कार्यालय तथा ब्यारेक बनाउन एक अर्ब ७५ करोड रुपैयाँ बजेटको सुनिश्चितता भने दिएको छर । जसअनुसार एक सय एक बिओपीको भवन बन्नेछन् र । हाल अधिकांश बिओपी अरूको घर तथा टहरामा रहँदै आएका छन् ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले स्रोत साधनको अभावकाबीच सशस्त्र प्रहरी सीमा सुरक्षामा कटिबद्ध भएर लागेको बताएका छन् । सोमबार सशस्त्र प्रहरी मुख्यालयमा पत्रकारसँग बोल्दै उनले सुविधा नखोजी सशस्त्र प्रहरी देशको आवश्यकताअनुसार खटिएको बताए ।

'टेन्ट र टहरामा बसेर भएपनि सशस्त्र प्रहरी सीमा सुरक्षामा प्रतिबद्ध छ,' उनले भने,' त्यही कारण देशलाई आवश्यक परेको बेला जनशक्ति थप नहुँदा पनि हामीले बिओपी विस्तार थालेका छौं ।'

सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीलाई आधारभुत सुविधाको समेत अभाव रहेको त्यसका बाबजुत सशस्त्रले सीमामा उत्कृष्ट काम गर्दै आएको उनको भनाइ छ ।

संगठनको वृत्ति विकास योजनामा पनि आफु लागिपरेको उनको भनाई छ । 'इन्सपेक्टरहरू १७ वर्षसम्म एउटै पदमा छन्,' उनले भने,'वृत्ति विकासमा देखिएको समस्या समाधानका लागि हामीले करिअर प्लानिङ बनाइरहेका छौं ।'


## !! कठघरामा लेराऔ !!

देश चलाउनेहरुको हेरौं ब्यस्तता !
अनुहारबाटै प्रष्ट हुन्छ अबस्था !!

यस्तैलाई भनिदो रहेछ राम्रो ब्यबस्था !
आयो पोल खोला खोलको अबस्था !!

राणा फाल्यौ पञ्चायत फाल्यौ राजा फाल्यौ !
हामीहरुले नै देशलाई यो अबस्थामा लेरायौ !!

अनियमितता र भ्रष्टाचार उत्कर्षमा पुऱ्यायौ !
हामीहरुले देशको अबस्था हेर कस्तो बनायौ !!

कलियुगका मानिस अलि अलि लोभ गऱ्यौ !
दोषिलाई ढाक छोप गरी अब गुपचुप नगरौं !!

आफ्ना मानिस पो परेकि भनेर मुख नबिगारौं !
जो सुकै किन नहोस् कानुनका कठघरामा लेराऔं !!



**सनतकुमार थापा**
*धापाखेल, ललितपुर*





खोजतलास मिडिया प्रा.लि.का लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **भरत महर्जन**, निर्देशक : **अमिता लक्ष्मी श्रेष्ठ (सैंजु)**, प्रधान सम्पादक **राजु बस्नेत**, सम्पादक : **शशी कोइराला**, कार्यकारी सम्पादक : **रूपक शाक्य**
कार्यालय : सातदोबाटो, ललितपुर, फोन : ०१५५५५५५५ इमेल : khojtalashdainik@gmail.com, वेवसाइट : www.khojtalashonline.com, मुद्रक : ई. प्रेस प्रा.लि., शान्तिनगर–३१

# पशुपति मन्दिरको नाममा पाइला–पाइलामा आर्थिक अनियमितता

काठमाडौं । हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र पशुपतिनाथ मन्दिरको नाममा पाइला-पाइलामा आर्थिक अनियमितता हुने गरेको तथ्यहरू सार्वजनिक सार्वजनिक हुँदै आइरहेका छन् ।

पशुपतिनाथ मन्दिरको नियामक निकाय पशुपति क्षेत्र विकास कोषका नेतृत्व र कर्मचारीको मिलेमतोमा हरेक काममा अनियमितता हुँदै आएको छ । पछिल्लो समय 'धर्मशाला'को नाममा समेत आर्थिक अनियमितता भएको तथ्य फेला परेको छ ।


गौशालाबाट पशुपतिनाथ मन्दिरतर्फ जाँदा ओरालो सकिएपछि एक धर्मशाला भेटिन्छ । त्यो धर्मशालाको नाम 'वनकाली धर्मशाला' । सोही धर्मशालाको नाममा समेत पशुपति क्षेत्र विकास कोषका नेतृत्व र कर्मचारीले आर्थिक अनियमितता गरेको पाइएको छ ।

कोषले वनकाली धर्मशालालाई २०६८ माघ १ गतेबाट पाँच वर्षका लागि देवी कन्सल्टेन्सी प्रा.लि.लाई भाडामा दिएको थियो । कोष र देवी कन्सल्टेन्सीबीच भएको सम्झौताअनुसार कन्सल्टेन्सीले मासिक २ लाख ५१ हजार ५५५ रुपैयाँ भाडा तिर्नुपर्ने थियो । तर, अहिलेसम्म देवी कन्सल्टेन्सीले कोषलाई एक रुपैयाँ पनि बुझाएको छैन । आश्चर्यको कुरा के छ भने पाँच वर्षसम्म व्यवसाय गरेको देवीलाई कोषका पदाधिकारीले एक पैसा पनि नलिई उन्मुक्ति दिएका छन् ।

कोष र देवी कन्सल्टेन्सीबीच पाँच वर्षका लागि भएको सम्झौता पुस मसान्त २०७३ मा समाप्त भयो । यो अवधिसम्ममा देवी कन्सल्टेन्सीले कोषलाई सम्झौताअनुसार भाडा बापत १ करोड ८१ लाख ११ हजार ९६० रुपैयाँ बुझाउनुपर्ने थियो । तर, कोषले एक पैसा पनि नलिई देवीलाई उन्मुक्ति दिएको छ ।

कोष र देवीबिच दोस्रो वर्ष १०, तेस्रो वर्ष २०, चौंथो वर्ष ३० र पाँचौं वर्ष ४० प्रतिशत भाडा वृद्धि गर्ने सम्झौता भएको थियो । सम्झौताअनुसार पाँच वर्षमा देवी कन्सल्टेन्सीले कोषलाई बुझाउनुपर्ने रकम १ करोड ८१ लाख ११ हजार ९६० रुपैयाँ हुन्छ ।

कोष र देवी कन्सल्टेन्सीबीच भएको सम्झौताको १९ नम्बर सर्तमा भाडा तिर्ने समय र समयमा नतिरे जरिवाना तथा सम्झौता खारेजीसम्मको व्यवस्था गरिएको छ ।



सम्झौताअनुसार देवीले महिनाको ७ गतेभित्र भाडा तिर्नुपर्ने छ । ७ गते भुक्तानी नगरे सोही महिनाको २५ गतेभित्रमा १० प्रतिशत जरिवानासहित भुक्तानी गर्ने र २५ गते पनि भुक्तानी नगरे कोषले एक्लौटी ढङ्गले सम्झौता तोड्न सक्ने सम्झौतामा उल्लेख छ ।

भाडा असुलबारे यसरी सम्झौतामै अति कडा व्यवस्था गरिए पनि कोषका पदाधिकारी र कर्मचारीले पाँच वर्षसम्म एक रुपैयाँ पनि भाडा नलिई देवी कन्सल्टेन्सीलाई व्यवसाय गर्न दिएको देखिन्छ ।

देवीसँगको सम्झौतामै स्पष्टसँग भाडा उठाउनेबारे उल्लेख गरिए पनि कोषका पदाधिकारी र जिम्मेवार कर्मचारीले आर्थिक चलखेलका आधारमा भाडा नउठाएको आरोप लाग्ने गरेको छ ।

देवी कन्सल्टेन्सीलाई भाडा नउठाई उन्मुक्ति दिएका कोषका पदाधिकारीले सरकारलाई समेत गुमराहामा राखेको भेटिएको छ । कोषका तत्कालीन कार्यकारी निर्देशक रमेश उप्रेतीले २०७४ बैशाख १३ गते भाडा बापत एक रुपैयाँ पनि नबुझाएको देवी कन्सल्टेन्सीलाई तीन दिनभित्र सामान लैजान अनुमति दिन सिफारिस गरेका थिए । कार्यकारी निर्देशक उप्रेतीको सिफारिसलाई नै सदर गर्दै तत्कालीन सदस्य सचिव डा. गोविन्द टण्डनले बिना रोकतोक सामान लैजान अनुमति दिए ।

करोडौं रकम नबुझाएको देवीबाट भाडा बापतको रकम असुल गर्नुपर्नेमा रकम नै असुल नगरी सामान लैजान दिइएको घटनाले यहाँ ठूलो आर्थिक चलखेल भएको सहजै पुष्टि हुन्छ । त्यति मात्र होइन, कोषका तत्कालीन कार्यकारी निर्देशक उप्रेती र सदस्य सचिव टण्डनले सरकारलाई समेत गुमराहामा राख्ने काम गरेका छन् ।

२०७४ बैशाख १३ मा देवीलाई सामान लैजान अनुमति दिएको कोषले तीन महिनापछि अर्थात् २०७४ असार २३ गते 'सरकारी बाँकी सरह असुल उपर गर्नेतर्फ कारबाही गरिदिनु' भन्दै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखेको भेटिएको छ ।

त्यति मात्र नभएर, सम्झौता अनुसारको भाडा रकम र कोषले मन्त्रालयलाई असुल उपर गरिदिन भनी लेखेको पत्रको रकममा समेत फरक पाइएको छ । सिधा हिसाबमा देवीले कोषलाई तिर्नुपर्ने रकम १ करोड ८१ लाख ११ हजार ९६० रुपैयाँ हुन्छ । तर, कोषले भने १ करोड ३ लाख ९९ लाख ५९२ रूपैयाँ मात्र उठाउन बाँकी रहेको उल्लेख गरेको छ ।

कोष र देवी कन्सल्टेन्सीबीच भाडा सम्झौताको मितिमै समेत गडबड भेटिएको छ । सम्झौता पत्रमा दोस्रो पक्ष अर्थात् देवी कन्सल्टेन्सीको तर्फबाट गजेन्द्र थपलियाले २०६८ पुस २० गते हस्ताक्षर गरेका छन् । त्यसैगरी, कोषको तर्फबाट तत्कालीन कार्यकारी निर्देशक रमेश उप्रेतीले २०६८ पुस २२ गते अर्थात् दुई दिन पछि मात्र हस्ताक्षर गरेका छन् ।

यसबिचमा कोषले २०६८ पुस २५ गते देवीलाई पत्र लेखेर २०७९ पुस २० गतेको सम्झौताअनुसार धर्मशाला सञ्चालन गर्न कार्यादेश दिएको उल्लेख गरिएको छ । तर, पहिलो पक्ष अर्थात् कोषको तर्फबाट कार्यकारी निर्देशक उप्रेतीले दुई दिन पछि मात्र हस्ताक्षर गरेको भएपनि कोषले भने २०७९ पुस २० गतेलाई नै सम्झौता मिति मानेको छ ।

देवीलाई वनकाली भवन भाडामा दिने सन्दर्भमा आर्थिक लेनदेन नमिलेका कारण कोषका तत्कालीन कार्यकारी निर्देशक उप्रेतीले दुई दिनपछि मात्र सम्झौतामा हस्ताक्षर गरेको आरोप लाग्ने गरेको छ ।

धर्मशाला भाडामा लिएका व्यक्तिले भाडा नबुझाई सम्झौताको अवधि सकिएपछि कोषले यस विषयमा अध्ययन गर्न अध्ययन कार्यटोली गठन गरेको थियो ।

कोषका परिषद् सदस्य उद्धवप्रसाद बडालको संयोजकत्वमा गठित अध्ययन कार्यटोलीमा परिषद् सदस्य देवीप्रसाद बराल र पूर्णबहादुर जेठारा सदस्य छन् । अध्ययन टोलीले वनकाली धर्मशालासहित पर्यटन सूचना केन्द्र (प्राणनाथ क्याफे)समेतले भाडा नतिरेकोबारे अध्ययन गर्ने कार्यादेश पाएको थियो ।

कार्यटोलीले यी दुवै संरचना व्यावसायिक सञ्चालनका क्रममा सम्झौताअनुसार भाडा नतिरेकोबारे अध्ययन सकेर वर्तमान सदस्य सचिव डा. मिलनकुमार थापा संयोजक रहेको कार्यसम्पादन समितिलाई प्रतिवेदन बुझाइसकेको छ ।

अध्ययन कार्यटोलीले तयार पारेको प्रतिवेदन कोषको सञ्चालक परिषद् बैठकमा कारबाहीका लागि लैजाने कार्यसम्पादन समितिको बैठकले निर्णय गरेको थियो । तर, यो अनियमिततामा आफू पनि पार्ने डरले सदस्य सचिव थापाले सञ्चालक परिषद्को बैठकमा प्रतिवेदन लैजान नमानेको आरोप लाग्ने गरेको छ ।

वनकाली धर्मशाला भाडा प्रकरणमा तत्कालीन सदस्य सचिव डा. गोविन्द टण्डन, सोही समयका कार्यकारी निर्देशक रमेश उप्रेती, त्यसपछिका सदस्य सचिव डा. प्रदीप ढकाल, त्यो समयका कोषाध्यक्ष तथा हालका सदस्य सचिव डा. मिलनकुमार थापाको संलग्नता स्पष्ट देखिन्छ ।

वनकाली धर्मशाला भाडामा दिने निर्णय र सम्झौता टण्डन र उप्रेतीको पालामा भएको थियो । यी दुई, एक रुपैयाँ पनि भाडा नउठाई देवीलाई उन्मुक्ति दिएर पशुपतिबाट बिदा भए ।

त्यसपछि ढकाल सदस्य सचिव र थापा कोषाध्यक्षको जिम्मेवारीमा आए । उनीहरूले सम्झौताअनुसार भाडा उठाउनुपर्नेमा उल्टै राज्यलाई नै गुमराहामा राखेर देवी कन्सल्टेन्सीलाई उन्मुक्ति दिए ।

वनकाली धर्मशाला कोषले नै सञ्चालन गरेको अवस्थामा देश तथा विदेशबाट आउने दर्शनार्थीले सस्तो मूल्यमा खान र बास बस्न पाउने व्यवस्था थियो । तर, आर्थिक प्रलोभनमा परेर कोषका तत्कालीन नेतृत्व र कर्मचारीले दर्शनार्थीको सेवालाई लात मार्दै पैसा कमाउने योजनासहित भाडामा दिएका थिए ।

पाँच वर्षसम्म वनकाली धर्मशाला चलाएको देवी कन्सल्टेन्सी करोडौं कमाएर भागिसकेको छ । देवीले पैसा नतिरेको नाममा बन्द गरिएको धर्मशाला अहिले बन्द छ । धर्मशाला बन्द हुँदा देश विदेशबाट आउने पशुपतिका दर्शनार्थी महँगो मूल्य तिरेर होटलहरूमा बस्न बाध्य छन् ।

वनकाली धर्मशाला भाडामा दिने निर्णय र सम्झौता गर्ने तत्कालीन कार्यकारी निर्देशक रमेश उप्रेतीले पशुपतिनाथ मन्दिर आसपासमै भव्य होटल खोलेका छन् ।

धर्मशाला बन्द भएसँगै आजभोलि देश विदेशबाट आउने दर्शनार्थीलाई उप्रेतीकै होटलमा लैजाने गरिएको छ । स्रोतका अनुसार कोषका वर्तमान नेतृत्व र कर्मचारीसँग मिलेर उप्रेतीले पशुपति मन्दिर क्षेत्रमा आफ्नो होटलको प्रचार गर्न कर्मचारी खटाएका छन् ।

देवी कन्सल्टेन्सीले भाडा नतिरेपछि बन्द रहेको वनकाली धर्मशाला पुनः सञ्चालनका लागि कोषले आर्थिक वर्ष २०७९-८० मा बजेट विनियोजन गरेको थियो । तर, धर्मशाला पुनःनिर्माण र पुनः सञ्चालनका लागि बजेट विनियोजन भए पनि कोषले केही काम अगाडि बढाएको छैन ।

स्रोतका अनुसार वर्तमान कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा र सार्वजनिक खरिद महाशाखाका प्रमुख रेवतीरमण अधिकारी पुनः निर्माणका लागि दातृ निकायको खोजीमा जुटेका छन् ।

परिषद्ले पारित गरेको नीति तथा कार्यक्रमअनुसार धर्मशालाको पुनः निर्माण र पुनःसंचालनमा जुट्नुपर्नेमा अनियमितता गर्न सहज हुने भन्दै दातृ निकायको खोजीमा जुटेको आरोप लाग्ने गरेको छ ।

पशुपति क्षेत्र विकास कोषमा आर्थिक अभाव छैन । कोष आफैले पनि धर्मशालाको पुनः निर्माण गर्न सक्छ । तर, आफैले पुनः निर्माण गर्नसक्ने धर्मशालाका लागि दाता खोजिनुले पनि अनेक आशङ्का उब्जाएको छ ।

# अयोग्य लडाकुलाई दिने भनिएको रकम मिलाएर खान खोजिएको आशंका

रुपन्देही । सरकारले माओवादीको सशस्त्र युद्धमा सहभागी भएर शान्ति प्रक्रियामा आउनुअघि सेना समायोजनमा अयोग्य लडाकुलाई दुई लाखका दरले रकम बाँड्ने निर्णयलाई तत्कालीन समयमा विशेष जिम्मेवारी पाएका केही लडाकुले माओवादीका केही नेताहरुको कमाउने खेलो भएको आशंका गरेका छन् ।

उनीहरुले यसअघि पनि आफ्नो नाममा आएको यस्तो रकम पार्टीका शीर्ष नेताहरु मिलेर जबरजस्ती लगेको आरोप लगाउँदै अहिले पनि अयोग्य लडाकुको नाममा आएको रकम सम्बन्धित व्यक्तिले पाउने विषयमा आशंका गरेका छन् ।

उनीहरुले तत्कालीन समयमा माओवादी रहेका ती लडाकुहरुमध्ये धेरै अहिले पार्टीको सम्पर्कमा नरहेको, यसअघि पनि पार्टीका शीर्ष नेताहरुले कागजी प्रक्रिया मिलाएर आफ्नो नामको रकम निकालेर लगेकाले अहिले पनि त्यसैगरी नेताहरुको कमाउने खेलो हुनसक्ने भन्दै विरोध गरेका छन् ।

उनीहरुले वर्गीय समानताका लागि लडेका योद्धाहरुको अपमान हुनेगरी अनावश्यक रुपमा कागज मिलाएर रकम निकालेको बताउँदै अब पनि त्यसैगरी हुनसक्ने भएकाले सबैलाई सचेत हुन आग्रह गरेका छन् ।

जनमुक्ति सेनामा लामो समय काम गरेका र तत्कालीन समयमा विभिन्न आक्रमणको मोर्चामा सहभागी भएका नारायण खनालले पटक-पटक योद्धाहरुलाई धोका दिएको नेतृत्वले अहिले पनि भावनामा खेलेर कमाउने धन्दामा लागेको आरोप लगाए ।

'पहिले पनि कसैले पनि पूरा रकम पाएका हैनन् । अहिले पनि पाउनेवाला छैनन्, मेरो पनि हस्ताक्षर गराएर रकम दिएनन्, सबै किर्ते हस्ताक्षर गरेर खाए, लडाकुको नाममा आएको ३५ अरब रकम घोटलाको छानबिन नै भएन, अमिक शेरचनको संयोजकत्वमा बनेको आयोगको यथार्थ रिपोर्ट सार्वजनिक नै भएन', उनले भने ।



'साम्यवादी व्यवस्थाका लागि लडेका योद्धाहरुको भावनामा खेल्ने काम भएको छ, अहिले पनि यिनीहरुको नाममा १ अरब ८० करोड रकम निकालेर त्यसैगरी पार्टीका नेताहरुले कागजी प्रकृया मिलाएर पहिले जसरी खान खोज्नेहुन्न्', उनले भने, 'ज्यानको बाजी लगाएर लडेका हामीलाई केही लाख दिने भनेर चित्त बुझाउने तर हातमा नदिने प्रपञ्च हो, सबै लडाकुले विवेक पुराएर बोल्न जरुरी छ ।'

माओवादी सेनाका बटालियन कमिसार बनेका बालकराम बुढाले सैद्धान्तिक, राजनीतिक, वैचारिक एवम् संगठक कमिसार कमाण्डर जतिलाई बाहिर राखेर २१ डिभिजन बनाउने कपटपूर्ण खेल भएदेखि नै वास्तविक लडाकुहरुको अपमान शुरु भएको बताउँछन् ।

'प्रचण्डदेखि तत्कालीन डेपुटी कमाण्डर र पिएलए क्याम्पका कमाण्डर मिलेर करोडौं भ्वाम पारे, अहिले पनि नाम जनमुक्ति सेना दाम पहिलेकै नेताहरुलाई बनाउन थालिएको हो', उनले भनेका छन् ।

यो विषयमा झापाका सागर कँडेलले सम्बन्धित लडाकुहरुको हातमा यो रकम नपर्ने भएकाले उनीहरुको हातमा निशर्त पुग्ने ग्यारेन्टी भएमा मात्रै वितरण गर्नुपर्ने बताउँदै लडाकुको नाममा ल डाँकु–कानूनी डाका)ले भ्वाम पार्न नदिनेगरी योजना बनाउनुपर्ने सुझाव दिएका छन् ।

माओवादी नेतृ छमकुमारी खनाल चिनारीले भने लडाकुको विषय शान्ति प्रकृयाका अंग भएकाले यसमा पूर्वाग्रह राखेर धारणा बनाउन नहुने बताउँदै सेना समायोजन, अवकाश, बहिर्गमितको व्यवस्था टीआरसीमार्फत हुने भएकाले धेरै आशंका गर्न नहुने बताउँछिन् ।

माओवादी केन्द्रीय सदस्य विनोद पहाडीले माओवादी सेनाको लगानीकै कारण अहिलेको व्यवस्था आएको र उनीहरुको योगदानको सम्मानमा अहिलेको निर्णय भएको बताउँदै यसको विरोध माओवादी छाडेकाहरुबाट मात्र आएको दाबी गरे ।


'सरकारले कार्यविधि बनाएको छ, त्यतिबेला लडेको मान्छे जुनसुकै पार्टीमा भएपनि अनमिनको रेकर्डका आधारमा पाउने हो, कुनै कारण मृत्यु भएको भए हकवालाले पाउने कार्यविधि छ, सिधै खातामा जानेगरी व्यवस्था हुने भनिएकाले धेरै आशंका गर्न हुँदैन', उनले भने ।

राष्ट्रसंघीय मिसन (अनमिन)ले सुरुमा ३२ हजार २ सय ५० लडाकु र ३ हजार ४ सय ७५ हतियार दर्ता गरेको थियो । दर्ता भएकामध्ये ८ हजार ६ सय ४० जना दोस्रो चरणको प्रमाणीकरणमा सहभागी नै नभएपछि उनीहरु स्वतः अयोग्य ठहरिए ।

युद्धविराम आचारसंहिता जारी भइसकेपछि लडाकूमा भर्ना भएका र उमेर कम रहेका कारण ४ हजार ८ जना दोस्रो चरणको प्रमाणीकरणमा अयोग्य घोषित भए । तिमध्ये २ हजार ९ सय ७३ जना १८ वर्षमुनिका थिए । अन्ततः १९ हजार ६ सय २ जनालाई वास्तविक लडाकु घोषणा गरियो । उनीहरूमध्ये ३ हजार ८ सय ४६ जना महिला थिए ।

यसरी हिसाव गर्दा जम्मा दर्ता भएका मध्येबाट प्रमाणीकरणमा अनावश्यक प्रश्न सोधेको भन्दै दोस्रो चरणको प्रमाणीकरणमा सहभागी नभएका ८ हजार ६४०, युद्धविराम आचारसंहिता जारी भइसकेपछि लडाकुमा भर्ना भएका र उमेर कम रहेका कारण ४ हजार ८ जना गरेर जम्मा १२ हजार ६४८ जना अयोग्य लडाकु दुई लाख राहत पाउन योग्य देखिएका छन् ।

यसको हिसावकिताब गर्दा पूर्वअयोग्य लडाकुका लागि मात्रै सरकारले दुई अर्ब ५२ करोड वितरण गर्नुपर्नेछ । तर माओवादी नेताहरुमा वास्तविक अयोग्य लडाकुको तथ्यांकका बारेमा अझैपनि अलमल छ ।



# सुमेरुका सेभिङ्गका पूर्व अध्यक्ष महर्जनले आफ्नो शेयर कार्यसमितिलाई दिने



ललितपुर । सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभबाट पाँच वर्ष अगाडि अध्यक्ष हेमराज दाहाललगायतका संचालक समितिलाई सम्पूर्ण दायित्व बहन गर्ने गरी जिम्मेवारी दिनुभएका पूर्व अध्यक्ष भरत महर्जनले आफ्नो बाँकी रहेको शेयर पनि उनीहरुलाई नै दिने जानकारी गराउनुभएको छ ।

महर्जनले धापाखेल अस्पताल, सुमेरु सिटी अस्पताल, एशियन कलेज फर एड्भान्स स्टडिज र शंकरापुर कलेजमा रहेको जम्मा २५ प्रतिशत शेयर संचालक समितिलाई दिई आफू विशुद्धरुपमा समाजसेवामा लाग्ने जानकारी गराउनुभएको छ ।

आफ्नो व्यक्तिगत कामको सिलसिलामा विदेशमा रहनुभएका महर्जनले जम्मा २५ प्रतिशत रहेको शेयर पनि संचालक समितिलाई दिई आगामी दिनमा नाफामूलक संस्थामा आवद्ध नरही देश र जनताको सेवा गर्ने उद्देश्यका साथ अगाडि बढ्दै जाने पनि जानकारी गराउनुभएको हो ।

# यौन दुर्व्यवहार सम्बन्धी मुद्दामा ट्रम्प दोषी ठहर, पीडितलाई ५० लाख डलर क्षतिपूर्ति दिन आदेश



काठमाडौं, २७ वैशाख । अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प यौन दुर्व्यवहार सम्बन्धी एक मुद्दामा दोषी ठहरिएका छन् ।

उनलाई न्युयोर्कको सिभिल कोर्टले यौन दुर्व्यवहारमा दोषी ठहऱ्याउँदै पीडितलाई क्षतिपूर्ति वाफत ५० लाख डलर दिनुपर्ने फैसला सुनाएको हो ।

एक म्यागेजिनकी लेखिका ई. जीन केरलले सन् १९९० मा ट्रम्पले आफूलाई यौन दुर्व्यवहार गरेको आरोप लगाएकी थिइन् । साथै उनले आफ्नो मानहानी समेत गरेको आरोप ट्रम्पमाथि लगाएकी थिइन् । सोही मुद्दामा ट्रम्पलाई दोषी ठहऱ्याएको बीबीसीले जनाएको छ । ट्रम्पले एक डिपार्टमेन्टल स्टोरको ड्रेसिङ रुममा आफूलाई बलात्कार गरेको भन्ने केरलको आरोपमा भने अदालतले दोषी ठहर्याएको छैन ।

यो फैसलाले आगामी राष्ट्रपति चुनावमा प्रतिस्पर्धा गर्ने ट्रम्पको योजनामा झड्का लागेको छ । ट्रम्पले सामाजिक सन्जालमार्फत् प्रतिक्रिया सार्वजनिक गर्दै अदालतको फैसला अपमानजनक भएको बताएका छन् । उनले ती महिलालाई आफूले नचिन्ने समेत उल्लेख गरेका छन् । लेखिका केरलले सन् १९१९ मा प्रकाशित गरेको एक पुस्तकमा ट्रम्पले आफूलाई गरेका दुर्व्यवहारबारे उल्लेख गरेकी थिइन् ।

पूर्वराष्ट्रपति ट्रम्पका प्रवक्ताले जारी गरेको बयानमा ट्रम्प विरुद्धको अभियान अन्तर्गत अदालतको यो फैसला आएको भन्दै यो राजनीतिबाट प्रेरित भएको टिप्पणी समेत गरिएको छ । यो फैसलाविरुद्ध अपिल गर्ने ट्रम्पको योजना रहेको बीबीसीले जनाएको छ । पोर्न स्टार स्टोर्मी डेनिल्सलाई पैसा दिएर दबावमा राखेको अभियोगमा ट्रम्पले फौजदारी मुद्दा पनि खेपिरहेका छन् । सो मुद्दाको सुनुवाइ डिसेम्बर ४ मा हुँदैछ ।

# कोभिड-१९ र त्यसले उब्जाएका सवालहरु ?



डी .बी. शाही
उर्जा शक्ति थेरापिस्ट

विश्वभरि फैलिएको माहामारी कोरोना भाइरस दिसम्बर २०१९ को अन्तिम सातामा हुबेइको वुहान शहरमा देखिएको भन्ने छ । 'वुहान इन्स्टिच्युट अफ भाइरोलोजी' मा बर्षौंदेखि चमेरा माथि रिसर्च गर्दै आएकी उक्त इन्सिच्युटकी प्रमुख प्राध्यापक शि झेंगलीले सर्वप्रथम सिक्वेंसिङ्ग गरेको भन्ने छ । उनले सन् २००३ मा सार्स माहामारी चमेराबाट सरेको भन्ने कुरामा प्रशंसा पनि पाएकी थिइन् त्यसैले उनलाई ब्याट वुमेन भनेर पनि चिनिन्छ । नभोम्बर २०१९ बाटै नै फ्लुको सिम्टम देखिए पनि दिसम्बर ३१, २०१९ मा विश्व स्वास्थ्य संगठनले आधिकारिक रुपमा पुष्टि गरेको संक्रमितको पहिलो केस जनबरी ७, २०१९ मा भेटिएको र जनबरी ३०, २०२० मा यसको नाम नोबल कोरोना भाइरस ( कोभिड- १९) भनेर घोषणा गऱ्यो र विश्वभरि कोरोना संक्रमितको संख्या बढ्न थालेपछि मार्च ११, २०२० मा यसलाई विश्व स्वास्थ्य संगठनले माहामारी (एबलमभ्फषअ) घोषना गरेर यसको लक्षण र यसबाट सुरक्षीत एवं जोगिन सक्ने उपाएहरु विश्वभरि अनिवार्य रुपमा अपनाउनु पर्ने भन्दै संसारभरि व्यापक प्रचार प्रसार गऱ्यो । कोरोनाका लक्षणहरुमा ज्वरो, थकान, खोकी, सास फेर्न गाह्रो, मासपेसीको दुखाई, सुघ्ने क्षमतामा कमी, जिब्रोको स्वाद हराउनु, पखाला लाग्नु आदि निर्धारण गरिएका छन् भने कोरोनाबाट सुरक्षित रहन सक्ने उपाएहरुमा लक डाउन, सामाजिक दुरी, मास्क, सेनिटाइजर, आइसुलेशन, क्वारेन्टाइन आदि भनिएको छ ।

विश्व स्वास्थ्य संगठनका नामबाट संसारभरिका शासकहरुले विना कुनै विचार, गहन अध्ययन, अनुसनधान जे उसले भन्यो त्यसैलाई आफ्ना देशका संचार माध्याम मार्फत् धुवाँधार प्रचार गर्दै आएका छन् । कोभिड-१९ का कारण संसारभरिका मानिसहरुमा देखिएको स्वास्थ्य समस्या सर्वत्र त्रासपुर्ण तरिकाले एकतर्फी प्रचार गरिएको छ । अखबार, रेडियो, टेलिभिजनमा मात्र होइन युट्युब, ट्वीटर, फेसबुक आदि सामाजिक संजालमा व्यापक प्रचार प्रसार गरिँदै छ भने अर्कोतिर यसको विरोधमा आउने विचारहरुमा रोक लगाउने गरेको देखिन्छ । रोबर्ट जान एफ केनेडी जुनियर, डा. डेविड, डा. तरुण कोठारी, डा. बि. आर. चौधरी लगायत विश्वका ठुलाठुला विद्वान र चिकित्सकहरुले यो कोरोना माहामारीलाई विश्व नियन्त्रण गर्ने, विश्वको जनसंख्या नियन्त्रण गर्ने, विश्वका मानिसहरूलाई दास बनाउने षड्यन्त्र ( स्क्याम) हो भनेर विरोध गर्दै आएका छन् । इजरेली इतिहासकार युभाल नोभा हरारीले यो स्वास्थ्य संकट भन्दा पनि बढी राजनीतिक संकट भनेका छन् भने बेलायती नागरिक नोवल पुरस्कार विजेता माइकल लेविटले कोरोनाले भन्दा बढी मानिस लकडाउनले मारिए भनेका छन् । वास्तवमा अहिलेसम्म यकिन गरेर कोरोना कै कारणले मृत्यु भएको भन्न सकिने एउटा पनि केस भेटिएको देखिन्न बरु धेरैको विश्लेषणमा कोरोना बारे फैलाइएको त्रास र गलत औषधीका कारण धेरैको ज्यान गएको आरोप लगाउने गरेको पनि देखिन्छ । यस्ता विश्वभरि आतंक फैलाउने भाइरसहरु माथि हलिउड, बलिउड लयायत विश्वका थुप्रै फिल्म इन्डस्ट्रीहरुले सन् २०११ पछि कन्टिजियन जस्ता फिल्म निर्माण गरेर भाइरसको त्रासलाई मानिसको विचारमा स्थापित गराएको पनि देखिन्छ ।

हाल यो कोरोना भाइरस कोभिड-१९ को मृत्यु दर कम भए पनि अत्यन्त तीब्र गतिमा फैलिने र सतर्कता न अपनाए धेरै ठुलो नोक्सान हुने अनुमान गरेका छन् । विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका नियम पालना र उसले अनुमति दिएको औषधीबाट सुरक्षित रहन सकिने र हाल उसले अनुमति दिएको खोपले धेरै हदसम्म कोरोना नियन्त्रणमा आउने भनिएको छ । प्रायः थुप्रै देशहरुमा पहिलो र दोस्रो चरणको खोप तीब्र गतिमा लगाउन शुरु पनि भै सकेको छ । तर कतिपय देशहरूले लकडाउन, सोशल डिस्टेन्स, मास्क, सेनिटाइजर, आइसुलेशन, क्वारेन्टाइन, कोरोना टेस्ट र खोप समेत नलाउने भन्ने खबरहरु पनि छुट्पुट आएको देखिन्छ । कतिपय देशले कोरोना टेस्ट गर्न भनेर दिन खोजिएको अर्बौं डलर अनुदान नै लिन इन्कार गरेको पनि सुनिन्छ । तान्जानिया, ताइवान, बुरुण्डी, उत्तर कोरिया, रुवाण्डा, भुटान लगायत थुप्रै देशहरु जसले विश्व स्वास्थ्य संगठनको नियम खासै मानेनन् ती देशहरुमा विश्व स्वास्थ्य संगठनको नियम पालना गर्ने देशहरु भन्दा कोरोना संक्रमितको संख्या धेरै कम देखिएको भनिन्छ । विश्व स्वास्थ्य संगठन स्वयंले ८०% मान्छेमा कोरोनाको लक्षण खासै नदेखिने, १५% मा सामान्य र ५% लाई मात्रै उपचार गर्नुपर्ने अवस्था आउने भनाइ छ । खास गरेर अहिलेसम्म पनि यसको लक्षण किटान गरेर भन्न सकिने अवस्था छैन । पटक पटक यसको लक्षण र रुप फेर्दै आएको विश्वभरिका स्वास्थ विज्ञहरूकै भनाइ छ र प्रत्येक प्राणीमा २०० भाइस भएको भनिए पनि कसैले ५०० सम्म भाइरस प्रत्येक प्राणीमा पहिलेदेखि नै हुन्छन् पनि भनेका छन् । कतिखेर कुन भाइरसको वृद्धि हुन्छ भन्न सकिन्न तर हामीलाई जुन भाइरसको शंका लाग्यो त्यसको जाँच गर्छौं अनि जसको शरीरमा जाँचको समय त्यो भाइरसको संख्या बढेको छ भने त्यही देखिने हो । अहिले कोराना भाइरसको संक्रमण पत्ता लगाउन गरिने टेस्टमा प्रयोग गरिने आरटी र पिआरसी टेस्ट कीट आविष्कार गर्ने नोबल पुरस्कार विजेता बायोकेमिस्ट केरी मुलसले यो केवल अनुसन्धानका लागि मात्र बनाइएको हो यसैलाई आधार मानेर कोरोना भाइरसको पुष्टि, प्रचार प्रसार गर्न उचित नहुने भनेका छन् । विश्व स्वास्थ्य संगठन कै स्वास्थ विज्ञ या चिकित्सकहरुकै भनाइमा रगत पातलो बनाउने औषधी एस्प्रिन सेवन गरिरहेका, पहिलेदेखि नै मुटु, मस्तिष्क, फोक्सो, मधुमेह, क्यान्सर, एनिमिया, रोग प्रतिरक्षा क्षमता कम भएका या रोग प्रतिरक्षा गर्ने औषधी सेवन गरिरहेका मानिसहरुलाई हाल लगाइरहेको खोप लगाउन नमिल्ने भनिदै छ । यो कुराले हालका खोपहरुले रगत बाक्लो बनाउछ भन्ने पुष्टि गरेको देखिन्छ ।

कोरोनाको अस्तित्व स्वीकार गर्ने हुन या कोरोना सामान्य फ्लु मात्र हो भन्ने हुन सबैको एउटा कुरामा भने मेल खाएको देखिन्छ । दुबै पक्षको भनाइमा इम्युनिटी पावरलाई महत्वपूर्ण मानिएको छ । यसको मतलव रोग या कुनै भाइरस भन्दा पनि खतरनाक त मानिसहरुको इम्युनिटी पावर देखिन्छ ? मानिसमा जुनसुकै रोगको भाइरस देखिए पनि त्यसले खासै हानि नोक्सानी गर्दैन मानिसको भाइरससँग लड्ने क्षमताले र उसको इम्युनिटी पावरको कारणले नै मर्ने या सन्चो हुने एवं बाँच्ने कुराको निर्धारण गर्ने कुरा प्रष्ट देखिन्छ । यो भन्दा पहिले पनि विश्वमा विभिन्न समयमा, ब्ल्याक डेथबाट २० करोड, स्पेनिस फ्लुबाट १० करोड, प्लेगबाट ५ करोड, इवोलाबाट ५ करोड यस्ता भाइरस र रोगहरुबाट मात्रै होइन प्रथम र दोस्रो विश्व युद्धमा करोडौं, भुइचालोबाट, बाढी पहिरोबाट, समुन्द्री आँधीबाट, ज्वालामुखी विस्फोट जस्ता अनेकौं प्रकोपबाट लाखौंलाख मानिसहरुको ज्यान गएको छ ? पौराणिक कालदेखि नै मानिस अनेक प्रकारका त्रासदीको सामना नडराएर निर्धक्क रुपमा सामना गर्दै आएको छ तर अहिले सबैभन्दा कमजोर भाइरसले आजको मानिसलाई अत्यन्त आतंकित बनाएको देखिन्छ ?

भाइरस या कीटाणुले मानिस मार्छ भन्ने कुरा स्वीकार गरे पनि आरोग्य मंदिर गोरखपुरका संस्थापक विठ्ठलदास मोदीले 'रोगौं कि सरल चिकित्सा' मा लेखेका छन् कीटाणु हाम्रो शत्रु होइन मित्र हो । मानिसको शरीरमा जब फोहर जम्मा हुन्छ त्यो फोहर खान कीटाणु पैदा हुन्छ ? सन् १९१९ मा अमेरिकाबाट प्रकाशित हुने एउटा पत्रिका 'फिजिकल कल्चर' मा जान फ्रासर एम.डी.ले लेखेका छन् एउटा डाक्टरले डिप्थेरियाका हजारौं कीटाणु जीवितै आफ्नु शरीरमा प्रवेश गराए तर उनलाई डिप्थेरियाको कुनै सिम्टम देखिएन । सन् १९१४ देखि १९१८ सम्म टोरेन्टोमा १५० वटा प्रयोग गरिएको छ जसमा कालोज्वरो, मेनेन्जाइटिस, मलेरिया आदिका लाखौं कीटाणु विभिन्न मानिसहरुमा जिउँदै प्रवेश गरेर गरेको परिक्षणमा एकजनामा पनि ती रोगको लक्षण देखिएन भन्ने छ ।

भारतमा सत्ता परिवर्तन भएपछि महात्मा गान्धीले हाम्रा हजारौं बर्षदेखि सफलता पुर्वक गर्दै आएका उपचार पद्धति मास्नु हुन्न यिनिहरुको उपयोग र संरक्षण गर्नु पर्छ भनेर सरकारको नीतिमा राख्न लगाए, चीनमा सत्ता परिवर्तन हुँदा क. माओले हजारौं बर्षदेखि गर्दै आएको घरेलु उपचार र लाओत्सुका पद्धतिहरु जीवित राख्नु र अपनाउनु पर्छ भन्दै सुरक्षित पार्ने र प्रचार प्रसार गर्ने भनेकै कारण आज चाइनिज उपचार पद्धति विश्वभरि फैलिएको छ । मेडागास्करका राष्ट्रपति एन्ड्री रोजोइलिनाले पनि घरेलु उपचारबाट नै ठिक पार्ने भनेर घरेलु विधि अपनाए भने विश्व स्वास्थ्य संगठनले कोरोना पुष्टि र लकडाउन गर्न २० मिलियन डलर घुस दिन खोजेको आरोप लगाउनु को साथै 'युरोपको दास विश्व स्वास्थ्य संगठनको त्याग गरौं' सम्म भनेका खबरहरु प्रकाशित भए । विश्वका थुप्रै देशहरूमा घरेलु परम्परागत जडीबुटी औषधीबाट कोरोना संक्रमित संचो भएको भन्ने खबरहरु पनि प्रकाशित भएको देखिन्छ । नेपालमा पनि जडिबुटीबाट कोरोना संचो भएका थुप्रै केसहरु छन् तर विश्व श्वास्थ्य संगठनका दासहरु त्यो स्वीकार गर्न तयार छैनन् । हजारौं बर्षदेखि सेवन गर्दै र फ्लुहरु सन्चो पार्दै आएको देखेर भोगेर पनि हाम्रा तत्कालीन प्रम केपी ओलीले बेसार पानी र अम्बाको पातको कुरा गर्दा उखान टुक्के भनेर मजाक उडाउछन् । राष्ट्रगुरु योगी नरहरिनाथले कैयौं असाध्य रोगहरु निर्मुल पार्न सक्ने नरहरि वुटीलाई अचुक बुटी भनेका छन् । यस्तै जापानीज बैज्ञानिक डा. केनले उन्नाइसौं शताब्दीको अन्त तिर आविष्कार गर्नु भएको इनर्जी हिलिङ्ग पद्धतिले त कुनै प्रकारको रोग या भाइरसको अस्तित्व स्वीकार नै गर्दैन । उहाँका अनुसार मानिसहरुमा रोग या कुनै प्रकारका भाइरसको संक्रमण देखिनुको कारण रोग या भाइरस होइन यो मानिसको शरीरलाई सुचारु रुपमा संचालित गर्ने उर्जा शक्तिको गडबडी हो भन्नु हुन्छ । जब कुनै ब्यक्तिको उर्जा शक्ति कमजोर हुन्छ उसको शरीरले पुर्ण रुपमा काम गर्न सक्दैन त्यसैले उर्जा शक्तिको असंतुलनको कारणले आएको गडबडी केवल उर्जा शक्तिलाई संतुलित पारे मात्रै ठिक या सन्चो हुन सक्छ । वास्तवमा सोच्ने र विचार गर्ने हो भने कोरानालाई माहामारी मान्ने, कोरोनाको भाइरसलाई स्वीकार गर्ने तर विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका नियम नमान्नेदेखि भाइरस या रोगको अस्तित्व स्वीकार नगर्ने सबैको धारणा अन्तमा एउटै देखिन्छ त्यो हो इम्युनिटी पावर या उर्जा शक्ति ? त्यसैले इम्युनिटी पावर या उर्जा शक्ति (इनर्जी) लाई कसरी संतुलित राख्न सकिन्छ भन्ने कुराको शोधखोज र विश्लेषण गर्ने कामको प्रयास गर्ने पहल गर्ने कि ?

भाइरसहरु, रोगहरु सन्चो पार्ने भनेर औषधीको नाममा बिषाधीहरु प्रयोग गरेर सन्चो हुने मानसिकताको भारी बोकेर बिग फर्माको दलाल विश्व स्वास्थ्य संगठनका दास बनेर रोगी र रोगको डरत्रासमा जिउँदै मरीमरी बाँच्ने ?

यो कथित कोरोना उहिले पनि थियो अहिले पनि छ र भविष्यमा पनि रहिरहनेछ या जबसम्म मानबको अस्तित्व यो ब्रह्माण्डमा रहने छ तबसम्म यस्ता भाइरसहरुको पनि उपस्थितिको अंत्यगर्ने शक्ति स्वयं प्रकृतिसँग पनि छैन यो समाज विकासको प्राकृति प्रक्रिया हो ? विभिन्न समयमा आफ्नु आवश्यकता अनुसार विश्व स्वास्थ्य संगठनले यस्ता अनेक प्रकारका भाइरसहरुको आतंक फैलाएर विग फार्माहरलाई कुबेर बनाउने ठेक्का लिएको छ यो कुरा अब विश्वका नागरिकले बुझ्न सकेन र यो तानाशाहीको विरुद्ध आवाज उठाउन सकेन भने स्वास्थ्यको मात्रै नोक्सानी हुने छैन,रोजी रोटीबाट पनि बन्चित हुँदै गएको प्रष्ट देखिएको छ । हिजो मधुमेह, क्यान्सर, जिउ दुख्ने, बिर्सिने, पार्किङ्सन जस्ता रोगहरु ४५/५० पछि मात्रै देखा पर्ने गरेका तथ्यहरु स्वधभभुयं तिनै बैज्ञानिक या डाक्टरहरुले पटकपटक भनेका छन् भने आज तिनै बैज्ञानिक र डाक्टरहरुले १२/१५ बर्षको बच्चाहरुमा पनि यी लक्षण तीब्ररुपमा देखिदै गएको भनी रहेका छन् तर त्यसको असली कारण हाच्छिँउ आउदा पनि ड्रग सेवन गरिहाल्ने प्रवृत्ति हो भनेर भन्न सक्दैनन् ?

अहिले धेरै डिटेलमा एउटा लेखमा सबै कुरा समेट्न गाह्रै हुन्छ केवल कोरोनाको कुरा गरौं, आज यो देखा पारिएको लगभग तीन बर्ष नाघ्नै लागि सकेको छ र यो अवधि भरमा विश्व स्वास्थ्य संगठनले चाहे अनुसार बढ्ने र कम हुँने, उसकै इच्छा अनुसार हरेक पल्ट रुप फेरेर आउने बहुरुपिया भएको छ । यसलाई निर्मुल पार्न गरिने अनेक उपाए र सेवन गराइने अनेक औषधीहरको सकारात्मक भन्दा नकारात्मक प्रभाव नै बढी देखिएको तथ्य कसैबाट लुकेको छ जस्तो लाग्दैन ? आज बच्चाहरु हिँड्दाहिड्दै लड्ने गरेको, मानसिक सन्तुलन गुमाएको, हर्टअटैक बढेको, छालाको संक्रमण बढेको, ब्लड क्लोटिङ्ग रोगीहरु बढेको अनेक प्रकारका संक्रमणमा वृद्धि भएको छ भनेर एकातिर आवाज उठ्ने गरेको छ भने अर्को तिर विना सोचेसम्झे जबर्जस्ती लकडाउन लाधिएको कारण ब्यबसाय र रोजीरोटी मात्रै खोसिएन बैंक र अन्य स्रोतबाट लिएको ऋण तिर्न नसक्दा रानीबनमा छ जना परिवारले बीस सेवन गरेर सामुहिक आत्महत्या गरे भने प्रेम आचार्यहरु आत्मदाह गर्न बाध्य भए भने कति ठाउँमा चोरी डकैतीका घटनाहरूमा अत्यन्त वृद्धि हुँदै गएकोछ केही दिन अघि कपनमा निरा पाण्डेको निर्मम तरिकाले दिउँसै छुराले रेटेर हत्या गरियो यस्को पछाडिको कारण पनि वास्तवमा जनताको रोजीरोटी र दैनिकीमा के कस्तो असर पर्न सक्छ भन्ने ख्यालै नगरेर जवरजस्ती लाधिने नियमहरुमा नमक हलाल बन्ने प्रवृत्ति नै हो ?


अहिले विश्व स्वास्थ्य संगठनले १ फेब्रुअरी २०२३ बाट एउटा ट्रिटी निर्माण गर्दै छ र त्यसमा छलफल भैरहेको र अब विश्वभरि लागुगर्ने योजना बनेको कुरा र त्यसको सकारात्मक र नकारात्मक असर बारे धेरै राष्ट्रहरुमा बहस शुरु भएको छ ? त्यो ट्रिटी लागु भए सम्पुर्ण विश्व नै विश्व स्वास्थ्य संगठनको दास बन्ने छ भन्ने कुरा पनि बहसमा उठ्न थालेको छ तर विश्व स्वास्थ्य संगठन या न्यु वर्ल्ड अडरका दास मिडिया, सामाजिक संजाल आदि सबैले यस्ता कुराहरु मिडियामा आउनै दिँदैनन् । यसको विरोधमा वास्तविक तथ्य सहित मिडिया या सामाजिक संजालमा प्रचार प्रसारमा पुर्ण बन्देज गरेको देखिन्छ । कतैबाट कुनै अन्य माध्यामबाट यदाकदा लिक भै हाले भने पनि तुरुन्त डिलिट गरि हालिन्छ ।

माघ ६, २०७८ मा अन्पुर्ण पोष्टमा एउटा लेख छापिएको थियो तर पढ्ने र मनन् गर्ने या सचेत हुने फुर्सद कसैसँग छैन ?

उक्त लेखमा जनेभा अन्वेषकहरुले ब्याक्टेरियासँग लड्ने औषधी एन्टिमाइक्रोबियल प्रतिरोध (रेजिस्टेन्स) अर्थात् एन्टिबायोटिक्स मानव जीवनका लागि अत्यन्तै घातक रहेको खुलासा गरेको र एन्टिबायोटिक्स मृत्युको मुख्य कारण रहेको चेतावनी दिँदै स्वास्थ्य विज्ञहरुले सो खुलासा गरेको उल्लेख छ । संसारभरिका २ सयभन्दा बढी मुलुक र क्षेत्रहरुको अध्ययनमा आधारित सो अध्ययन प्रतिवेदन मेडिकल जर्नल ल्यान्सेटमा प्रकाशित भएको भन्ने छ । स्वास्थ विज्ञहरुको अन्वेषण अनुसार एएमआरको प्रयोगले विश्वभर दैनिक ३ हजार ५ सयभन्दा बढि मानिसको ज्यान लिने गरेको र सन् २०१९ मा मात्रै १२ लाख ७७ हजारभन्दा बढी मानिसको मृत्यु भएको भनिएको छ । भने यसको असर सबै उमेर समुहका मानिसमा समान घातक रहेको पनि उल्लेख छ र यसको विरुद्ध तत्काल कदम चाल्न चेतावनी समेत दिएको भन्ने छ । अन्पुर्णाको त्यसै लेखमा कोभिड -१९ महामारीको समयमा प्रयोग गरिएको एएमआरका कारण झनै ठुलो संख्यामा मानिसको मृत्यु भएको हुन सक्ने र यो रोकिएन भने भविष्यमा झनै ठुलो विकराल रुप लिन सक्ने अनुमान सो अध्ययनमा संलग्न अन्वेषकहरुले गरेका छन् । त्यसैले एन्टिवायोटिक्स एवम् एएमआरको प्रयोग सकेसम्म कम गर्ने समेत सुझाव दिएका छन्।यस्तै १९ जुन २०२१ मा लण्डनको मिडियामा प्रसारित एउटा खबरमा इंग्लैण्डका बैज्ञानिकले सोशल डिस्टेंसिंग र मास्कको कारण बच्चाहरुको इम्युनिटी पावरमा ह्रास आएको रोग प्रतिरोधात्मक क्षमतामा कमी आएको उल्लेख्य गरेका छन् । यी सबै कुराको वास्तविकतामा जाने हो भने कोरनाको उपचारमा अपनाउने विधि र औषधीले कोरोनालाई निर्मुल गर्नुको साटो स्वास्थ्य क्षेत्रमा, जनताको दैनिकीमा,रोजी रोटीमा,मध्यम खालका ब्यबसायीहरमा अन्य कयौं जटिल समस्याहरु तीब्र रुपमा पैदा गर्दै ब्यबसाय, रोजीरोटी र ज्यान समेतमा ठुलो हानी नोक्सान पुर्याएको र अंझै पनि देश चलाउने सत्ताधारी र स्वास्थ्यका वकिलहरु सचेत हुन सकेनन् भने विश्वको जनसंख्या तीन अर्वमा झार्ने प्लान सफल हुने छ र आउने ६० बर्षमा विश्वभरिका पाँच अर्व जनता कृत्रिम भाइरस र कृत्रिम डिजास्टरबाट ज्यान गुमाउने छन् । रोजीरोटी र ब्यबसाय चलेन भने कुनै रोग र भाइरसको आवश्यकता नै पर्ने छैन आम नागरिक आफै आत्महत्या र आत्मदाह गरेरै सकिने आभास देखिन थाली सकेको छ ।

कतिपय राष्ट्रहरुमा जबर्जस्ती कामधन्दा बन्द गर्न लगाएर, जबर्जस्ती खोप लगाएर भएको जिउ धनको क्षतिपूर्तिको लागि व्यापक आवाज उठ्न थालेको छ र पडोसी देश भारतमा डाक्टर कोठारी,पत्रकार प्रकाश पोहरे आदिने जोरदार रुपले क्षतिपूर्तिको लागि जनआन्दोलनको थालनी गरि सकेका छन र त्यसैको असर हो कि भारतको हिमाचल प्रदेश सरकारले त छ महिनाको भाडा फ्रिलगायत सक्दो क्षतिपूर्ति पनि दिने निर्णय गरेको खबर छ भने जापन लगायत कतिपय देशहरुले त पहिलो लक डाउन कै वेलादेखि सक्दो मुआवजा र सहयोग गरेर जताको समस्यामा सरकार जनताको साथ छ भन्ने उदाहण पेश गरेका छन् । हाम्रो देशका लोकतान्त्रिक समाजवादी गणतन्त्रत्मक जनताका शासक भने आँखा चिम्लेर, कान र मुखमा बुझो हालेर बसेका छन् ? जनताको मृत्युमा पनि कमिशनको र्याल चुहाउन मात्रै जानेका छन् ।

अरु देशमा त फाट्टफुट्ट नागरिकहरु, चिकित्सकहरु,सरकारहरु,अभियन्ताहरु यो कथित जनतामारा षड्यन्त्रको विरुद्ध आवाज उठाउदै लगातार आन्दोलन गर्दै आएका छन् तर हाम्रो यहाँ त विश्व स्वास्थ्य संगठन भन्दा अरु कसैको कुरा सुन्नसम्म तयार छैनन् । कहिले कहिलेकाही त हामीहरु वास्तवमा जिउदो छौं भन्ने कुरामा पनि शंका लाग्छ ?



## भ्रष्टाचार नियन्त्रणका लागि जनयुद्धमा जस्तै तपाईंहरूको साथ चाहिएको छः प्रधानमन्त्री



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार नियन्त्रणका लागि एउटा नयाँ लडाइँ सुरू भएको बताउँदै त्यसका निम्ति जनयुद्धको जस्तै साथ पार्टी र आफूलाई चाहिएको बताएका छन् । काभ्रेको महाभारत गाउँपालिकामा सडक तथा ग्रामीण विद्युतीकरण कार्यक्रमको मंगलबार शिलान्यास गर्दै उनले उक्त कुरा बताएका हुन् ।

प्रधानमन्त्री प्रचण्डले विकास र समृद्धिबिना अन्यायको अन्त्य र समाजवादको नयाँ युग सुत्रपात गर्न नसकिने उल्लेख गर्दै भने, 'त्यसमा पनि तपाईंहरूको हिजोको जस्तो साथ सहयोग आवश्यक छ। म तपाईंहरूसँग अपिल गर्न चाहन्छु ।'

आफूले सरकारको नेतृत्व सम्हालेदेखि नै तीन वटा शब्दलाई बढी महत्व दिएको उनले बताए । 'अन्यायमा परेकालाई न्याय चाहियो । समानता चाहियो। तिनीहरूलाई पनि अधिकार चाहियो । सामाजिक न्याय भनेको त्यही हो,' प्रचण्डले भने,'सुशासन भनेको हाम्रो देशमा विसंगति, विकृति र भ्रष्टाचारले विकरात रूप लिएको छ । जबसम्म भ्रष्टाचारलाई अन्त्य गरिँदैन नेपाली जनताले सुख र समृद्धिको दिन देख्न पाउने छैनन् ।'

जनता सबैको साथ र सहयोगसहितको प्रतिवद्धता भए अबका ५ वर्षमा एउटा रेकर्ड बनाउने उनले विश्वास व्यक्त गरे ।

लोडसेडिङको युगबाट विद्युत बिक्री गर्ने युगमा आएको उल्लेख गर्दै उनले आफ्नो आसन्न भारत भ्रमणमा विद्युत बिक्री र उत्पादनका विषयमा केही नयाँ सहमति सम्झौता हुने स्थिति रहेको बताए । यो सबै नेपालीका निम्ति खुसी र गर्वको कुरा भएको उनको भनाइ थियो ।

## सम्पादकीय

# प्रधान न्यायाधीशमा सिफारिस परेका कार्कीबाट अपेक्षा गरेअनुसार नै कार्य होस्

बिगत नौ महिनादेखि प्रधान न्यायाधीश बिनै कायममुकायमको भरमा चलिरहेको सर्वोच्च अदालत जस्तो महत्वपूर्ण निकायमा प्रधान न्यायाधीश नियुक्तीको सिफारिसले सराहनीय कार्य भएको छ। कार्यपालिकाले ढिला भए पनि सही समयमा न्यायपालकिाप्रति देखाएको सद्भाव र ध्यानकर्षण सराहनीय नै मान्नुपर्छ।

राजनीति गन्धकै कारण लामो समय सम्मानित सर्वोच्च अदालतको महत्वपूर्ण जिम्मेवारी बोक्ने प्रधान न्यायाधीश जस्तो पद कायममुकायमको भरमा चलिरहेको थियो। लामो समयदेखि न्यायलय अलपत्र भइरहेको अवस्थामा संवैधानिक परिषद् सबलताले न्यायालयप्रति न्याय गर्न खोजेको महसुस यतिबेला चौतर्फीरुपमा हुन गएको छ। कानूनी राज्य स्थापना गर्न न्यायपालिकाको ठूलो भूमिका रहेको हुन्छ। तर, सोही निकायलाई पूर्णता नदिएको अवस्थामा कार्यपालिकाको न्यायपालिकामाथिको हस्तक्षेप भएको महसुस भएको थियो।

राजनीतिक गन्धका कारणले न्यायपालिकाको सर्वोच्चतामाथि नै कुण्ठित हुन पुगिरहेको अवस्था कायममुकायमबाटै संचालन गर्नु परेको अवस्थाले सर्वसाधारणले न्यायको महसुस समेत गर्न सक्ने अवस्था थिएन। राष्ट्रपति जस्तो गरिमामय पदको शपथग्रहण गर्ने जस्तो अति गौरवमय महत्वपूर्ण कार्य कायममुकायमबाट भएको अवस्थालाई हेर्ने हो भने कार्यपालिकाले न्यायपालिकालाई बेवास्ता गरेको प्रष्टरुपमा बुझ्न सकिन्थ्यो। तर, २०८० सालको कानुन दिवसको अगाडि नै कार्यपालिकाले सर्वोच्च अदालतको न्यायाधिश सिफारिसले कानुन दिवसलाई गरिमामय बनाउन जमर्को गरेको मान्नुपर्छ।

**प्रधान न्यायाधीश जस्तो गरिमामय पदमा आसिन भएपछि प्रधान न्यायाधीशमा सिफारिसमा पर्नुभएका कार्कीबाट न्यायपालिकाको स्वच्छता, निष्पक्षता, शिघ्रता, प्रभावकारिताजस्ता सकारात्मक कार्यहरू हुने अपेक्षा सर्वत्र गर्न थालिएको छ।**

कार्यपालिकाले न्यायपालिकामाथि हस्तक्षेप नभएको भन्न त सकिन्न तर प्रधान न्यायाधिश पदपूर्ति गर्न अर्थात् पूर्णरुपले प्रधान न्यायाधीशको पद सिफारिसको सम्मान गर्ने हेतु प्रमुख राजनीतिक दलबाट संवैधानिक परिषद् बसी प्रधान न्यायाधीशको सिफारिस गर्ने कार्यले न्यायपालिकाले आफ्नो गरिमा पाएको महसुस हामी सबै विशेषगरी न्याय तथा कानुन क्षेत्रका अधिकारीहरु खुशी र हर्षित नै देखिएका छन्।

नेपाल बार एशोसिएसन र सर्वोच्च प्रशासनकै लामो प्रयासबाट न्यायलयले पूर्णता पाएको दुई मत छैन। अदालतमा देखिएको विसंगति, विकृति तथा भ्रष्टाचार निर्मुल गर्ने संघर्षरत न्यायमूर्ति एवम् न्यायपालिकाको अठोटलाई सधैं साथ र सहयोग गरिरहनु भएका भावी न्याय प्रमुख सम्माननीय प्रधान न्यायाधीश हरिकृष्ण कार्कीलाई संसदीय सुनुवाईबाट पनि चयन गरिनुपर्ने तर्क न्यायपालिकाका अधिकारीहरुले गरेका छन्।

छिटो छरितो न्याय भन्ने २०८० को कानून दिवसको प्रतिबद्धतालाई प्रधान न्यायाधीशले साकार र सफल पार्न सदैव अगाडि बढिरहनु हुनेछ भन्ने पनि सबै जनमानसले अपेक्षा गरेका छन्।

प्रधान न्यायाधीश जस्तो गरिमामय पदमा आसिन भएपछि प्रधान न्यायाधीशमा सिफारिसमा पर्नु भएका कार्कीबाट न्यायपालिकाको स्वच्छता, निष्पक्षता, शिघ्रता, प्रभावकारिताजस्ता सकारात्मक कार्यहरु हुने अपेक्षा सर्वत्र गर्न थालिएको छ। प्रधान न्यायाधीशमा सिफारिस परेका कार्कीबाट सबैले अपेक्षा गरेअनुसार नै कार्य होस्, उहाँलाई अग्रिम शुभकामना।

# धामीझाँक्रीको मनोबैज्ञानिक सत्यता



गोपाल ढकाल
मनोविद्

बिरामी हुँदा वा कुनै समस्या आउँदा धामीझाँक्रीले झारफुक गर्ने प्रचलन हाम्रो समाजमा प्राचीनकालदेखि नै चल्दै आएको छ।

हामीलाई सानामा सातो जाँदा वा रुज्वे लाग्दा हाम्रा बुबा आमाले धेरै पटक हामीलाई पनि जान्ने बा धामीझाँक्रीका लगेको हुनुपर्छ। अझै पनि हामी धामीझाँक्री कहाँ विभिन्न समस्या लिएर पुग्ने गरेका छौ।

चिकित्सकको पहुँच नहुँदा अझै पनि दुरदराजका नागरिकहरु आफु बिरामी पर्दा यिनिहरुकै भर पर्नुपर्ने अबस्था छ। धामीझाँक्री, जान्ने, झारफुक गर्नेहरुप्रति हाम्रो गहिरो आस्था र बिश्वास रहेको छ।

जातजाति, धर्म, समुदाय अनुसार यस्ता ब्यक्तिहरुका आ–आफ्नै हुन सक्छन्। यिनिहरु धामी, झाँक्री, जान्ने, लामा, झारफुक, गुरु बा, गुभाजु, माता आदि विभिन्न नामले चिनिन्छ।

यिनिहरु आफुमा अलौकिक शक्ति भएको बिश्वास गर्छन्। बिरामीको उपचार गर्ने क्रममा आफ्नो शरीरमा कुल देवता, ईष्ट देवता, आफ्नो गुरुको शक्ति आउने र यसैबाट बिरामीको उपचार गर्न सम्भव हुने बताउने गर्छन्। आधुनिक भौतिक बिज्ञानले धामीझाँक्री, भुतप्रेत, बोक्सी, पिशाच जस्ता कुरालाई बिश्वास गर्दैन।

भौतिक बिज्ञानमा यसलाई अन्धबिश्वासको रुपमा हेरिएता पनि मनोबैज्ञानिक रुपमा भने यसलाई निर्थक भन्न सकिँदैन।

प्राचीनकालमा मेडिकल साईन्सको बिकास नभएका बेला उपचारको यो बिधिको शुरुबात भएको भन्न सकिन्छ। यस बिधिमा रोग निको हुनुमा धेरै जसो बिश्वासले नै काम गरेको हुन्छ। यसैले यसलाई बिश्वासमा आधारित मनोबैज्ञानिक उपचार बिधि भन्न सकिन्छ।

मेडिकल साईन्समा जस्तै धामीझाँक्रीले बिरामीको रोग के हो पहिला रोग, समस्या के हो पत्ता लगाउने गर्छन्। यसका लागि उनिहरुले जोखना हेर्ने, देउता बोलाउने, बिरामीलाई बकाउने कार्य गर्नेछन्।

लागो, भागो, भुतप्रेत, डाईनी, बोक्सी लागेको, बिगार परेको, ग्रह दसा बिग्रेको, कुल देवता रिसाएको, मसान लागेको, आँखा लागेको, वनझाँक्री, नाग लागेको आदि धामीझाँक्रीले पहिचान गर्ने प्रमुख समस्याहरु हुन्।

बिराम थाहा पाएपछि धामीझाँक्रीहरु रोगको निदान गर्न पट्टि लाग्छन्। उनिहरुको उपचार बिधिमा मन्त्र प्रमुख हो। उनिहरु उपचारको सिलसिलामा मन्त्र फलाक्ने गर्छन्। मन्त्रमा ठुलो शक्ति हुन्छ भन्ने गरिन्छ। आधुनिक मनोबैज्ञानिक चिकित्सा बिधिमा मन्त्र थेरापी प्रचलनमा रहेको छ।

उनीहरु लयात्मक शैली मनमन्त्र फलाक्ने गर्छन्। साथै धामी बस्दा उनीहरु ढ्याङ्ग्रो वा थाल बजाएर नाच्ने पनि गर्छन्। उसले बिरामीलाई संगितको आनन्द दिने गर्छ। आधुनिक मनोवैज्ञानिक उपचार बिधिमा संगित थेरापी ज्यादै प्रख्यात हुँदै गएको पाईन्छ।

धामीझाँक्रीले उपचारको क्रममा बाल्ने अगरबत्ति, धुपले बिरामीलाई आनन्दको अनुभुती दिलाउँछ।

धामीझाँक्री फुकेर अक्षेतासँगै खरानी पनि खान दिने गर्छन्। खरानीले ईन्टिवायटिकको पनि काम गर्ने गर्छ। उनिहरुले खान दिएको अक्षेता, खरानी र लगाई दिएको खरानीको टिक्का बिरामीले बिश्वासका साथ ग्रहण गर्छ। यहि बिश्वासले ठुलो औषधिको काम गरिरहेको हुन्छ। यसलाई अहिले मेडिकल भाषामा प्लासिबो इफेक्ट भनिन्छ।

कतिपय धामीझाँक्री झारफुकसहित घरेलु औषधि, जडिबुटी समेत दिने गर्छन्। जसले थोरबहुत काम गर्ने नै भयो।

अलौकिक शक्तिमाथि बिश्वास गर्नेहरुले धामीझाँक्रीहरुलाई ज्यादै बिश्वास गर्दछन्। सामान्य खालको मानसिक रोगमा त बिरामीको यस्तो बिश्वास बिस्वासले ठूलो काम गर्ने गर्छ। बिश्वासका साथ धामीझाँक्री वा जान्नेकामा जाँदा उनीहरुलाई देख्ने बितिकै उनीहरुमाथिको बिश्वास र श्रद्धाले आधा जसो रोग ठिक भई सकेको हुन्छ।

डर, चिन्ता, तनाब जन्य मानसिक समस्या जस्तो कन्भर्जन डिसअडर्स, सातो जाने, तर्सने आदि जस्ता सामान्य खालका मानसिक समस्यामा धामीझाँक्रीमाथिको यसै बिश्वासले रोग ठिक हुन वा कम हुन मदत पुऱ्याउछ।

तर कडा खालका स्वास्थ्य समस्याहरु चाहे शारीरिक हुन् वा मानसिक हुन्, विश्वास गर्दैमा झारफुकले निको हुने वा कम हुने हुँदैन।

आत्मबल, भरोसा र बिश्वासले ठुला–ठुला रोगहरु समेत ठिक भएका घटनाहरु प्रशस्त पाईन्छन्।

धामीझाँक्री बिरामीलाई पुजापाठ गर्न लाउने, जपतप गर्न लाउने, भाकल गर्न लाउने समेत गरेको पाईन्छ। ब्यक्तिको धार्मिक तथा आध्यात्मिक बिश्वासले पनि धेरैजसो मानसिक समस्या कम भएर जाने गर्छ।

धामीझाँक्री वा झारफुक गर्नेकोमा जाने प्राय: सबै ब्यक्तिहरु मानसिक समस्या लिएर नै जाने गरेका हुन्छन्।

धेरै जसो मनोरोगमा शारीरिक लक्षणहरु पनि देखा पर्छ। चिकित्सककोमा गएर परिक्षण गर्दा केही पनि देखिँदैन। चिकित्सकले केही पनि रोग छैन भने पछि उनिहरु आफुलाई लागो, भागो लागेको भन्ने बिश्वास गरि तुरुन्त झारफुक गर्नेकहाँ पुग्ने गर्दैछन्। शारीरिक सिखायत लिएर फिजिसियन कहाँ पुग्ने बिरामी मध्ये २० -२५% मा मानसिक रोग हुने गरेको देखिन्छ।

मानसिक रोग लाग्दा अझै पनि धेरैजसो ब्यक्तिहरु पहिला धामीझाँक्री कहाँ नै पुग्ने गरेको पाईन्छ।

धामी बसेका बेला, जोखाना हेरेका बेला धामीझाँक्रीहरु सब कन्सियस माईन्डमा पुग्न पनि सक्छन्। यस्तो अबस्थामा पुगेका बेला शरीर काप्ने, शरीरमा अत्याधिक शक्ति आउने, स्मरण क्षमता बढ्ने, आगोमा हिँड्ने, आदि जस्ता अनौठा ब्यबहार देखाउन सक्छन्। यसैलाई हामी धामीझाँक्रीको शरीरमा दैबिक शक्ति आएको, देवता बोलेको भन्ने गर्छौं।

प्रशिद्ध मनोबैज्ञानिक सिगमण्ड फ्रायडका अनुसार मान्छेको मनका तीन तहहरु हुन्छन्। कन्सियस, सबकन्सियस र अनकन्सियस।

सबकन्सियस माइन्ड कन्सियस माईन्डभन्दा धेरै गुणा शक्तिशाली हुन्छ।

धामी बसेका बेला बिरामी पनि धामीसँगै सबकन्सियस माईन्डमा पुग्न सक्छ। यस्तो अबस्थामा बिरामीले पनि धामीझाँक्रीले गरे जस्तै ब्यबहार देखाउन सक्छ। उनीहरु काप्ने, बक्ने, लडीबुडी गर्ने, धामी वा अरुलाई आक्रमण गर्न खोज्ने, फरक भाषा र स्बरमा बोल्ने, मरेको ब्यक्तिको जस्तो आबाज निकालेर बोल्ने, रुने, हाँस्ने, चिच्याउने, आफु देवि, काली वा नागिन भएको भन्ने गर्छन्। अथवा बिहोस हुने, सबै कुरा बिर्सने, आँखा पल्टाउने, शरीर नै नचल्ने हुने पनि हुन सक्छ। सबकन्सियस माइन्डमा पुगेका बेला बिरामीमा पनि अत्यधिक शक्ति आएको हुन्छ। बिरामीको यस्तो ब्यबहारलाई हामी धामीझाँक्रीले बिरामीलाई बकाएको, बिरामीको शरीरमा दुःख दिने आत्मा, बोक्सी वा मसान बसेको आदि भनेर बुझ्ने गरिन्छ। बिरामी सबकन्सियस माईन्डमा पुगेको बेला उसलाई सान्त्वना, उत्तप्रेरणा, ढाडस, राम्रो सल्लाह, सुझाव अथवा सकारात्मक कुराको संदेश दियो भने रोग निको हुनमा मद्दत गर्छ। ब्यक्ति सबकन्सियस माइन्डमा पुऱ्याउनुलाई सम्मोहन (हिप्नोटाइज) गर्नु पनि भनिन्छ। सम्मोहनका विभिन्न बिधिहरुको माध्यमबाट ब्यक्तिलाई मनको सबकन्सियस अबस्थामा पुऱ्याउन सकिन्छ। जस्तो सपना देखेको अबस्थामा पनि हाम्रो मन सबकन्सियस तहमा पुगेको हुन्छ।

विभिन्न किसिमका मानसिक रोगहरु जस्तो जाँडरक्सीको लत, फोविया, डर चिन्ता (एन्जाईटी), अनिन्द्राको समस्या, गलत बानी ब्यहोरा सुधार गर्न, तनाब जन्य मानसिक रोग, हिस्टेरिया आदिमा हिप्नोथेरापी लाभदायक देखिएको छ।

मनोवैज्ञानिक उपचार विधि अन्तर्गतका विभिन्न किसिमका साइकोथेरापीहरुमा यिनै अवचेतन चित्तमा दबिएका विचार, भावनाहरुलाई चेतन मनमा वा होसमा ल्याउने काम गरिन्छ।

धामीझाँक्री तथा झारफुकका नाममा अन्धविश्वास पनि प्रसस्त छन्।

उपचारको नाममा धामीझाँक्रीले बिरामीलाई कुटपिट गर्ने, खोर्सानी खुवाउने, खोर्सानीको राग सुघाउने, तातो पन्युले डाम्ने आदि जस्तो अमानवीय व्यवहार गरेको पनि पाईन्छ। धामीझाँक्रीबाट उपचारको क्रममा बिरामीको मुत्यु भएका समचारहरु समेत बेला बेलामा आउने गरेका छन्। उपचार गर्ने बहनामा धामीझाँक्रीले बिरामीलाई यौन दुर्व्यवहार गर्ने गरेका घटना पनि बेला बेला सुन्नमा आउने गरेका छन्।

धामीझाँक्रीकोमा जानैपर्ने भएमा पनि जानुभन्दा आगाडि त्यो ब्यक्ति कस्तो खालको धामीझाँक्री, जान्ने गुरु वा माता हो थाहा पाउनु जरुरी हुन्छ।

सामान्यतया दुई किसिमका धामीझाँक्री, झारफुक गर्ने, गुरु वा माता हुने गर्दछन्।

परम्परागत रुपमा आफ्नो अग्रज वा पुर्खाबाट गर्दै आएको कार्यलाई निरन्तरता दिएका र गुरु थापेर धामीझाँक्री विध्या सिकेका माता, गुरु र धामीझाँक्रीहरु र अर्को थरि एकाएक धामीझाँक्री वा माता, गुरु भएको स्वघोषणा गरिएका ब्यक्तिहरु जो बास्तबमा आफै मानसिक रोग (कन्भर्जन डिसअडर्स, मेनिया वा अन्य) को सिकार भएका हुन्छन्। यिनि आफुलाई जान्ने, शक्तिशाली भएको, जस्तो सुकै रोग र समस्या पनि हल गर्न सक्ने घमण्ड समेत गर्छन्। यस्ता ब्यक्तिहरुबाट दर्व्यबहारमा पर्ने, ठगिमा पर्ने सम्भावना हुन्छ।

कतिपय अबस्थामा धामीझाँक्रीले मान्छेलाई ठगी गर्ने र कमाई खाने भाँडो समेत बजाउने गरेको पाईन्छ।

मन परेको केटा वा केटिलाई मोहनी लगाई आफ्नो वनाई दिने, श्रीमान वा श्रीमतिलाई आफ्नो बहसमा राख्न सक्ने बनाई दिने, छोराछोरी नहुने दम्पतीलाई छोरा छोराछोरी पाउने बनाई दिने, जुवातासमा सधै जित्ने बनाउने, धनी बनाई दिने आदि जस्ता कुरा गरी ठगेको पनि पाईन्छ।

धामीझाँक्री, झारफुक बिश्वासमा आधारित मनोबैज्ञानिक उपचार विधि भएता पनि सबै धामीझाँक्री पढेलेखेका र समस्या बुझ्ने खालका हुन्छन् भन्ने हुँदैन। त्यसैले उनीहरुले बिरामीसँग सहि व्यवहार नगर्न सक्छन्। नियत राम्रो र सहयोगी भावना हुँदाहुँदै पनि ज्ञानको अभावमा गलत सरसल्लाह र भाषाशैलीका कारण समस्या परेको ब्यक्तिमा थप समस्या बढ्न सक्छ। जस्तो डर चिन्ता (एन्जाईटी) भएको ब्यक्तिलाई भुत प्रेत, लागेको, देवताले दुःख दिएको, ग्रहदशा बिग्रेको भन्दा थप तनाब र डर चिन्ता बढ्न सक्छ।

डिप्रेसमा परेको ब्यक्तिलाई केही पनि भएको छैन चिन्ता नगर सब ठिक हुन्छ भनेर सल्लाह दिँदा समस्या झन् बढ्न सक्छ।

शारीरिक, मानसिक वा अन्य कुनै समस्या आउँदा पहिले पहिले धामीझाँक्रीको भरपर्नु पर्ने अवस्था भए पनि अबको समयमा धामीझाँक्री कै भरपर्नु पर्ने अबस्था छैन। धामीझाँक्रीले निको पारेको भनिएका सवै समस्याहरु मनसँग सम्बन्धित समस्या हुन। मनोचिकित्सक, मनोविद वा मनोपरामर्शदाताको सेवाबाट यी समस्या अझ सहज तरिकाले समधान गर्न सकिन्छ।

# शरणार्थी मामिलामा प्रहरीलाई निष्पक्ष अनुसन्धान गर्न देऊ

मंगलबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रमुख तीन दलका शीर्ष नेताबीच भेटवार्ता भयो।

प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको भेटमा के के विषयमा छलफल भयो स्पष्ट भइसकेको छैन।

प्रधानमन्त्रीको सचिवालयले भने 'समसामयिक विषय'मा छलफल भएको जनाएको छ। तर, यो भेट यस्तो बेलामा भएको छ, जतिबेला नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउँछु भन्दै असूली गरेको ठगी प्रकरणमा प्रमुख प्रतिपक्षी दलका नेकपा एमाले र सत्तारुढ नेपाली कांग्रेसका केही नेताको नाम मुछिएको छ।

नेकपा एमालेका सचिव टोपबहादुर रायमाझीविरुद्ध जिल्ला अदालत, काठमाडौंबाट पक्राउ पूर्जी नै जारी भइसकेको छ। उनका छोरा सन्दीप रायमाझीलाई प्रहरीले २० वैशाखमा बुटवलबाट पक्राउ गरेको छ।

नेपाली कांग्रेसका केही नेताहरुको नाम पनि सतहमा आएका छन्। यद्यपि, हालसम्म प्रहरीले बाहिर सार्वजनिक भएजस्तै उनीहरुविरुद्ध आधार, प्रमाणहरु नभेटिएको बताइरहेको छ। शरणार्थी मामिलामा अहिलेसम्म प्रहरीले अनुसन्धान पूरा भएको छैन। अनुसन्धान पुरा हुन नपाइ कुनै निष्कर्ष निकाल्नु हतार हुनेछ।

तर, यो बीचमा दलीय स्वार्थ अनुसार प्रहरी अनुसन्धान नै प्रभावित बनाउने गरी नेताहरुले सार्वजनिक अभिव्यक्ति दिने, भेटघाट र छलफल गर्ने जस्ता काम गरिरहेका छन्।

प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सोमबार सरकारमाथि गम्भीर प्रश्न गरेका छन्। उनले अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठाउँदै एमाले नेताहरुलाई फसाउन र अरुलाई उम्काउन खोजेको बताएका छन्।

पार्टीसम्बद्ध राष्ट्रिय युवा संघको बैठकलाई करिब ४५ मिनेट सम्बोधन गरेका ओलीले आफ्नो सम्बोधनको झण्डै १५ मिनेट शरणार्थी प्रकरणबारे बोल्नमा खर्चिएका थिए। त्यसो त उनले बालुवाटार गएर प्रधानमन्त्री प्रचण्डलाई यसअघि दुई पटक भेट गरिसकेका छन्।

भेटमा उनले शरणार्थीबारे चासो राखेको प्रधानमन्त्री प्रचण्ड स्वयंले खुलाएका छन्। आइतबार भएको भेटपछि प्रचण्डले भनेका छन्, 'उहाँले आफ्नो कन्सर्न राख्नु भयो, मैले आफ्नो जनरल कुरा राखेँ। म दबाबमा पर्दिन, कारबाही अघि बढ्छ।'

नक्कली भुटानी शरणार्थी प्रकरण एउटा व्यक्ति वा समूह मात्र जोडिएको अपराध होइन। यो राज्य संयन्त्रकै मिलेमतोमा भएको गम्भीर अपराध हो। शरणार्थी मामिला नेपालसँग मात्र जोडिने विषय पनि होइन, यो संयुक्त राष्ट्र संघ र अमेरिकासँग पनि जोडिएको मामिला हो। यस्तो गम्भिर विषयमा अनुसन्धान गर्न प्रहरीलाई अपरेशनल स्वायत्तता दिनुपर्छ।

ओलीले त्यसको जवाफमा प्रधानमन्त्री प्रचण्डले हिरोइजमको व्यापार गरेको भन्दै भनेका छन्, 'स्टन्टबाजी गर्ने होइन, छानबिन गरेर दोषीमाथि कारबाही गर्नुपऱ्यो। म प्रधानमन्त्रीलाई चुनौति दिएर भन्छु, दोषीका विरुद्ध उभिने हिम्मत देखाउनुस्, प्रतिपक्षका विरुद्ध होइन।'

ओलीले सरकारले दुई जनालाई पक्राउ गरेर छाडिएको सूचना आफूले पाएको जिकिर गरेका छन्। 'अस्ति नै गिरफ्तार भइसकेपछि किन मान्छे छोडिए ? किन मुद्दा स्थगित गरियो ? अब अहिले बयान हेरफेर के-के हुँदैछ ?', ओलीले प्रश्न गरेका छन्।

सोमबार बसेको प्रतिनिधिसभा बैठकमा सांसद् अमरेशकुमार सिंहले भ्रष्टाचारबारे बोल्न नपाएको भन्दै अर्धनग्न बनेर प्रदर्शन नै गरे। अनुसन्धान भइरहेका विषयमा सार्वजनिक खपतका लागि बोल्ने होडमा सांसद् मात्रै छैनन्, नेपाल प्रहरीकै पूर्वप्रहरी उच्च अधिकृत विज्ञानराज शर्माले पनि बालकृष्ण खाँण गृहमन्त्री भएका बेला दुई जनालाई छुटाइएको भन्दै टिकटक भिडियो नै बनाए।

प्रहरी स्रोतको जानकारी अनुसार ११ महिना अघि १८ जेठ २०७९ मा यो प्रकरणका एक जना आरोपी सन्देश शर्माविरुद्ध पीडितले जोहरी दिएका थिए। त्यसका आधारमा प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले अनुसन्धान थालेको थियो।

त्यसक्रममा यो प्रकरणमा मुछिएका ललितपुरका सानु भण्डारी र पाँचथरका टंक गुरुङलाई बोलाइएको थियो। उनीहरुविरुद्ध जाहेरी नभएकाले प्रहरीले त्यसबेला मुख्य आरोपी शर्मालाई ल्याउन सहयोग गर्ने सर्तमा दुई जनालाई छाडेको थियो।

प्रहरीले निष्पक्ष अनुसन्धान गरोस् भनेर संसद्ले दबाब दिनु स्वभाविक हो। तर, अहिले सार्वजनिक खपतका लागि मात्र बोल्ने र बाहिर अनुमानका भरमा आएका नामहरुमाथि बहस गर्ने काम भइरहेको छ। जसले अनुसन्धानलाई सहयोग गर्दैन, बरु अझ 'मिसलिड' गर्छ।

गृहमन्त्री नारायणकाजी श्रेष्ठले पनि कसैलाई छाडिन्न भन्दै अभिव्यक्ति दिइरहेका छन्। पक्राउ पुर्जी जारी भएका व्यक्तिहरुबारे पहिल्यै सूचना सार्वजनिक भइरहेको छ।

अनुसन्धानका आधारमा जे देखिन्छ, त्यस अनुसार नियन्त्रणमा लिन र मुद्दा चलाउन प्रहरी स्वतन्त्र हुनुपर्छ। को नियन्त्रणमा आउँछन् ? को आउँदैनन् ? भन्ने विषय प्रहरी अनुसन्धानको दायरा भित्रको मामिला हो।

गृह मन्त्रालयले उत्ताउलो व्याख्या वर्णन गर्ने बिषय होइन। गृह मन्त्रालय नेपाल प्रहरीको अभिभावक निकाय हो, उसले नीतिगत रुपमा नेपाल प्रहरीलाई मार्गदर्शन गर्न सक्छ। तर, प्रहरीको अनुसन्धान अधिकृतलाई प्रभावित गर्ने, कुनै निस्कर्ष निकाल्न दबाब दिने जस्ता काम ऊबाट अपेक्षित हुन्न।

तर, अहिले प्रहरीभन्दा बाहिरबाट आइरहेको अभिव्यक्तिले अनुसन्धानलाई प्रभावित बनाउन सक्ने जानकारहरु बताउँछन्। नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उत्तमराज सुवेदी अनुसन्धानको विषयमा सम्बन्धित अधिकृत वा त्यससँग जोडिएका व्यक्तिबाहेकबाट आउने जथाभावी टिप्पणीले अनुसन्धानलाई प्रभावित पार्ने बताउँछन्।

'अझ राज्य सञ्चालन गर्ने तहमा भएका र प्रमुख पार्टीका नेताहरुले नै जथाभावी अभिव्यक्ति दिनुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव परिहाल्छ', उनले भने, 'प्रहरीले स्वतन्त्र रुपमा अनुसन्धान गरोस् भन्ने सबैको चाहना हो भने यस्ता क्रियाकलाप तत्काल रोक्नुपर्छ, नभए यो प्रकरण पनि चर्चित साढे ३३ किलो सुन जस्तै हुन्छ।'

उर्लाबारी, मोरङका सनम शाक्य २०७४ साल फागुनमा मारिएपछि साढे ३३ किलो सुन प्रकरण सतहमा आएको थियो। गृह मन्त्रालयले छानबिनका लागि उच्च स्तरीय समिति बनायो, तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'ले ठूला माछा समात्न लागेको भन्दै अनुसन्धान भइरहेको विषयमा अभिव्यक्ति दिए।

यो अभिव्यक्तिले अनुसन्धानलाई यति प्रभाव पाऱ्यो कि गृहमन्त्रीले संकेत गरेका 'शक्तिशाली' व्यक्तिसम्म प्रहरी पुग्नै नसक्ने अवस्था बन्यो। 'अन्तिममा यो प्रकरण नै हात्ती आयो, हात्ती आयो फुस्सा जस्तो भयो', सुवेदी भन्छन्।

त्यसैले कसैसँग केही सूचना भए अथवा अनुसन्धानमा शंका भए अनुसन्धान अधिकृत वा सम्बन्धित युनिटका प्रमुखसँग छलफल गर्नुपर्ने सुवेदी बताउँछन्। 'बाहिर भेटेर वा त्यस्ता भेटबारे सार्वजनिक गराएर त अनुसन्धान मात्रै प्रभावित हुन्छ', उनी थप्छन्।

राजनीति जोडिएका छिटपुट विषयबाहेकका घटनामा नेपाल प्रहरीले आफूलाई अब्बल साबित गराएको छ। विना दबाब अनुसन्धान हुने हो भने प्रहरीले अधिकांश घटनामा नतिजा दिएकै छ। तर, सार्वजनिक खपतका लागि अहिले भइरहेका बहस, दिनैपिच्छे जसो शीर्ष नेताबीच भइरहेको छलफलले अनुसन्धानलाई मनोवैज्ञानिक रुपमा मात्रै होइन, सोझै प्रभावित पार्छ।

यसले मुलुकको अन्तर्राष्ट्रिय छविलाई नै धुमिल बनाउनसक्छ। त्यसैले पनि प्रहरीलाई स्वतन्त्र भएर यसमा अनुसन्धान गर्न दिनु सबै राजनीतिक दलको जिम्मेवारी हो। यस्तो गम्भिर विषयमा प्रहरीलाई अपरेशनल स्वायत्तता दिनुपर्छ।

'अपरेशनल अटोनमी नेपाल प्रहरीले वर्षौं पहिलेदेखि उठाउँदै आएको विषय हो', पूर्वएआईजी देवेन्द्र सुवेदी पनि भन्छन्, 'राज्यको नीतिगत तहले प्रबर्द्धन र संरक्षण गरेको संगठित ठगी र मानव तस्करी गराउने आपराधिक साँठगाँठको पटाक्षेप गर्न प्रहरीले अब अपरेशनल अटोनमी प्रयोग गर्ने आँट गर्नुपर्छ।'

प्रहरीका अनुसन्धान अधिकृतहरुले यसका लागि कसैको धम्की र प्रभावमा नआत्ती व्यवसायिक दृढतामा अडिनुपर्ने उनी बताउँछन्। फौजदारी अभियोग लागेपछि अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प बयान दिन आफैं अदालत हाजिर भए। नारा, जुलुस त्यहाँ पनि भएका थिए, तर कुनै प्रभाव परेन। पूर्वएआईजी देवेन्द्र सुवेदीले भन्न खोजेको 'अपरेशनल अटोनमी' पनि यही हो।

'यो अनुसन्धानमा प्रहरीले दृढ भएर पेश हुनसक्यो भने कसैको दबाब र प्रभावबाट मुक्त हुनलाई यो एउटा मार्क पनि हुनसक्छ', उनी भन्छन्, 'अहिले कसैको दबाब र प्रभावविना काम गर्न सके भोलि अरु प्रकरणमा कसैले दबाब दिन आँट गर्दैनन्।'

गृहमन्त्रीलाई समेत अनुसन्धान भइरहेको विषयमा जानकारी दिए मात्र पुग्ने उनी बताउँछन्। 'अनुसन्धानलाई यो दिशामा लानुस् वा रोक्नु भन्ने अधिकार गृहमन्त्रीलाई पनि हुँदैन', उनी भन्छन्। संसद्ले निष्पक्ष अनुसन्धानका लागि दबाब दिनसक्छ, राष्ट्रको सार्वभौमसत्ताको दुरुपयोगको विषय भएकाले अनुसन्धानलाई सही दिशामा लैजान अपनत्व पनि लिनसक्छ।

'स्वतन्त्र अनुसन्धान होस् भन्ने हो भने बरु निगरानीका लागि स्वतन्त्र विज्ञले अनुगमन गरिरहुन् भनेर माग गर्न सकिन्छ', पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रसिंह भण्डारी भन्छन्, 'अनुसन्धानलाई बलियो बनाउनतिर सबैले सहयोग गर्नुपर्नेमा त्यो देखिएको छैन। अहिले संसदमा भएका दलहरुबाट त्यो दिशातिर अग्रसरता देखिने लक्षण पनि छैन।'

यस्तोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धिकरण विभागले पनि प्रकरणमा संलग्नविरुद्ध चासो देखाउनुपर्ने हो। तर, अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई आफैं अप्रत्यक्ष रुपमा प्रकरणमा गाँसिएका छन्।

उनले तत्कालीन गृहसचिवका रुपमा यो प्रकरणका आरोपीले कीर्ते गरेको पूर्वसहसचिव बालकृष्ण पन्थी नेतृत्वको कार्यदलको प्रतिवेदन बुझेका थिए। त्यसबेलाका गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राईसँग समेत साँठगाँठ गरेर गिरोहका सदस्यले त्यो प्रतिवेदन हत्याएर कीर्ते गर्दै करोडौं ठगी गरेका थिए।

# कसरी चलेको छ कांग्रेस मुख्यालय ?

लिलु डुङ्गे




नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा सुरक्षा गार्ड भएर डिबी थापाले करिब २७ वर्ष विताए । २०५३ साल असारबाट कांग्रेस केन्द्रीय कार्यालयमा सुरक्षा गार्डको जागिर सुरु गरेका थापाको दिनचर्या आज पर्यन्त उस्तै छ ।

उमेरले बुढ्यौली टेकेका थापालाई अब अवकाशको जिन्दगी रोज्न मन छ । तर, रित्तो हात फर्कनुपर्ने हो कि भन्ने चिन्ताले 'जागिर छोड्छु' भन्न सकिरहेका छैनन् । उनी भन्छन् 'उपदान नपाई कसरी जागिर छोड्नु ?'

कार्यालयका अर्का कर्मचारी सुवर्ण घिमिरे प्यारालाइसिसको बिमारी छन् । त्यस्तै सुरक्षा गार्ड वीरबहादुर गुरुङलाई बेला-बेला निमोनियाले सताउँछ । वृद्ध अवस्थामा रोग बोकेर उनले केन्द्रीय कार्यालयको सुरक्षा दिइरहेका छन् । आफ्नै शरीरको सुरक्षा गर्न धौधौ पर्ने उमेरमा थापा र गुरुङले कांग्रेसको केन्द्रीय मुकाम हेरचाह गरिरहेका छन् ।

लोकतन्त्र, विधिको शासन र लोककल्याणकारी राज्यको वकालत गर्ने नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा काम गर्ने कर्मचारी स्वयं चाहिँ विधि र प्रणालीहिन वातावरणमा काम गर्न बाध्य छन् । जस्तो कि कर्मचारी नियुक्ति प्रक्रिया, सेवा सुविधा, सञ्चय कोष, वृत्तिविकास, अतिरिक्त तलब, उपदान, स्वास्थ्य खर्च, विदालगायतका विषयमा कांग्रेसले कुनै नियम बनाएको छैन ।

'सामान्य संस्थाले समेत कर्मचारीका लागि आवश्यक सबै नियमावली बनाएका हुन्छन् । विधिको शासनका लागि वर्षौंदेखि लडेको पार्टीले त्यसमा ध्यान नदिनु गैरजिम्मेवारी काम हो,' कांग्रेसका एक जना केन्द्रीय सदस्य भन्छन् । कर्मचारी नियमावली निर्माण हुन नसक्दा भर्ना प्रक्रिया समेत पारदर्शी छैन ।

कांग्रेस कार्यालयका लागि मुख्य सचिव माथिल्लो दर्जाका कर्मचारी हुन् । कृष्णप्रसाद पौडेल अहिले मुख्य सचिव छन् । मुख्य सचिवले आवश्यकता महसुस गरेका विषयमा सभापतिले तोक आदेश गरेपछि बल्ल काम हुन्छ । यसैगरी कर्मचारी भर्ना गरिन्छ र जिम्मेवारी दिइन्छ । एक नेताका शब्दमा 'आवश्यकता अनुसार कर्मचारी राख्ने भन्दा पनि नेताको तजविज अनुसार नियुक्त गरिन्छ ।'

कांग्रेस केन्द्रीय कार्यालयको एउटा राम्रो पक्ष छ । नियुक्ति पाएका कर्मचारीलाई अहिलेसम्म जबरजस्ती निकालिएको इतिहास भने छैन । पार्टी सभापति फेरिएसँगै मुख्य सचिव परिवर्तन हुनसक्छन् । तर, अन्य कर्मचारीले भने अहिलेसम्म निरन्तरता पाएका छन् ।

कर्मचारीलाई उत्प्रेरणा जगाउने र कार्यालय सञ्चालन प्रक्रियालाई प्रभावकारी बनाउने विषयमा मुख्य सचिवदेखि नेताहरु कसैको पनि ध्यान पुगेको छैन । 'कर्मचारीको प्रमुख भएकाले उनीहरुको उत्प्रेरणाको मूल दायित्व मुख्य सचिवमा हुन्छ,' कांग्रेसका ती नेता भन्छन्, 'कर्मचारीले कसरी काम गर्ने, सेवा सुविधा केके हुन्छ ? सेवा निवृत हुँदा आफ्नो लागि के हुन्छ ? यस्ता विषयमा सोच्ने कसैलाई फुर्सद छैन ।'

व्यावहारिक दृष्टिले पनि कार्यालय सञ्चालनको जिम्मेवारी महामन्त्रीको हुनुपर्ने हो । तर, पार्टी विधानले कर्मचारी राख्ने/हटाउने अधिकार उनीहरुलाई दिएको छैन । कर्मचारी नियुक्त गर्ने तथा हटाउने अधिकार पार्टी सभापतिलाई मात्रै छ ।

विधानको दफा २५ को उपदफा १० अनुसार सभापतिले 'केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्ति र हेरफेर गर्ने' व्यवस्था छ । जबकी, विधानको अर्को दफाले भने केन्द्रीय कार्यालय महामन्त्री मातहत हुने व्यवस्था गरेको छ । विधानको दफा २७ मा महामन्त्रीको काम कर्तव्य र अधिकारमा केन्द्रीय कार्यालय महामन्त्री मातहत हुने व्यवस्था छ । जस अनुसार, केन्द्रीय कार्यालयको रेखदेख र सञ्चालनको अधिकार महामन्त्रीद्वयलाई हुन्छ ।

बहुदलीय व्यवस्था स्थापना हुँदा ताका जमलमा रहेको केन्द्रीय कार्यालयमा ८ कर्मचारी थिए । उक्त संख्या बढेर हाल २९ पुगेको छ । सात जना त सचिव मात्रै छन् । डा. प्रदीप पराजुली, प्रकाश शर्मा, मुक्ति आचार्य, केशव रिजाल, कृष्णप्रसाद दुलाल र प्रेम केसी कार्यालय सचिवको जिम्मेवारीमा छन् । दुलाल लोकतान्त्रिक फोरम कांग्रेसमा विलय भएसँगै थपिएका सचिव हुन् ।

**दोहोरो भूमिकामा मुख्य सचिव**

मुख्य सचिव केन्द्रीय कार्यालयको प्रशासनिक प्रमुखको रूपमा रहने र दैनिक काम कारवाहीका लागि जिम्मेवार र जवाफदेही हुने नियमावलीमा उल्लेख छ । तर, कांग्रेस केन्द्रीय कार्यालयका प्रशासनिक प्रमुखको पौडेल दोहोरो भूमिकामा छन् । उनी राष्ट्रिय सभा सदस्य समेत हुन् ।

१३ औं महाधिवेशनमा सभापतिमा शेरबहादुर देउवा निर्वाचित भएपछि वर्तमान मुख्य सचिवले नियुक्ति पाएका हुन् । पूर्व संस्थापन (सुशील कोइराला) पक्षका ऋषिकेश तिवारीले मुख्य सचिवबाट राजीनामा दिएपछि पौडेलले उक्त जिम्मेवारी पाएका हुन् । सभापति देउवा १४ औं महाधिवेशनमा दोस्रोपटक निर्वाचित भएपछि पौडेल पूर्ववत् भूमिकामा कायमै छन् । २०७८ माघमा राष्ट्रिय सभा सदस्य बनेका पौडेलले मुख्य सचिव पद पनि छोडेका छैनन् ।

दोहोरो पदीय जिम्मेवारी र उनको भूमिकालाई लिएर पार्टीभित्र असन्तुष्टि पनि सुनिन्छ । शीर्ष तहका कतिपय नेताहरु पनि मुख्य सचिव पौडेलको भूमिकाबाट असन्तुष्ट रहेको केन्द्रीय तहका नेता बताउँछन् । 'पहिले पहिलेका मुख्य सचिव पार्टीभित्रको गुटभन्दा बाहिर रहेर सबैप्रति समदुरी राख्थे । सभापतिलाई सुझाव र सल्लाह दिन सक्थे,' केन्द्रीय तहका एक नेता भन्छन्, 'विधानले नहुने कुरालाई त यस्तो हुन्न कि सभापति जी भन्न सक्थे । पौडेलले वर्तमान सभापतिलाई सुझाव दिने ल्याकत नै राख्दैनन् ।'

संस्थापन समूहलाई सहयोग हुने गरी पौडेलले भूमिका निर्वाह गरेको भनेर उनको आलोचना हुने गरेको छ । मुख्य सचिव पार्टीमा साझा व्यक्ति भएपनि पदीय आचरण त्यस अनुरुप नभएको उनी माथि आरोप छ । तर यस्तो आरोपको पौडेल खण्डन गर्छन् । 'पार्टीभित्रका सबै पक्षलाई मैले समान व्यवहार गरेको छु' पौडेल भन्छन्, 'शेखर दाइ, प्रकाशमान दाइले तपाईं कति खट्न सक्नुहुन्छ भन्नुहुन्छ । गुट भनेर कसैलाई मैले फरक व्यवहार गरेको छैन ।'

पौडेलका लागि गाडीको इन्धन र चालक केन्द्रीय कार्यालयले व्यवस्था गरेको छ । उनी सांसद बनिसकेपछि केन्द्रीय कार्यालयबाट पारिश्रमिक भने लिएका छैनन् ।

कांग्रेस केन्द्रीय कार्यालयको अवस्था भद्रगोल छ । अभिलेखहरु सजिलै भेटिँदैनन् । अभिलेखीकरण नहुँदा केन्द्रीय समितिले निर्णय गर्ने क्रममा पुराना नजिर हेर्न पाउने अवस्था छैन ।

केन्द्रीय कार्यालयलाई व्यवस्थित बनाउने, कर्मचारीको वृत्ति विकास गर्ने जिम्मेवारी मुख्य सचिवको हो । उनीबाट त्यस अनुसारको व्यवहार नभएको भनेर प्रश्न उठ्दै आएको छ । तर, कर्मचारीको हक, हितका लागि आफूले सधैं काम गरेको पौडेलको दाबी छ । उनी भन्छन्, 'आरोप गतल हो, म आएपछि सबै कर्मचारीको तलब बढेको छ ।'

**भद्रगोल कार्यालय, भेटिँदैनन् अभिलेख**

कांग्रेस केन्द्रीय कार्यालयको अवस्था भद्रगोल छ । अभिलेखहरु सजिलै भेटिँदैनन् । पार्टीले सञ्चालन गरेको वेबसाइटमा कांग्रेसका कुनै दस्तावेज भेटिँदैनन् । कहिलेकाहीँ त साइट नै खुल्दैन । तिनको नियमित अपडेट समेत हुँदैन । क्रियाशील सदस्यको तथ्यगत विवरण साइटमा हेर्न मिल्दैन ।

'सबैभन्दा ठूलो समस्या पार्टीको अभिलेखीकरण र दस्तावेजीकरण व्यवस्थित छैन । अभिलेखीकरण नहुँदा पुराना कुराहरु हेर्न पाइने अवस्था छैन,' कांग्रेसका ती नेता गुनासो गर्छन् ।

पार्टीको निर्णय गर्ने प्रमुख थलो केन्द्रीय समिति हो । अभिलेखीकरण नहुँदा केन्द्रीय समितिले निर्णय गर्ने क्रममा पुराना नजिर हेर्न पाउने अवस्था छैन । केन्द्रदेखि तल्लो तहका संरचनाको पूर्ण अभिलेख कांग्रेस मुख्यालयमा भेटिँदैन ।

कांग्रेसको हालको अवस्था थाहा पाउन उसको पुस्तकालय हेरे पुग्छ । कांग्रेसको इतिहाससँग जोडिएका पुस्तकको व्यवस्थित संकलन छैन । केन्द्रीय कार्यालयमा पुस्तकालय छ तर पठनमैत्री कक्ष बनेकै छैन ।

क्रियाशील सदस्यको सूची भए पनि कतिपयको विस्तृत जानकारी छैन । जिल्ला कार्यसमिति भन्दा तलको संरचनालाई व्यवस्थित गरिएको छैन । जिल्ला तहभन्दा मुनिको पार्टी संरचनामा पुग्न जिल्ला कार्यसमितिमा भर गर्नुपर्ने बाध्यता छ ।

केन्द्रीय कार्यालयले कुनै क्रियाशील सदस्यको बारेमा जानकारी लिन चाहेमा सम्पर्क गर्न सकिने खालको प्रणाली छैन । कुनै वडा तहको क्रियाशील सदस्यलाई सम्पर्क गर्न जिल्ला तहलाई केन्द्रले सम्पर्क गर्नुपर्ने वाध्यता छ ।

केन्द्रीय कार्यालयसम्म पनि व्यवस्थित नबनाएको आरोप लाग्न थालेपछि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पछिल्ला दिनमा यसको व्यवस्थापनमा कसिएका छन् । महामन्त्रीद्वयले कार्यालय सञ्चालन कार्यविधि र कर्मचारी विनियमावलीको मस्यौदा तयार गरिरहेका छन् । यसले कार्यालयमा आवश्यक कर्मचारी संख्या, कर्मचारीको नियुक्ति प्रक्रिया, पारिश्रमिक, सेवा/सुविधा लगायतका विषय समेटेर नियमावली तयार हुँदैछ ।

महामन्त्री थापा भन्छन्, 'जागिर छोड्न चाहनेलाई उपदानको व्यवस्था सहित आर्थिक विनयमावली अन्तिम तयारीमा छ । विनियमावलीमा काममा निरन्तरता दिन इच्छुकका लागि वृत्तिविकास, तलबमा पुनरावलोकन, विदा लगायतका विषय पनि समेटिने छ । यस्तै २/२ वर्षमा तलब बढ्ने प्रस्ताव विनियमावलीले गरेको छ । कर्मचारीका सेवा सुविधाको अवस्था र समस्या अनि आर्थिक नियमावलीमा समावेश गर्नुपर्ने विषयहरुमा दुई महामन्त्रीले सबै कर्मचारी राखेर केही समय अघि छलफल पनि गरेका थिए ।

कार्यालयका एकजना कर्मचारीका भनाइमा कर्मचारीलाई एक्लैएक्लै र सामूहिक रुपमा गुनासो सुन्ने काम पहिलोपटक भएको हो । सबैजसो कर्मचारीले आर्थिक नियमावलीको कुरा उठाएका थिए । सामूहिक छलफल पछि केन्द्रीय कार्यालयलाई व्यवस्थित र कर्मचारीका लागि विनियमावली बनाउन लागिएको हो । महामन्त्री थापाका भनाइमा, कार्यालय सञ्चालनका लागि निर्देशिका बनाउने प्रक्रिया पनि अघि बढेको छ ।

अभिलेखीकरणलाई डिजिटल गर्ने महामन्त्रीद्वयको तयारी छ । यस्तै तल्लो संरचनासँग सम्पर्कमा रहने केन्द्रीय कार्यालयमा छुट्टाछुट्टै कक्षको व्यवस्था गरिने छ । महामन्त्रीद्वयका अनुसार, सातै प्रदेशलाई समन्वय गर्ने छुट्टै च्यानल बनाइने छ ।

यस्तै तीन तहका सरकारसँग समन्वय गर्ने डेस्क स्थापना हुनेछ । संसदीय समिति र पार्टी विच समन्वय गर्ने ती निकायको अभिलेखीकरण गर्ने छुट्टै व्यवस्था गरिने छ । भ्रातृ, शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्क समितिले कुन शाखामा कसलाई भेट्ने भनेर छुट्टै शाखा बनाउने तयारी छ ।

केन्द्रीय कार्यालयमा सातवटा शाखा हुने गरी कार्यालय सञ्चालन कार्यविधि बनेको छ । सात शाखामा अभिलेख तथा अनुसन्धान, सूचना, सञ्चार तथा प्रेस, प्रशासन, कार्यक्रम व्यवस्थापन र स्टोर, कानुन तथा अन्तर्राष्ट्रिय समन्वय र अनुगमन व्यवस्थापन शाखा रहेका छन् ।

महामन्त्रीद्वयको दावी अनुसार, पार्टी लाइब्रेरीमा नयाँ-पुराना सबैखाले पुस्तकहरु प्राप्त हुनेछन् । पार्टीसँग जोडिएका नेता, डकुमेन्टहरु राखेर लाइब्रेरीलाई पठनीयस्थल बनाउने योजना छ । लाइब्रेरीलाई समयानुसार 'डिजिटल लाइब्रेरी' बनाउने अवधारणा ल्याइएको छ । 'लाइब्रेरी पढेर सिक्नका लागि मात्रै होइन । अध्ययन गरेको विषय माथि संवाद गर्ने अवधारणा पनि छ,' महामन्त्री थापा भन्छन् ।

पार्टीले मनाउनुपर्ने दिवसलाई संरचना अनुसारको मासिक क्यालेण्डरको निर्माण गर्ने तयारी गरिएको छ । पार्टीले मनाउनुपर्ने दिवस, कुन संरचनाले कुन दिवस मनाउने लगायतका विषयलाई क्यालेण्डरमा उल्लेख गरिने भएको छ । 'केन्द्रले मनाउने स्मृति दिवस, अरु संरचनाले कुन-कुन दिवस कहिले मनाउने वा आफ्नो तरिकाले कार्यक्रम तय गर्ने सकिने दिन तोकेर क्यालेण्डरमा व्यवस्था गरिन्छ,' महामन्त्री थापा भन्छन् ।

यस्तै त्रैमासिक रुपमा बुलेटिन प्रकाशन गर्ने तयारी पनि छ । तीन-तीन महिनामा प्रकाशन हुने बुलेटिनमा समसामयिक, तीन तहका सरकारमा कांग्रेसको भूमिका, सांगठानिक विषय लगायतलाई समावेश गरिएको हुनेछ ।

जनगुनासो र जनसरोकारका विषय सुन्नका लागि छुट्टै डेस्कको स्थापना गरिने छ । सामाजिक न्यायका लागि गरिएको आन्दोलनरत व्यक्ति वा पक्षले आफ्नो मुद्दाका विषयमा सोही डेस्क मार्फत् जानकारी गराउन सक्नेछन् ।

कार्यालय सञ्चालनलाई व्यवस्थित बनाउन आर्थिक र खरिद कार्यविधि पनि बनेको छ । केन्द्रीय समितिले पारित गरेपछि सो कार्यविधि लागु हुनेछ ।

आठौं महाधिवेशन अघि कांग्रेस कार्यालयमा मुख्य सचिवको व्यवस्था थिएन । तत्कालीन समयमा कार्यालय हेर्ने गरी मुख्य जिम्मेवार पाएको व्यक्तिलाई 'कार्यालय मन्त्री' भनिने प्रचलन थियो । मुख्य सचिवकै भूमिका निर्वाह गर्ने गरी २०३९ सालदेखि २०४८ सालसम्म ध्रुवराम भण्डारी 'कार्यालय मन्त्री' थिए ।

आठौं महाधिवेशनबाट मुख्य सचिवको व्यवस्था गरियो । २०५३ सालमा (नवौं महाधिवेशन) सम्म उनै भण्डारी मुख्य सचिव बने । महाधिवेशन लगत्तै एक वर्ष लक्ष्मण घिमिरे मुख्य सचिव बने । घिमिरेले एक वर्षमै छोडेपछि बसन्त गौतम मुख्य सचिव भए । गौतम उक्त भूमिकामा २०६२ सालसम्म रहे ।

२०६२ सालपछि शोभाकर पराजुली मुख्य सचिवमा नियुक्त भए । २०६४ सालमा पार्टी एकीकरण हुँदा संस्थापन पक्षबाट पराजुली र प्रजातान्त्रिक तर्फबाट जीवनप्रेम श्रेष्ठ गरी दुई मुख्य सचिव रहे । पराजुली संविधानसभा सदस्य बनेपछि रामचन्द्र पोखरेलले उनको ठाउँमा नियुक्ति पाए । २०६७ सालको १२ औं महाधिवेशनपछि बसन्त गौतम पुनः मुख्य सचिवमा आए । १२ औं महाधिवेशन हुनु अघि चिनकाजी श्रेष्ठ र ऋषिकेश तिवारी पनि मुख्य सचिव बनेका थिए ।

पञ्चायत विरुद्ध आन्दोलनको क्रममै कांग्रेसको केन्द्रीय कार्यालय स्थापना भइसकेको थियो । पार्टीको नाम उल्लेखित बोर्ड राखेर कार्यालय सञ्चालन सम्भव थिएन । बहुदलीय व्यवस्था आउनु अघि न्युरोडको धर्मपथ र कमलाक्षीमा केन्द्रीय कार्यालय सञ्चालनमा थियो । खुला राजनीति गर्न र पार्टीको बोर्ड राख्न सकिने अवस्था नभएकाले ती स्थानबाट लुकिछिपी पार्टी सञ्चालन हुने गर्थ्यो ।


२०४६ सालको आन्दोलनताका कार्यालय जमलमा थियो । करिब दुई वर्षपछि (२०४८ सालमा) केन्द्रीय कार्यालय बागबजारमा सारियो । बागबजारमा कार्यालय धेरै समय रहेन । २०४८ सालको अन्तिमतिर कांग्रेस केन्द्रीय कार्यालय महाराजगञ्जस्थित भैरवनाथ गणको पछाडिबाट सञ्चालन भयो ।

२०४९ सालमा नयाँ बानेश्वरस्थित राजेन्द्र खरेलको घरमा कांग्रेसको केन्द्रीय कार्यालय स्थानान्तरण गरियो । २०५३ सालको नवौं महाधिवेशनबाट गिरिजाप्रसाद कोइराला सभापतिमा चयन भए । त्यस लगत्तै कार्यालय पुनः स्थानान्तरण गरेर टेकु सारियो ।

केन्द्रीय कार्यालयका लागि स्थायी मुकाम हुने गरी २०५७ सालमा सानेपामा जग बसालियो । त्यसको चार वर्ष पछि २०६१ सालबाट औपचारिक रुपमा केन्द्रीय कार्यालय सानेपाबाट सञ्चालित छ । कांग्रेसको केन्द्रीय मुख्यालय ६ रोपनी जग्गामा फैलिएको छ ।

## साप्ताहिक राशीफल

भाष्कर ज्यो. श्री विकास प्रसाद दुलाल



**मेष** : (चू,चे,चो,ला,लि,लू,ले,लो,अ)
घरेलु समस्याले सताउने छ, विश्वास मित्रबाट धोका हुनेछ, काममा समस्या आउनेछ, पेटको समस्याले सताउने छ , अध्ययनमा ध्यान दिन सकिने छैन, खर्च बढ्नेछ, बादविवादमा बेफाइदा हुनेछ, धनमाल हराउन सक्छ, सप्ताह अन्त्यमा फाइदा हुने र व्यापारमा पनि फाइदा हुने देखिन्छ । शुभ अंक ३ रंग पर्पल हो, हनुमानजीको पूजा गर्नु राम्रो छ ।

**बृष** : (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो)
रोकिएको काम बन्नेछ, सुरुमा कार्यको अवसर जुटनेछ सुख दुःखमा साथ दिने सहयोगी भेटिनेछ, शनिबारदेखि पारिवारिक अशान्ति हुनेछ, डाहा गर्नेहरु पछि पर्नेछन्, अध्ययनमा मन जानेछैन, आँट कमजोर हुनेछ, अन्त्यमा केही फलदायी हुनेछ, शुभ अंक ८ र रंग गुलावी हो, दुर्गाजीको दर्शन गरी कार्य आरम्भ गर्नु शुभ मानिन्छ ।

**मिथुन** : (का,की,कू,घ,ङ,छ,के,को,हा)
अध्ययनमा नराम्रो छ, कार्यबाट लाभ लिन सकिने छैन, कुरा काट्नेहरुसँग सतर्क हुनुपर्नेछ, आइतबारदेखि स्थितिमा राम्रो सुधार आउनेछ, सहयोगीहरुले फाइदा दिलाउनेछन् । प्रतिस्पर्धीहरु हार खानेछन्, अन्त्यमा पारिवारिक अशान्ति हुने देखिन्छ, बुद्धिलगाएर काम लिनु होला, शुभ अंक ३ र रंग खैरो हो । बटुक भैरवजीको दर्शन गर्नाले उचित लाभ मिल्नेछ ।

**कर्कट** : (ही,हू,हे,हो,डा,डी,डु,डे,डो)
सुरुमा स्वादिष्ट भोजन प्राप्त हुनेछ, पारिवारिक यात्राको योग छ, आफ्नो लगनशीलताले नाम कमाउन सकिनेछ । शनिबारदेखि अलि खराब समय छ, फजुल खर्च बढ्ने, बादविवादमा फस्नुपर्ने, विगतका कमजोरीले मनमा चिन्ता बढ्ने, अध्ययनमा कमी हुने, अरुको सहयोगले अन्त्यमा केही समस्या सुल्झने छ, शुभ अंक ९, रंग कालो हो, विष्णुजीको आरधना गर्नाले धेरै राम्रो हुनेछ ।

**सिंह** : (मा,मी,मू,मे,मो,टा,टी,टू,टे)
प्रारम्भमा अर्थ अभाव रहनेछ, काममा नराम्रोको भय हुनेछ, सहयोग जुटाउँदामासमय खर्च हुनेछ, गोप्य कुरामा ध्यान दिनुहोला, शनिबार, आइतबार भने स्थितिमा सुधार आउनेछ, कामको अवसर प्राप्त हुनेछ, आँटेको काम बन्नेछ, अन्त्यमा समय अनुकुल रहनुका साथै फाइदा मिल्ने देखिन्छ । शुभ अंक ७, रंग रातो छ, दुर्गाजीको स्मरण गर्नु शुभ मानिन्छ ।

**कन्या** : (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो)
सुरुमा खर्च बढ्नाले अर्थ अभाव रहनेछ, पछि समग्र फाइदा हुने काम जुट्नेछ, काममा उपलब्ध हुनेछ, शनिबार, आइतबार केही अर्थ अभाव रहनेछ, साथीभाइ टाढिन सक्छन्, स्वास्थ्यमा गढबढी हुनेछ, अन्त्यमा प्रतिष्ठित कामको अवसर जुट्नेछ । शुभ अंक ७, रंग सेतो हो, शिवजीको पूजा गर्नाले गरेको काममा सफलता पाइने देखिन्छ ।

**तुला** : (रा,री,रु,रे,रो,ता,ती,तू,ते)
काममा अवसर जुट्नेछ, साथीभाईको सहयोगले काम बन्ने छ, ठूला व्यक्तिबाट मान सम्मान पाइनेछ, यात्रा गर्ने अवसर जुट्नेछ र साताको अन्त्यमा खर्च बढ्नु र धनमालको नोक्सानी हुने देखिन्छ, शुभ अंक ८ र रंग सेतो हो, महालक्ष्मीको दर्शन गरी कार्य आरम्भ गर्नु अधिक फाइदा हुनेछ ।

**बृश्चिक** : (तो,ना,नी,नू,ने,नो,या,यी,यू)
कामको जिम्मेवारी बढ्ने, काममा बाधा चुनौति थपिने छ र अरुको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला, शनिबारदेखि केही सुधार हुनेछ, राजनीतिक र नोकरीमा प्रसिद्धि बढ्नेछ, व्यवसायमा अरुको मन जितेर लाभ लिइनेछ, वहानबाट लाभ मिल्नेछ, शुभ अंक ८ र रंग घ्यू कलर हो, विष्णु भगवानको पूजा गरी कार्य गर्नु शुभ मानिन्छ ।

**धनु** : (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)
अप्ठ्यारो स्थिति आउनेछ, कामको बोझ थपिनेछ, नियमित काममा बाधा पुग्नेछ, इर्स्या गर्नेहरु बढ्नेछन्, काममा अवजस पाइनेछ, अरुलाई खर्च बढ्नेछ, शनिबारदेखि नयाँ कार्य थालनी हुनेछ, रिस गर्नेहरुदेखि सजग रहनुहोला, अन्त्यमा फाइदा मिल्नेछ, शुभ अंक ६ र रंग पहेँलो हो, विष्णु भगवानको पूजा गर्दा लाभ मिल्ने देखिन्छ ।

**मकर** : (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी)
प्रियजनसँग भेटघाटले रमाइलो हुनेछ, लगानशिलले फाइदा मिल्नेछ, उपहार प्राप्त हुनेछ, यात्रा गर्ने अवसर जुट्नेछ, शनिबारदेखि स्वास्थ्यमा गडबढी हुनुको साथै व्यवहारिक झमेला आइलाग्न सक्छ, शुभ अंक १ र रंग रातो हो । दुर्गाजीको आरधना गर्नु कार्य सफल रहनेछ ।

**कुम्भ** : (गू,गे,गो,सा,सी,सू,से,सो,दा)
कार्य क्षेत्रमा जोश जाँगर बढ्नेछ, जीवनशैलीमा परिवर्तन आउनेछ, दिगो फाइदा हुने काम जुट्नेछ, परिवारिक जमघट बढ्नेछ, आफन्तमा भने केही फाइदा मिल्ने देखिन्छ, शुभ अंक ९ र रंग निलो हो, भैरवजीको पूजा गरी कार्य आरम्भ गर्नु शुभ मानिन्छ ।

**मीन** : (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची)
अवसर जुटे पनि काममा आँट गर्न नसक्दा चुनौति देखा पर्नेछ, अध्ययनमा सफलता नहुने शनिबारदेखि स्थिति अनुकुल बन्नेछ, व्यापारमा फाइदा मिल्नेछ, आफ्नो कामले अरु प्रभावित हुनेछन्, अप्ठ्यारो चुनौतिलाई सामना गर्ने समय छ, आम्दानीको श्रोत जुट्नेछन्, अन्त्यमा स्वास्थ्यमा ध्यान पुऱ्याउनु होला । शुभ अंक ६ र रंग गुलावी हो, विष्णु भगवानको दर्शन गरी कार्य गर्नु शुभ मानिन्छ ।

## अत्यावश्यक टेलिफोन

### प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |

### अस्पताल

| | |
|---|---|
| वीर अस्पताल | ४२२१११९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| टेकु अस्पताल | ४२५३३९६ |
| मेरो डेन्टल हस्पिटल, गोंगबु | ४३८२२४५ |
| काठमाडौं मेडिकल कलेज, सिनामंगल | २४३६१५२ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नर्भिक हस्पिटल, थापाथली | ४२५८५५४ |
| सुमेरु अस्पताल, धापाखेल | ५२७५३७७/५२७५०८८/५२७५०९९ |
| सुमेरु सिटी अस्पताल | ५४०००००/५४११११११, ५४४४४४४ |
| होम तथा प्रसूतीगृह प्रालि, सामाखुसी | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्युट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| नेपाल मेडिसिटी हस्पिटल, नख्खु, भैंसेपाटी | ४२१७७६६ |
| भरोसा अस्पताल प्रालि, बानेश्वर | २४३४९६८/४४८९८९१ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५ /६ |
| बी.एन्ड.बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल, तीनकुने | ४१११९५७/८५८ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | २४३३५१८/२४३०६१५ |
| ॐ हस्पिटल एन्ड रिसर्च सेन्टर | २४३६२२५ |
| मनोरोग उपचार तथा पुनर्स्थापना केन्द्र, जोरपाटी | ४९१२०४८ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल, भक्तपुर | ६६३१६५८ |
| विनायक अस्पताल तथा प्रसूतीगृह | ४३८३१५२/४३८०८४८ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| सहिद मेमोरियल अस्पताल | ४६७२९३४/६२०८७२ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७०९२३ |
| ओम समाज अस्पताल, कलंकी | ४३१३५९२ |
| ओम समाज डेन्टल अस्पताल, चाबहिल | ४४७३४४४/४४८०८८० |
| स्टार अस्पताल, सानेपा | ५५५०१९७/५५५०१९८ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल प्रालि | ४२४४०२२ |
| एभरेस्ट हस्पिटल,नयाँबानेश्वर | ४७८१२९४/४७८३०२४ |
| काठमाडौं नाक,कान, घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| शुभेच्छा इन्टरनेसनल हस्पिटल | ४२८९५३४/४२८९३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| अल्का हस्पिटल | ५४५१५५५/५४५५५५५ |
| मानसिक अस्पताल | ४४८०१७०/५५२१३३३ |
| बयोधा अस्पताल | ४२८६४२८/४२८१६६६ |
| वेलकेयर हस्पिटल, रातोपुल | ४४२६१३५/४४२६१८४ |
| स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्रीबाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बीपी स्मृति अस्पताल, बसुन्धारा | ४३८७०९४/४३८७०९६ |
| भेनस हस्पिटल, बानेश्वर | ४४९०३३३ |
| आयुर्वेद अस्पताल, नरदेवी | ४२५६८८३/४२५९१८२ |

### एम्बुलेन्स/शववाहन

| | |
|---|---|
| मेडिक्रेयर नेसनल अस्पताल ( एम्बुलेन्स) | ४४६७०६७ |
| श्री सत्यसाई निःशुल्क एम्बुलेन्स/शववहान | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०/९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |

### अन्य

| | |
|---|---|
| दमकल | १०१ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |

# नेपाली खेलाडी विदेशमा चम्कँदै



काठमाडौं । भारतमा अहिले महिला फुटबल लिग सञ्चालन भइरहेको छ । इन्डियन वुमन्स लिग आईडब्लूएलमा नेपाली महिला फुटबलकी गोलमेसिन सावित्रा भण्डारी 'साम्बा' चम्किरहेकी छन् ।

नेपाली राष्ट्रिय महिला टिमकी सदस्य सावित्रा भण्डारी साम्बाले इन्डियन वुमन्स लिग (आईडब्लुएल)मा चौथो ह्याट्रिक गरेकी छन् । साविधाको चार गोल मद्दतमा साविक विजेता गोकुलम केरलाले मंगलबार माता रुक्मिनीलाई ९-० ले हरायो ।

अहमेदावादस्थित शाइवग पुलिस स्टेडियममा भएको खेलमा सावित्राले दुवै हाफमा समान दुई गोल गरिन् । उनले खेलको पहिलो हाफमा सातौं र १२औं मिनेटमा गोल गरेकी थिइन् । त्यसपछि ६८औं मिनेटमा गोल गरि ह्याट्रिक पूरा गरेकी उनले ६९औं मिनेटमा व्यक्तिगत चौथो गोल गरिन् ।

६ मध्ये पाँच खेलमा गोल गरेकी सावित्राले कुल १९ गोल गर्दै सर्वाधिक गोलकर्ताको सूचीमा शीर्ष स्थानमा छिन् । उनी दोस्रो स्थानकी काजल डे सुजा भन्दा १० गोलले अघि छिन् । काजलले ९ गोल गरेकी छन् ।

गोकुलम केरलालका लागि इनुदमथिले दुई तथा शिल्की देवी, डांगमाई ग्रेस र रन्जना चानुले पनि समान एक गोल गरे । समूह ए मा पाँचौं जित निकालेको गोकुलम केरालाले एक खेल अगावै क्वाटरफाइनलमा स्थानसमेत पक्का गरेको छ ।

६ खेल खेल्दा ५ जित र १ बराबरिबाट १६ अंक जोडेको गोकुलम केरला समूह ए को शीर्ष स्थानमा छ । सहभागी १६ टोलीलाई दुई समूहमा विभाजन गरेर लिग लिग खेलाइएको छ । जहाँ दुवै समूहको शीर्ष चार टोली क्वाटरफाइनलमा प्रवेश गर्नेछन् । नेपाली टिमकी अर्की सदस्य रेखा पौडेल सम्मिलित स्पोर्ट्स ओडिसा ६ खेलबाट १२ अंक जोडेर तेस्रो स्थानमा छ । रेखाले अहिलेसम्म चार गोल गरेकी छन् ।

विदेशी लिगमा गएर नेपाली खेलाडी चम्कनु र उच्च प्रदर्शन गर्नु खेलाडी र देशकै लागि राम्रो हो । तर नेपाली खेलाडीहरु आफ्नै देशमा लिग खेल्न नपाउँदा भने दुःखी छन् ।

नेपालको घरेलु फुटबलको संरचना पुरानो शैलीको हुनु र महिला फुटबलको त अझ संरचना नै नहुनुले महिला फुटबलरले प्रतियोगिता खेल्न धेरै कुर्नुपर्छ ।

तर छिमेकी देशहरुमा भने अवस्था फरक छ । भारतमा महिला लिग भइरहेको छ भने बंगलादेशले एसियाकै पहिलो महिला फेन्चाइज लिग फुटबलको घोषणा गरिसकेको छ । उक्त फ्रेन्चाइज फुटवल यही मेमा सुरु गर्ने तयारी छ । जहाँ दक्षिण एसियादेखि विश्वका अन्य देशका खेलाडी समेत आउने त्यहाँका सञ्चारमाध्यमले जनाएका छन् ।

भारत महिला फुटबलमा दक्षिण एसियाकै पावर हाउस हो उपाधि जितेको हिसाबमा । भारत र नेपाल दुवैलाई पराजित गर्दै पहिलो पटक साफ च्याम्पियनसिप जितेको बंगलादेश दक्षिण एसियामै उदाउँदा शक्ति बनेको छ ।

नेपाल भने प्रतियोगिताको केही अघि मात्र तयारी सुरु गरेर उपाधि जित्ने लक्ष्य राख्नमै सिमित छ । घरेलु प्रतियोगिताहरु नहुँदा खेलाडीहरु निराश छन् ।

पहिलो पटक भारतीय लिग खेल्दा उत्साहित भए पनि मिडफिल्डर रेनुका नगरकोटे नेपालमा खेल नहुँदा दुःखी छन् । 'नेपालमा गेम नहुँदा दुःख लाग्छ । तर बाहिर आएर खेल्दा नेपालकरो नाम राख्न पाउँदा नेपालबाट आएको खेलाडी भन्दा खुशी मिल्छ,' किकस्टार्ट एफसीबाट भारतीय महिला लिग खेलिरहेकी रेनुकाले भारतबाटै विभिन्न सञ्चार माध्यमलाई बताउँदै आइरहेकी छिन् ।

नेपालमा पनि नियमित लिग हुने हो भने खेलाडीलाई एस्पोजर मिल्ने र नयाँ खेलाडीहरुले पनि अवसर पाउने उनको विश्वास छ । रेनुका जस्तै पहिलो पटक भारतीय महिला लिग खेलिरहेका सरु लिम्बु, रेखा पौडेल र एन्जिला तुम्बापो पनि उत्साहित छन् । तर विदेशी लिग निश्चित अवधिका लागि हुन्छ । आफ्नै देशकमा लिग वा प्रतियोगिता नहुँदा भने उनीहरुले आफ्नो प्रदर्शन देखाउने अवसर पाउँदैनन् । जसले गर्दा राष्ट्रिय टिमको प्रदर्शनमा पनि असर गर्छ ।

भारतीय महिला लिगमा यस पटक नेपालबाट ६ खेलाडी सहभागी छन् । प्रायः सबै खेलाडीले पहिलो रोजाईमै खेलिरहेका छन् ।

यसअघि भारतीय लिग खेलिसकेका सावित्रा भण्डारी र अनिता बस्नेतसहित नेपाल महिला फुटबल टिमकी कप्तान एन्जिला तुम्वापो सुब्बा, पूर्व कप्तान रेनुका नगरकोटे युवा फरवार्ड रेखा पौडेल र युवा मिडफिल्डर सरु लिम्बु छन् ।

सावित्राले साविक विजेता गोकुलम केरलाबाट खेलिरहेकी छन् । यसअघि सावित्रा र अनिता बस्नेतले खेलिसकेको टिम सेथु एफसीबाट यसपटक कप्तान एन्जिलाले खेलिरहेकी छन् ।

यस्तै रेनुका र सरुले किकस्टार्ट एफसी तथा रेखाले स्पोर्ट्स ओडिसावाट खेलिरहेका छन् । अनिता बस्नेतले भने नयाँ टिम लर्ड्स एफबाट खेलिरहेकी छन् । रेनुका र अनिता बाहेक सबै खेलाडीले पहिलो रोजाईमा खेल्ने अवसर पाएका छन् । यी दुई खेलाडीले वैकल्पिक खेलाडी रुपमा मैदानमा अवसर पाएका छन् ।

सावित्रा गोल मेसिनकै रुपमा देखिएकी छन् । उनले गोल गर्नमा भारतकै स्टार खेलाडीहरुलाई पछि पारेकी छन् । यसले पनि सावित्रा नेपाल मात्र नभएर दक्षिण एसियाकै स्टार खेलाडी भएको प्रमाणित गर्छ ।

सावित्राले तीन खेलमा ह्याट्रिक गर्दा एक खेलमा दुई गोल गरेकी थिइन् । एक खेलमा भने उनी गोलविहिन भइन् । जुन खेलमा गोकुलम केरला मिसाकासँग गोलरहित बराबरीमा रोकिएको थियो । सावित्राले पहिलो खेलमा इस्ट बंगला विरुद्ध ५, दोस्रो खेलमा स्पोर्ट्स ओडिसा विरुद्ध ४ गोल गरेकी थिइन् । तेस्रो खेलमा होप्स विरुद्ध २ गोल गरिन् । यस्तै पाँचौं खेलमा कहानी विरुद्ध ४ गोल गरिन् । सरुले ४ तथा रेखाले ३ गोल गरेकी छन् ।

यस्तै पोष्टमा एन्जिला अब्बल देखिएकी छन् । उनले पाँच मध्ये चार खेल खेल्दा तीन खेलमा क्लिनसिट राखेकी छन् । समग्रमा नेपाली खेलाडीहरुको प्रदर्शन हेर्न लायक नै छ ।

सावित्रा रहेको टिम गोकुलम केरला ५ खेलमा १३ अंकसहित समूहको शीर्ष स्थानमा छ । यही समूहमा रहेको रेखा सम्मिलित टिम स्पोर्ट्स ओडिसा ९ अंकसहित पाँचौं स्थानमा छ ।

समूह बीको शीर्ष स्थानमा रहेको एन्जिला सम्मिलित सेथुले शतप्रतिशत जित निकाल्दै १५ अंक जोडेको छट । सरु र रेनुका रहेको टिम किकस्टार्ट एफसी १२ अंक जोडेर तेस्रो स्थानमा छ ।

अनिता सम्मिलित लर्डस समूह बी मा ३ अंकसहित छैठौं स्थानमा छ ।

यस पटक आईडब्लुएलमा फर्म्याट केही फरक छ । जसमा १६ टिम सहभागि हुँदा ८-८ टिमको दुई समूहमा विभाजन गरेर खेलाइएको छ ।

दुवै समूहबाट शीर्ष चारमा रहने टिम क्वाटरफाइनल प्रवेश गर्नेछन् । यही ८ टिम अर्को सिजनको महिला लिगका लागि सिधै छनोट हुनेछन् ।

छिमेकी देश भारतले विदेशी खेलाडीलाई सहभागी गराइ महिला लिग फुटबल आयोजना गरिरहँदा नेपालमा भने घोषित प्रतियोगिता नै पूरा हुन पाएन ।

२०७७ सालमा अखिल नेपाल फुटबल संघ (एन्फा) ले महिला डबल लिगका आधारमा राष्ट्रिय महिला लिगको सुरुवात गरेको थियो । जसमा तीन विभागीय टोली एपीएफ, त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबसहित नगरपालिकाका टोली गरी कूल ७ टोलीले प्रतिस्पर्धा गरेका थिए ।

भारतदेखि अफ्रिकासम्मका खेलाडीहरु नेपाल आएर खेलेका थिए । जसले महिला फुटबलमा पनि एउटा माहोल बनाएको थियो ।

त्यसैको निरन्तरता स्वरुप २०७८ सालमा पनि महिला राष्ट्रिय लिग सुरु भयो । तर बिडम्बना डबल लिग सिंगल लिगमै सकियो ।

२०७८ फागुन २४ देखि चैत ३० गतेसम्म चितवनमा महिला राष्ट्रिय लिगको पहिलो चरण सम्पन्न भएको थियो । तीन विभागीय सहित ८ टिम सहभागी थिए । २०७७ को लिगको शीर्ष ६ टिम यथावत थिए भने २ नयाँ टिम ललितपुर महानगरपालिका र धनगढी उपमहानगरपालिका छनोट चरण पार गरेर आएका थिए ।

दोस्रो लेग ७ वैशाख २०७८ देखि विराटनगरमा सुरु गर्ने गरी कर्मा छिरिङ शेर्पाको नेतृत्वमा रहेको एन्फाको अघिल्लो कार्यसमितिले विराटनगरमा महानगरपालिकासँग एन्फाले सम्झौता पनि गरेको थियो । तर एन्फा आफ्नै निर्वाचनमा व्यस्त हुँदा मैदानको खेल प्राथमिकतामा पर्न सकेन ।

२०७९ असारमा पंकज विक्रम नेम्वाङको नेतृत्वमा नयाँ कार्यसमिति एन्फामा आएपछि लिग गर्न सकेन । नयाँ कार्यसमितिले भदौ-असोजमा साफ महिला च्याम्पियनसप सकिएपछि एन्फाले महिला लिगको दोस्रो चरण सुरु गर्ने बताएको थियो ।

दोस्रो चरण असोज कात्तिकमा सुरु गर्ने एन्फाले बताए पनि सुरु गर्न सकेन । त्यसपछि झन् पछि धकेलिँदै गयो । अन्तिममा एन्फाले पहिलो चरणकै अंकका आधारमा विजेता घोषणा गऱ्यो । जसको कुनै रौनक नै रहेन ।

पहिलो चरणमा एपीएफले खेलेको ७ वटै खेल जितेर शीर्ष स्थानमा थियो । समान ५ खेल जितेको नेपाल पुलिस र आर्मी दोस्रो र तेस्रो भयो । २०७८ को अन्तिममा पहिलो चरण भएपछि २०७९ सालभर महिला लिग भएन । अहिले एन्फाले जसोतसो पुरुषको शहीद स्मारक ए डिभिजन लिग आयोजना गरिरहेको छ । महिला फुटबलको कुनै चासो नै छैन ।

गत वर्ष भदौमा नेपालले साफ महिला च्याम्पियनसिपमा आयोजना गरेको थियो । तर भारतलाई हराएको नेपाल बंगलादेशसँग फाइनलमा घरेलु मैदानमै पराजित भएर उपविजेता बन्यो । यसमा घरेलु लिग संरचना नहुनु र नियमित खेल नहुनुको पनि दोष रह्यो ।

२०७८ मा नेपालको महिला टिम अन्तर्राष्ट्रिय प्रतियोगिता भने व्यस्तै रह्यो । तर शुन्य जस्तै घरेलु संरचना र ग्रासरुट विना खेलेको नेपालले साफ महिला यू-१५ च्याम्पियनसिपको उपाधि जित्नु बाहेक अन्यमा सफलता पाउन सकेन ।

अहिले भारत र बंगलादेशले महिला फुटबललाई निकै महत्व दिएर अगाडि बढाइरहेको छ । भारतीय फुटबल महासंघले भिजन २०४७ सार्वजनिक गर्दै पुरुष र महिला फुटवल दुवैमा सर्ट टर्म र लङ टर्म लक्ष्य सहित काम गरिरहेको छ । बंगलादेश फुटबल फेडेरेसनले पनि लामो समयदेखि महिला फुटबलमा गरेको लगानीको प्रतिफल अहिले देखिन थालेको छ ।

एन्फा भने बोलीमै मात्र महिला र पुरुष दुवैको साफ च्याम्पियनसिप जित्ने लक्ष्य राखेको छ । तर त्यही अनुसारको लगानी र तयारी गरेको भने देखिँदैन ।

नगरपालिकाको टिम सहभागी हुनुअघि विभागीय टोली र विकास क्षेत्रकै टिमहरु सहभागी महिला लिग हुने गरेको थियो । जसमा तीनवटा विभागनै हावी हुन्थे । यो लिग पछिल्लो पटक सन् २०१८ मा आयोजना भएको थियो । त्यसपछि कोभिड-१९ महामारीले गर्दा महिलाको लिग भएन ।

त्यसपछि एन्फाले फिफाको सहयोगमा दुई चरणको उपमेयर कप गर्दै महिला राष्ट्रिय लिग आयोजना गरेको थियो । नगरपालिकाको टिम सहभागी हुँदा समस्या हुने भन्दै एन्फाको नयाँ कार्यसमितिले फेरि नयाँ शैलीमा महिला लिग फुटबल आयोजना गर्ने तयारी गरेको छ । 'यसअघि नगरपालिकाको टिम सहभागी थियो । तर पालिकामा निर्वाचनपछि नेतृत्व परिवर्तन हुँदा बजेट लगायत विषयमा समस्या भयो', एन्फाले बताएको छ । यसअघि महिला लिगको दोस्रो चरण आयोजना गर्न नसकेको एन्फाले अहिले विभिन्न बहाना बनाएर टाऱ्यो । अब भने एन्फाले महिला फुटबलको लागि नयाँ प्रोसेस सुरु गरेको बताइरहेको छ । 'अब महिला फुटबलमा पनि नगरपालिकाको सट्टा क्लब समावेश गर्ने गरी प्रोसेस भइरहेको छ । यसमा ए डिभिजन क्लबका महिला टिम वा अन्य क्लब समेत हुन सक्ने एन्फाले बताएको छ ।

## आयरल्याण्डले विश्वकप छनोट खेल्ने, दक्षिण अफ्रिका विश्वकपमा छनोट



काठमाडौं । आगामी सेप्टेम्बरमा भारतमा हुने वानडे विश्वकपका लागि जुन-जुलाईमा जिम्वावेमा छनोट खेल्ने १० वटै टोलीको टुङ्गो लागेको छ । जहाँबाट शीर्ष दुई टोली विश्वकपमा छनोट हुनेछन् ।

आईसीसी क्रिकेट विश्वकप सुपर लिगको अन्तिम शृंखलाको पहिलो खेलमा बंगलादेश र आयरल्याण्डवीचको खेल वर्षाले प्रभावित हुँदा नतिजाविहीन बनेपछि आयरल्याण्डले अब विश्वकप छनोट खेल्नुपर्ने भएको छ । यसको फाइदा दक्षिण अफ्रिकालाई भएको छ र दक्षिण अफ्रिकाले सुपर लिगको शीर्ष आठमा रहेर सीधै विश्वकपमा स्थान पक्का गरेको छ ।

१३ टोली सम्मिलित सुपर लिगमा आयोजक भारतसहित शीर्ष आठ टोलीले विश्वकपमा स्थान बनाएका हुन् । पुछारका पाँच टोलीले भने अब जिम्वावेले १० टोली सम्मिलिति छनोट प्रतियोगिता खेल्नुपर्नेछ ।

बंगलादेशसँगको खेल नतिजाविहीन बनेपछि आयरल्याण्डको ७३ अंक छ र ११औं स्थानमा छ । आयरल्याण्डले अब बाँकी दुई खेल जिते पनि आठौं स्थानमा रहेको दक्षिण अफ्रिकालाई भेट्ने छैन । दक्षिण अफ्रिकाको ९८ अंक छ । यदि आयरल्याण्डले बंगलादेशलाई सबै तीन खेलमा हराए नेट रनरेटमा सुधार गरेको भए विश्वकपमा पुग्ने सम्भावना कायम थियो । तर अब त्यो सम्भावना टरेको छ ।

जिम्वावेले आगामी जुन १८ देखि जुलाई ९ सम्म हुने विश्वकप छनोटमा १० टोलीले प्रतिस्पर्धा गर्नेछन् । जहाँ ४ टेष्ट राष्ट्र वेष्ट इन्डिज, श्रीलंका, आयोजक जिम्वावे र आयरल्याण्डसँगै ६ एसोसिएट टोली छन् । चार टेष्ट राष्ट्रसहित सुपर लिग खेलेको नेदरल्याण्ड्स सुपर लिगको अन्तिम पाँच स्थानमा रहेपछि विश्वकप छनोटमा आइपुगेको हो । यस्तै स्कटल्याण्ड, ओमान र नेपालले क्रिकेट विश्वकप लिग टु कोशीर्ष तीन स्थानमा रहेर विश्वकप छनोटमा स्थान बनाएका थिए । यस क्रममा नेपालले अन्तिम १२ मध्ये ११ खेलमा जित निकाल्दै सनसनीरुपमा शीर्ष तीनमा स्थान बनाएको थियो ।

यस्तै अमेरिका र यूएईले क्वालिफायर प्लेअफमा शीर्ष दुई स्थानमा रहेर विश्वकप छनोटमा स्थान बनाएका हुन् । अब यी १० टोलीबीच फाइनल पुग्ने दुई टोली भारतमा हुने वान डे विश्वकपको टिकट काट्नेछ ।

नेपाललगायत एसोसिएट राष्ट्रहरु ठूला टेष्ट टोलीसँग विश्वकप छनोट खेल्न उत्साहित छन् । जहाँ एसोसिएट टोलीले कम्तीमा पनि दुई टेष्ट टोलीविरुद्ध खेल्न पाउनेछन् । आईसीसीले समूह विभाजन गरेपछि कसले कुन टिमसँग खेल्ने टुङ्गो लाग्नेछ ।

विश्वकप छनोटमा सहभागी १० टिमलाई दुई समूहमा विभाजन गरिनेछ । समूह चरणको खेलपछि दुवै समूहको शीर्ष तीन स्थानमा रहने तीन/तीन गरी ६ टोली सुपर सिक्समा प्रवेश गर्नेछन् । सुपर सिक्सको शीर्ष दुई टोली फाइनल पुग्दै विश्वकपमा छनोट हुनेछन् ।



## ६ करोड...

जाँच चलिरहेको छ । पुष्टि भएको छैन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले मंगलबारमात्रै थप दुई जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा काठमाडौं टोखाका रामशरण केसी र मोरङका गोविन्द चौधरी रहेका छन् । यसअघि पक्राउ परेकाहरूले दिएको बयानका आधारमा अनुसन्धान गर्दा उनीहरू पनि यस प्रकरणमा संलग्न रहेको खुलेपछि पक्राउ गरिएको अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले जानकारी दिए । यससँगै यो प्रकरणमा पक्राउ पर्नेको संख्या १२ पुगेको छ ।

प्रहरीले यसअघि पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल' का सुरक्षा सल्लाहकार इन्द्रजित राई, केशव दुलाल, सानु भण्डारी, सागर राई, सन्देश शर्मा, टंककुमार गुरुङ र नेकपा (एमाले० का सचिव एवं सांसद टोपबहादुर रायमाझीका छोरा सन्दीपलाई पक्राउ गरिसकेको छ ।

टोपबहादुर भने फरार छन् । मंगलबार जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले सातदोबाटोस्थित उनको घरमा खानतलासी गरेको थियो । हिरासतमा रहेका अभियुक्तहरूको बयानको आधारमा एकपछि अर्को गरी उच्चपदस्थहरू तानिनेक्रम जारी छ ।

## प्रचण्ड सरकार...

११५ सांसद छन् ।

संसदमा १७५ सदस्य संख्या छ । जसमध्ये २ जना सांसद निलम्बित अवस्थामा छन् । प्रचण्ड प्रधान मन्त्री भएको ५ महिना पुग्न लाग्दा निरन्तर समर्थन घट्दो छ । यसलाई सत्ता संकट बढ्दै गएको रुपमा पनि लिइएको छ । सत्ता गठबन्धन कै मुख्य घटक नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले प्रचण्ड सरकार संकटमा परेको संकेत गरिसकेका छन् । उनले कुनै पनि बेला समर्थन फिर्ता लिन सक्ने चेतावनी सार्वजनिक रुपमै गरेका छन् । यसले पनि सत्ता ढाल्ने खेलको भित्री रहस्य खुल्न थालेको छ । तर, प्रचण्ड डगमगाएका छैनन् झन् आक्रामक बन्दै गएका छन् । आफू सिंह भएको दाबीगर्दै गर्जिएमा स्यालहरुको भागाभाग हुने अभिव्यक्ति दिए ।

## प्रचण्डले ...

तर नरोकिने गरी बढेको छ । योजना बनाउने र बिचौलियाको काम गर्ने मात्र होइन, सरकारकै जिम्मेवार निकायका उच्चपदस्थ व्यक्तिहरू समेत जोडिनुले भ्रष्टाचारको लुकेका तथ्यहरु उजागर भइरहेका छन् । अहिले वहालवाल सचिव टेकनारायण पाण्डे र पूर्वगृहमन्त्रीका सुरक्षा सल्लाहकारसमेत रहेका इन्द्रजित राईसहित ८ जना हिरासतमा छन् । सचिव पाण्डेको बयान लिइरहेको प्रहरी पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीको खोजीमा छ । पकाउ परेकाहरुले दिएको वयानबाट हाइप्रोफलका मान्छेहरुको संलग्नता छर्लङ्ग छ । एमाले भने आफूविरुद्धको क्याम्पियन भन्दै सशंकित छ । सँगै यो घटनामा दोषी भनिएका अन्य दलका हाइप्रोफाइल र विभिन्न भ्रष्टाचार काण्डहरुको पनि छानविनको माग गरिरहेको छ ।

मुलुकमा थिति बसाउने जिम्मेवारी राजनीतिक नेतृत्वको हो । शासन प्रणालीमा सुधारका लागि कानुन बनाउने र कानुनको प्रभावकारी कार्यान्वयन गर्न लगाउने पनि राजनीतिक नेतृत्वले नै हो । तर हाम्रो राजनीतिक नेतृत्व भने थिति विगार्न तिर उद्यत छ । हत्या अभियोग र ठगीको घटनामा प्रहरीले खोजिरहेका व्यक्तिलाई ओत दिने काम राजनीतिक दलको नेतृत्वबाट हुँदै आएको छ । यस्ता किसिमका गतिविधिबाट यो प्रकरण प्रभाव र दवावमा पर्ने त होइन भन्ने शंका पनि उत्तिकै छ ।

भुटानी शरणार्थी प्रकरण नेपालमा भइरहेका भ्रष्टाचारको एउटा नमूना मात्र हो । यसले भ्रष्टाचारको बदलिँदो शैली र संगठित गिरोह फरक क्षेत्र र पृष्ठभूमिका हुन्छन् भन्ने छर्लङ्ग पारेको छ । भ्रष्टाचारको नशा उच्च राजनीतिक तहसम्म जोडिएको तथ्य शरणार्थी प्रकरणले देखाइरहँदा राजनीतिक दलका उच्च नेता र तिनका पत्नीका नाम बाहिर आउन थालेका छन्र । कांग्रेस सभापति शेरबहादुर देउवा पत्नी आरजु राणा र पूर्वगृहमन्त्री बालकृष्ण खाँड, उहाँकी पत्नी मञ्जु खाँडको पनि नाम जोडिएर आएको छर । उनीहरू दोषी होलान्, नहोलान् तर छानबिन होला त ?

नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान कहाँ गएर टुंगिएला ? राजनीतिक दबाबको सामना अनुसन्धानकर्ता निकायले गर्न सक्ला ? यी आमचासोको विषय बनेका छन् । जे होस् भ्रष्टाचारीलाई धेरै पछि त्रस्त पार्ने गरी सरकारले चालेको कदमले मूल्य मान्यतामा चल्नेहरुका लागि नयाँ आशाका किरणहरु देखाउन थालेको छ । प्रचण्डले तेस्रो पटक प्रधानमन्त्री हुँदा महत्वपूर्ण छाप छाड्ने गरी कदम चालेका छन् ।

## कांग्रेसमा ...

नेतृत्वलाई संकेत गर्दै पार्टी संचालनको पद्धति, निर्णयहरूमा आफूले राखेका विषयले प्रवेश नपाएको, पार्टी परिवारवादमा गएको, चाकडी वरिपरी नेतृत्व लिप्त भएको भन्दै नेतृत्वप्रति अतिवादको संज्ञा दिँदै लामो समयसम्म सहेर नबस्ने स्पष्ट पारे । महामन्त्री थापाको अभिव्यक्तिपछि कांग्रेस कार्यकर्ताहरुमा पार्टी फुट्ने त होइन भन्ने संशय उत्पन्न भएको छ । गगन थापाले आफू पेलिएको महशुश गर्दै निकटस्थसँग कडा रणनीति चाल्ने बताइसकेका छन् । पछिल्लो समय देउवाले डा. शेखर कोइरालालाई साथमा लिएर पार्टीभित्र एकलौटी गरिरहेको थापा पक्षको बुझाइ छ । शंका कतिसम्म बढ्दै गएको छ भने मंसिरको चुनावमा प्रत्यक्षतर्फ टिकट वितरण गर्नेदेखि आगामी पार्टी महाधिवेशनमा शेखरलाई आफ्नो समूहको तर्फबाट सभापतिमा समर्थन गर्नेसम्मका आश्वासन देउवाले दिएका छन् । तर, गगन थापाको अभिव्यक्तिप्रति संस्थापन पक्षका कांग्रेस नेताहरु भने हल्का रुपमा लिन्छन् । यो उनीहरुको महाभुल हुनसक्छ ।

कांग्रेसभित्र महाधिवेशनदेखि नै असन्तुष्टी उस्तै छ, त्यसलाई पुर्न पार्टीको विचार, संगठन र नेतृत्वमा सुधारको आवाज उठ्दै आएपनि नेतृत्वले वेवास्ता गर्दै आएको आरोप छ । चौधौं महाधिवेशनपछि पार्टीका कार्यकर्ता तथा शुभेच्छुकले आन्तरिक संगठन, पार्टी सञ्चालनको तरिका, विगतका गरेका गल्तीको मूल्यांकनसहित सुधारका यत्नअनि र नेतृत्वमा आमूल परिमार्जन हुने विश्वास पालेका थिए । तर, महाधिवेशनभएको डेढ वर्षसम्म अवस्था फेरिएको छैन । केन्द्रीय समिति, र कार्यसम्पादन समितिले समेत पूर्णता नपाउँदा असन्तुष्टी बाक्लिएको छ । कांग्रेस संगठन विस्तार भन्दा पनि झनै कमजोर भएको छ । संकट बढिरहँदा किन गगन थापाले चेतावनी दिए पार्टी नेतृत्वलाई ? यो काँग्रेसमा महाभूकम्प आउनु अघिको संकेत हो ।

कांग्रेस संसदको चुनावमा पहिलो दल बनेपनि नेतृत्व झस्किएको छ । स्थानीय नेता कार्यकर्ताले पार्टी छाड्न थालेको र कतिपय छाड्न ठिक्क परेको रिपोर्टहरु देउवासम्म पुग्न थालेको छ । यस्तो अवस्थामा महामन्त्री थापाको अभिव्यक्ति र संस्थापन पक्षको एकलौटीले कतै कांग्रेस फुटको संघारमा धकेलिने त होइन ? कार्यकर्तामा बढ्दो विचलनले कुनैपनि बेला काँग्रेस चीरा पर्न सक्छ । अहिले गएको पहिरोले ठूलै धाँजा बनाउँदै फुट्ने अवस्था सृजना गर्दै लगेको छ ।

## राष्ट्रपतिलाई ...

यो सबै भएको हो । विधेयक हालका राष्ट्रपति रामचन्द्र पौडेलबाट सदर गराउने पहल चलिरहेको छ । यसका लागि उनलाई मनाउन पनि आचार्यलाई मन्त्री दिइएको छ ।

आचार्य लामो समय पौडेलसँग नजिक रहेर काम गरे । पौडेलकै पहलमा उनले कपिलवस्तुमा टिकट पनि पाए । चुनाव जितेका उनले एकै पटक मन्त्री पाउँदा काँग्रेसकै कतिपय नेता आश्चर्य चकित भएका छन् । उनीभन्दा धेरै सिनियर नेताहरु मन्त्री बन्न सकेका छैनन् । तर, आचार्यले बाजी नै मारे । यसमा पौडेलको ठूलै जोडबल छ । आफ्ना मान्छेको संरक्षण गरेर देखाए पौडेलले । उनी विगतमा आफ्नालाई संरक्षण नगर्ने नेताको परिचय बनाएका थिए । तर, राष्ट्रपति भए पछि देउवा र प्रचण्डमाथि दबाब हालेर आफ्नालाई मन्त्री बनाई छाडे ।

कपिलवस्तु क्षेत्र नं २ बाटमा मंसिर ४ को चुनाव जितेको पाँच महिनामै मन्त्री बनेर आचार्यले महत्वपूर्ण राजनीतिक उपलब्धि हासिल गरेका छन् । उनी अघिल्लो चुनावमा प्रदेशमा राज्यमन्त्रीसम्म भएका थिए । आचार्यसहित नेपाली काँग्रेसबाट ९ मन्त्री सरकारमा सहभागी भएका छन् । मन्त्रिपरिषद्मा प्रधानमन्त्री प्रचण्डसहित २३ सदस्य पुगेका छन् जसमा दुई जना राज्य मन्त्री छन् ।

## मन्त्रीमा देउवा ...

आफ्नो समूहमा आफूखुसी गरेका हुन् ।

मन्त्री पठाउँदा देउवाले संस्थापन समूहका र कोइरालाले संस्थापन इतर समूहका अन्य प्रभावशाली नेताहरुलाई 'बाइपास' गरेका छन् । कांग्रेसबाट चार चरणमा मन्त्रीहरु सरकारमा पठाउँदा दुवै नेताले आ-आफ्ना विश्वासपात्रहरुलाई मात्रै पठाएका छन् ।

मन्त्रिपरिषदमा संस्थापन समूहमा रहेका नेताहरु विमलेन्द्र निधि, प्रकाशमान सिंह, डा. शशांक कोइराला र कृष्णप्रसाद सिटौला कसैलाई पनि भाग दिइएको छैन भने संस्थापन इतर समूहले महामन्त्री गगन थापालाई उपेक्षा गरेको छ ।

संस्थापन समूहबाट ५ जना सरकारमा सहभागी हुँदा उक्त समूहभित्र उपसमूहको नेतृत्व गर्ने नेताहरु कसैले पनि भाग पाएनन् । संस्थापन समूहबाट उपसभापति पूर्णबहादुर खड्का, प्रवक्ता डा. प्रकाशशरण महत, एनपी साउद, मोहनबहादुर बस्नेत, रमेश रिजाल र सीता गुरुङ मन्त्री बनेका छन् । उनीहरु पाँचै जना सभापति देउवा निकट हुन् ।

संस्थापनमा उपसमूहको नेतृत्व गर्दै आएका पूर्वउपसभापति निधि र पूर्वमहामन्त्री सिंह आफैं मन्त्रीका आकांक्षी थिए । उनीहरु उपप्रधानमन्त्रीको हैसियतमा पार्टीको नेतृत्व गरेर सरकारमा सहभागी हुन इच्छुक थिए । तर, अन्तिम समयमा देउवाले आफूनिकट उपसभापति खड्कालाई उपप्रधान तथा रक्षामन्त्रीको हैसियतमा पार्टीको नेतृत्व दिएर सरकारमा सहभागी गराएका थिए ।

यस्तै अर्को उपसमूहको नेतृत्व गर्दै आएका पूर्वमहामन्त्री डा. कोइरालाले आफूनिकट सांसदहरु दीपक गिरी र दीपक खड्कामध्ये कुनै एक जनालाई मन्त्री बनाउने प्रयास गरेका थिए । यद्यपि उनले मन्त्रिपरिषदमा भाग पाएनन् ।

अर्का पूर्वमहामन्त्री सिटौलाले राष्ट्रपतिको दौडबाट बाहिरिएपछि काठमाडौं-५ बाट निर्वाचित सांसद प्रदीप पौडेललाई मन्त्री बनाउन जोडबल गरेका थिए । उनले सभापति देउवालाई भेटेरै पौडेललाई मन्त्री बनाउन प्रस्ताव पनि गरेका थिए ।

सिटौलाले 'पब्लिक इमेज' भएका र दुवै महामन्त्रीले सिफारिस गरेका सांसद पौडेललाई मन्त्री बनाउँदा पार्टीले युवालाई अवसर दिएको सन्देश जानेसमेत बताएका थिए । तर, १४ औं महाधिवेशनमा आफ्नै समूहबाट महामन्त्रीका उम्मेदवार रहिसकेका पौडेललाई मन्त्री बनाउन सकारात्मक भएनन् ।

गत पुस ६ गते सम्पन्न संसदीय दलको निर्वाचनमा पौडेल महामन्त्री गगन थापाको पक्षमा उभिएका थिए । समूह छाडेर पौडेल इतर समूहको पक्षमा उभिएपछि सभापति देउवाले उनलाई मन्त्री बनाउन चाहेनन् ।

उता संस्थापन इतर समूहको नेतृत्व गर्दै आएका नेता कोइरालाले समूहको भागमा परेका दुई मन्त्रालयमा महामन्त्री थापासँग सरसल्लाह नै नगरी आफूनिकटलाई मन्त्री बनाए । उनले उपसभापति धनराज गुरुङ र गृहजिल्ला मोरङका सांसद डिगबहादुर लिम्बूलाई मन्त्रिपरिषद्मा पठाए ।

वैशाख १९ मा सभापति देउवालाई मन्त्रीका लागि गुरुङ र लिम्बूको नाम सुम्पिएर कोइराला सिंगापुर उडेका थिए । त्यसको भोलिपल्टै देउवाले कोइरालाले दिएका दुवै सांसदको नाम मन्त्री नियुक्तिका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझाएका थिए । उनीहरुलाई राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख २१ गते शपथ खुवाएका थिए ।

चैत १७ मा गरिएको मन्त्रिपरिषद् विस्तारका क्रममा सभापति देउवाले आफ्नो समूहबाट मात्रै ४ जना मन्त्री पठाएका थिए । उनले उपप्रधानसहित रक्षा मन्त्रालयको जिम्मा दिएर उपसभापति खड्कालाई, अर्थ मन्त्रालयमा प्रवक्ता महतलाई, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रिजाल र सहरी विकास मन्त्रालयमा नेतृ गुरुङलाई पठाएका थिए ।

संस्थापत इतर समूहबाट उपसभापति गुरुङ र मोरङका सांसद लिम्बूको नाम मन्त्री बन्ने सूचीमा थियो । गुरुङ र लिम्बूलाई मन्त्री बनाउने विषयमा देउवा र कोइरालाबीच सहमति पनि भइसकेको थियो ।

तर, महामन्त्री थापाले मन्त्रिपरिषदमा समूहको सम्मानजनक सहभागिता हुनुपर्ने विषय उठान गरेपछि दुवैको शपथ रोखिएको थियो । महामन्त्री थापा सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियार तथा संसदीय दलको निर्वाचनमा आफूलाई सघाएका सांसद प्रदीप पौडेलमध्ये एक जनालाई मन्त्री बनाउनु पर्ने अडानमा थिए । उनको प्रयासमा अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि साथ दिएका थिए । शर्मा पनि संसदीय दलको चुनावदेखि थापाको पक्षमा खुलेका थिए ।

तर, संस्थापन इतर समूहको नेतृत्व गरिरहेका नेता कोइरालाले पछिल्लो समय महामन्त्री थापालाई 'बाइपास' गरेर आफूनिकटका उपसभापति गुरुङ र लिम्बूलाई मन्त्री बनाएका छन् ।

वैशाख २४ गते कांग्रेसबाट सांसद सुरेन्द्रराज आचार्यले महिला तथा बालबालिका मन्त्रालय सम्हालेका थिए । उनलाई सभापति देउवाले राष्ट्रपति पौडेलको कोटामा मन्त्रीका लागि प्रधानमन्त्री प्रचण्डसमक्ष सिफारिस गरेका थिए ।

कांग्रेसले पाएको ९ मन्त्रालयमध्ये सभापति देउवाले संस्थापनबाट ६, संस्थापन इतर समूहबाट २ र राष्ट्रपतिनिकट १ जनालाई मन्त्री बनाउँदा महामन्त्रीद्वयको रोजाइका कोही पनि परेनन् ।

सभापति देउवा र नेता कोइरालाले मन्त्री बनाउँदा एकलौटी गरेपछि महामन्त्रीद्वय थापा र शर्मा असन्तुष्ट छन् । उनीहरुले मन्त्रिपरिषद्का लागि पार्टीबाट नाम पठाउँदा गरिएको एकलौटीप्रति सभापति देउवासँग पदाधिकारी बैठकमै सहमति जनाइसकेका छन् ।

सभापति देउवाले मात्रै नभएर आफ्नै समूहका नेता कोइरालाले समेत मन्त्री बनाउने विषयमा छलफल र परामर्श नगरेपछि सार्वजनिक रुपमै असन्तुष्टि व्यक्त गरिसकेका छन् ।

'कहिले प्रक्रिया चित्त बुझेन, कहिले पद्दति, कति निर्णयहरू मन परेनन्, कति आफूले राखेका विषयले प्रवेश नै पाएनन्, धेरै पटक लाग्यो प्रतिरोध गरूँ, तर हरेक पटक सोचें, म जिम्मेवारी लिएर बसेको छु, एउटा सीमा छ,' उनले वैशाख २४ गते बेलुकी सामाजिक सञ्जालमा लेखे, 'त्यसैले कहिले मौन रहें त कहिले भित्रै आफ्ना मत र अडान राखें, लडें, साथीहरूलाई सम्झाएँ तर अब त अति भयो ।'

## चीनद्वारा ...

लिनुपर्ने वाध्यता छ । पर्यटक आफै भीसाका लागि उपस्थित हुनुपर्छ । अनलाइन आवेदन दिन पनि मिल्दैन । बायोमेट्रिक विवरण दूतावासमै लिने अनिवार्य गरिएको छ । विगतमा यो विवरण सीमा नाकाको अध्यागमन कार्यालयमा बुझाउन सकिन्थ्यो ।

नयाँ नियमअनुसार कैलाश मानसरोवर यात्रामा जाने भारतीय पर्यटक कम्तिमा पाँच जनाको समूहमा हुनुपर्ने र कम्तिमा चार जना भीसाका लागि भौतिक रुपमा नै उपस्थित हुनुपर्ने छ । नेपालीका लागि पनि भीसा शुल्क बढाइएको छ । कोभिड महामारी अगाडि नेपालीले भीसा शुल्क ४२०० रुपैयाँ तिरे पुग्नेमा १३ हजार पुऱ्याइएको छ । तीर्थ यात्रीको भरिया बनेर जानेले ३ सय डलर तिनुपर्ने भएको छ । यसअघि एक सय डलर तिरे पुग्दथ्यो । नेपालीका लागि पनि बायोमेट्रिक विवरण काठमाडौंमै लिनुपर्ने व्यवस्था गरिएको छ ।

भारतीय तीर्थ यात्रीलाई कडाई गरिएपछि नेपालका ट्राभल एजेन्सीहरु निरुत्साहित भएका छन् । नेपालको काठमाडौंबाट ल्हासा हवाई यात्रा हुँदै कैलाश मानसरोवर यात्रा नेपालगञ्ज र सिमिकोटबाट हिल्सा तर्फबाट हुने यात्राको तुलनामा महङ्गो पर्ने गरेको छ । कैलाश मानसरोवरको यात्रा सन् २०१६ यता निकै बढेको छ । तर, चीनले पछिल्लो समय गरेको कडा नियम र बढाएको भीसा शुल्कका कारण यात्रीहरु निरुसत्साहित हुने देखिएको छ ।

कैलाश मानसरोवर यात्रासम्बन्धी ट्राभल एजेन्सीहरुले ६० हजार डलर धरौटी राख्नुपर्ने मापदण्ड समेत चीनले तोकेको छ । हिन्दू धर्मालम्बीको पवित्र तीर्थस्थल कैलाश मानसरोवर यात्रमा चीनको कडाई र शुल्क वृद्धिले नेपालमा यससम्बन्धी व्यवसायी चिन्तित भएका छन् । तर, चीनले यसबारे नेपाली पक्षको कुरा सुन्ला कि नसुन्ला ?चासो बनेको छ ।

## दर्ता नै नभएको ...

त्यसबारे बुझ्न हामीले केही समयदेखि भीआईपी स्पामा रिपोटिङ गर्ने क्रममा एकजना स्टाफसँग नाम नबताउने सर्तमा कुराकानी गर्दा उनले भनिन् 'यो स्पा त कुनै पनि निकायमा दर्ता गरेको प्रमाण पत्र नै छैन ।'

'हाम्रो साउजी त पावर भएको मान्छे हो नि ? उँहाका मान्छे त महानगरपालिका, नगरपालिकामा छन् रे मलाइ कसैले केही गर्दैन भन्दै हुनु हुन्थ्यो' ती स्टाफले निर्धक्कसँग भनिरहेकी थिइन् ।

उनले थपिन् 'त्यसैले दर्ता गर्नु भएको छैन, मेरो नाम भन्नु भयो भने मलाई तपाइले जागीर दिनुपर्छ है उँहा त पावर वाला मान्छे मलाई तुरून्त हटाउनु हुन्छ होला ।'

उनीसँग हामीले अन्य कुरामा पनि चासो राखेपछि उनले भनिन् तपाई पत्रकार होर ? मलाई त शंका लाग्यो है ? अब त सरले थाहा पाएपछि मलाई मार्नु हुन्छ होला ?

तपाई मेरो नाम नलिनु है म त बर्बाद हुने भए उनले भनिन् । हामीले उनलाइ शान्त पार्दै यँहा के-के सेवाहरू छन् नि ? भनेर प्रश्न गरेपछि उनले भनिन् सबै सेवाहरू छन्, तपाइहरूलाई के सेवा चाहिँन्छ भन्नुहोस् पैसा भएपछि सबै सेवा उपल्बध भइहाल्छ नि ।

हामीले के-के हुन्छ नि भनेपछि तपाइले जे चाहानु हुन्छ त्यो सबै पाइहालिन्छ नि ? मात्र पैसाको कुरा त होनि भन्दै खिस हाँसेर उनले फेरि भनिन् तपाइहरूले मलाई बर्बाद बाहेक अरू केही पनि नगर्नु हुने भयो ।

हामी त्यस्तो केही हुँदैन चिन्ता नलिनु भनेपछि ठिकै छ । अब तपाइहरूलाई नभन्ने सबै कुरा भनी सकेकी छु । तर मेरो जागिर गयो भने तपाइहरूले दिनुपर्छ है ? यो मैले अहिले नै भन्दिएकी छु उनले भनिन् ।

हुन्छ यही कारणले तपाइको जागिर गयो भने हामी तपाइलाई जसरी भएपनि जागिर खोजिदिउँला नि हुन र ? उनले हस् भनिन् ।

हामीले त्यति भनिसकेपछि उनि केही प्रफुल भइन् हामीले फेरि सम्वादलाई अगाडि बढायौं यसरी अबैध तरिकामा जोसुकै भए पनि सञ्चालन गर्न पाइदैन नि ? भनेपछि ती स्टाफले भनिन् तपाइहरूले पाइँदैन भनेर हुन्छ ?

हाम्रो सरले संञ्चालन गरिरहनुभएको छ त ? अहिलेसम्म कसैले केही गरेको छैन । के छ मज्जाले पैसा कमाउनु भएकै छ । हामीलाई जागिर दिनु भएकै छ । उहाँ जस्तो नगरपालिकाको पावर भएको मान्छेलाई तपाईहरू प्रमाणपत्र छ कि छैन भनेर सोध्ने काम नगरे हुन्छ उनले भनिन् ।

भीआईपी स्पा एण्ड हेल्थ क्लवको नाममा कसरी अवैध यौन धन्दा संञ्चालन भइरहेको छ, भन्ने कुरा यी स्टापसँगको कुराकानीले हामी सबैलाई स्पष्ट पारिसकेको छ ।

यो बारेमा बुझ्न हामीले पटक–पटक सम्पर्क गर्दा पनि विभिन्न बाहाना बाजी गर्दै संञ्चालक मनि श्रेष्ठले हामीसँग कुरा गर्न समेत मानेका छैनन् ।

हामीले तपाईले सम्बन्धित निकायबाट समेत प्रमाणपत्र लिनुभएको रहेनछ कसरी र कुन आधारमा तपाइले स्पा संञ्चालन गरिरहनु भएको छ भन्दा उनले कुरा गर्न समेत मानेका छैनन् ।

यसरी राज्यलाई नै ठगेर अबैध तरिकाबाट यौन व्यवसाय संञ्चालन गर्नु कानुनको पनि उपहास गर्नु हो । अबैध तरिकाबाट बालबालिको प्रयोग गरी यस्ता क्रियाकलाप गर्नु र गराउनु पनि जाहेज पक्कै होइन ।

हामीले स्पाबारे खबरदारी गर्दै सम्बन्धित निकाएको ध्यानाकर्षण गराउने समेत काम गरिरहेका छौं । करिब २ दर्जनभन्दा बढी बालिकालाई अबैध यौन धन्दामा लगाई मासिक ६० लाख भन्दा माथि अबैध कमाउ धन्दा गर्ने भीआईपी स्पाको नाममा अबैध यौन धन्दा चलाउने मनि श्रेष्ठप्रति सम्बन्धित निकायको आँखा कहिले जाने हो त्यो हेर्न बाँकी छ ।

बौद्ध प्रहरी बृत्त र बौद्ध प्रहरी बीटको नजिकै रहेको सो स्पा सेन्टरमा प्रहरीका हाकिमसहित घुमुवा गई 'हेप्पी इन्डिङ' त गर्छन् नै, माशिक नजरानासमेत लिन गरेको ती कर्मचारीले बताइन् ।

स्पाको नाममा हुने यौनजन्य गतिविधिलाई माशिक बुझेकै भरमा प्रहरीहरुले खुल्लमखुल्ला रुपमा यस्तो धन्दा चलाउन दिने हो भने समाजमा विकृति मौलाउँदै जाने स्थानीयले गुनासो पोख्ने गरेका छन् ।

### यस्तो छ सर्वोच्चले जारी गरेको निर्देशिका

सर्वोच्च अदालतले २०६५ मा जारी गरेको निर्देशिकामा मनोरन्जनको क्षेत्रमा काम गर्ने कामदार,ग्राहक र साहुले अपनाउनु पर्ने नियमको बारेमा उल्लेख छ ।

सो निर्देशिकालाई कार्यान्वयन गराउन प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा अनुगमन तथा कारवाही समिति समेत गठन भएको थियो ।

महिला विकास कार्यालयको मातहतमा गठन गरिएको सो समितिले केही समय क्रियासिल ढंगबाट काम गरेपनि संघीय संरचनासँगै महिला विकास कार्यालय खारेज भएपछि सो क्षेत्रमा हुने अवैध गतिविधि माथि कडा निगरानी हुन सकेको देखिदैन ।

पछिल्लो समय नेपाल प्रहरीले २०७५ सालमा स्थापना गरेको मानव बेचविखन ओसारपसार व्युरोले २०७६ साल बैशाखदेखि काम सुरु गरेयता राजधानीभित्र हुने आन्तरिक बेचविखनका घटनामा केही कमि देखिए पनि अहिले खासै चासो दिएको देखिदैन्।प्रहरीले गैरसरकारी संघ-सस्थासँग पनि सहकार्य गर्दै आएको छ ।

यति हुँदा हुँदै पनि राजधानीका विभिन्न ठाउँमा रहेका मसाज र स्पामा बालिका तथा किशोरीलाई नियुक्तिपत्र विना काममा लगाउने,तलब नतोकी कमिसनको भरमा काममा लगाउने, ग्राहकको ईच्छा अनुसार काम गर्न बाध्य बनाउने गरिन्छ ।

मसाज र स्पामा काम गर्ने बालिका तथा किशोरी सानै उमेरमा यौन हिंसामा पर्छन् तर आफूलाई परिवार र साथीभाईले के भन्लान् भन्ने डरमा आफ्नो वास्तविकता लुकाउँदा विस्तारै यौन कार्यमा लाग्न बाध्य भएको पाइन्छ ।

### यस्तो छ ऐनमा व्यवस्था

मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रण ऐन २०६४ मा कुनै प्रकारको फाइदा लिइ वा नलिइ वेश्या वृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखन तथा ओसार प्रसार गरेको मानिने उल्लेख छ ।

ऐनले वेश्या वृत्तिमा लगाउने वा शोषण गने उद्देश्यले कुनै प्रकारले ललाई,प्रलोभनमा पारी, झुक्याइ कसैलाई बसिरहेको घर,स्थान वा व्यक्तिबाट छुटाइ आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने कुनै स्थानमा राख्ने वा नेपालभर एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा विदेश लैजाने वा अरु कसैलाई दिने कार्यलाई निषेध गरेको छ ।

कुनै प्रकारको फाइदा लिइ वा नलिइ वेश्या वृत्तिमा लगाउने कसुरको मात्रा अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना र वेश्यागमन गर्नेलाई एक महिनादेखि ३ महिना कैद र २ हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धि विद्यमान मुख्य कानुनी व्यवस्थाहरुः सरोकारवाला निकाय नेपालको संविधान २०७२ मा मौलिक हक र कर्तव्यको रुपमा र नागरीक सुरक्षा नीतिमा समेत उल्लेख गरेको छ ।

त्यस्तै मुलुकी अपराध (संहिता) ऐन, २०७४। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ । श्रमजीवि महिलाहरूप्रति डान्स रेस्टुरेन्ट, डान्स बार,मसाज,स्पा जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ ।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण)ऐन २०६४ र नियमावली २०६५का मुख्य व्यवस्थाहरुमा दण्ड तथा सजाय सम्बन्धि,क्षतिपूर्ति सम्बन्धि, गोपनीयता सम्बन्धि, पिडितको बयान प्रमाणित गराउने व्यवस्था एवं पीडकलाई पक्राउ गर्न वा खानतलासी लिन सकिने व्यवस्था गरिएको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रमुख समन्वयकारी निकायहरूमा महिला,वालवालिका तथा समाजकल्याण मन्त्रालय,मानव वेचविखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति, मानव वेचविखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति,मानव वेचविखन तथा ओसारपसार नियन्त्रण कार्यदल-उपसमिति मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय सयन्त्रहरु सक्रिय छन् ।

त्यस्तै मानव बेचबिखन ऐन २०६४ अन्तर्गत (दफा ४ )मा अरुलाई वेश्यावृत्तिमा लगाउनेलाई कारबाही गर्ने कुरा उल्लेख छ। यो केवल राष्ट्रिय दण्ड (संहिता) ऐन,२०१७ को खण्ड ११९ र १२० हो जसले वेश्यावृत्तिको लागि अनुरोध गर्न निषेध गर्दछ ।

कुनै व्यक्ति वेश्यावृत्तिमा संलग्न भएमा वा कसैलाई संलग्न गराएमा तीन वर्ष कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने ऐनमा उल्लेख छ। यसैबीच ऐनको दफा १२० ले कुनै पनि व्यक्तिले जानीजानी आफ्नो घर, जग्गा वा यातायातका साधन उपलब्ध गराउन नहुने ऐनमा उल्लेख गरेको छ ।